मानवको लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

पात्ती

संचेतना द्वैमासिक

अंक २०
मिति २०५४

लालुप्रसादहरुबाट सावधान

कथित बोक्सीको खोजी
मध्ययुगीन बर्बरताको सिलसिला

मूल्य रु. १०/-

सरस्वतीको मृत्युले दिएको झट्का

कथित धमिनीले सरस्वतीलाई बोक्सी लागेको ठहर्‍याइन र त्यही बेला देखि उपचारका नाममा उनलाई यातना दिन थालियो। डाडू र पन्यु तताएर सरस्वतीको पिठ्यूँ देखि पिंडौलासम्म डामियो। उनको ओठ डामियो। छालाको पेटीले कुटियो र रगत नछादुन्जेल एक थोपा पानी सम्म दिइएन।

सरस्वतीलाई त्यसैगरी २६गते राती पनि यातना दिइयो। यातनाका रूपहरू ज्यादै डरलाग्दा थिए। उनलाई खुर्सानीको धुवाँमा सास फेर्न समेत लगाइयो। मातातीर्थ औंशीका अवसरमा काभ्रेबाट छोरीलाई भेट्न आएकी उनकी आमा विष्णुमाया धिताल पनि उनलाई कथित धमिनी कहाँ पुर्‍याउने क्रममा मैतीदेवी पुगेकी थिइन। तर छोरीलाई अनेक यातना दिन थालिए पछि उनी विचलित हुन थालिन। त्यतिबेला उनको चिन्ता र सरस्वतीको पीडाको वास्ता गर्ने त्यहाँ कोही थिएन।

उनको शरीरमा रक्तअल्पता भइ सकेको थियो। अक्सिजन र रगत उनलाई लगातार दिइयो। तर यातनाको चोटले उनको शरीर थिलथिलो भएको थियो। पीडा असैह्य थियो-उनको शरीरमा। मृत्युले मात्र उनलाई पीडाबाट मुक्ति दिन सक्यो।

"बोक्सी विद्या हुने भए त हामी पनि हुने थियौं बोक्सी"

प्रतिभा सुवेदी, सशी श्रेष्ठ, डा. शान्ता थपलिया र डा. अरुणा उप्रेती

सबैतिर ज्यूँदो छ मध्ययुगीन अवशेष

१२ युग बदलिए पनि मानिसका अन्धविश्वासहरू कायम छन्, आज पनि "वीच हण्ट" जारी छ। तर मध्ययुग देखि आजसम्म कसैले पक्रन सकेको छैन बोक्सी। बोक्सी वास्तवमा कस्ती हुन्छे कसैलाई थाहा छैन।

बोक्सीलाई कसैले पक्रन सकेको छैन। बोक्सी वास्तवमा कस्ती हुन्छे कसैले देख्न पनि सकेको छैन। किनकी बोक्सी भन्ने कुरै हुँदैन। हुँदै हुँदैन बोक्सी भन्ने कुरामा आजका प्रगतिशील मानिसहरू विश्वस्त छन्। हाम्रो जस्तो देशमा त्यस्ता विज्ञानसंगत सोच भएका प्रगतिशील मानिसहरूका सामु चुनौति बनेर उभिएको छ बोक्सीको नाममा फैलिएको अन्धविश्वास।

वृद्ध, अशक्त र रूपविहिन महिलाहरू नै बोक्सी कहलाउँछन्। ईश्वरपुर गाविस-३, सर्लाहीकी पचास वर्षीया समरीया देवी महतो नूनियाले पनि ०५२ जेठ १५ गते जीवनको सबभन्दा नराम्रो दिन देख्नु पर्‍यो। त्यस दिन गाउँका सबै जातिका चल्तापूर्जा मानिसहरूले उनी एक्ली महिलामाथि संयुक्त आक्रमण गरे। उनलाई बेस्सरी कुटियो। उनको कपडा पनि च्यातचुत पारियो।

वर्ष ५, अंक ४/५, फागुन ०५३-बैशाख ०५४ / जुन १९९७

लालु यादवहरुबाट ... / प्राचीको कसी - ३
महानगरका खाते / आत्माराम शर्मा - ४
जनआन्दोलनकारीहरुद्वारा पहिलै आफ्नै आत्मसमीक्षा .../ सुशील-प्रकाश - ५
राजधानीको मुटुमा .../कुन्दन अर्याल - १०
के नागरिकता .../ टेकबहादुर विश्वकर्मा - २९
संयुक्त राष्ट्र संघले देशभित्रको समस्या हल गर्दैन / एड्रिन क्लाउड जोलर - २६
पाठक सरोकार - २७
जल्दोबल्दो फुच्चे नेपाल / मनु ब्राजाकी - २८
मानवअधिकार सामान्य ज्ञान - ३०
प्राची सर्वोच्च अदालत र संसदमा - ३१
र, कृपया क्षमा गर्नोस् / पार्टीको नाम / विवश वस्ती - ३२

संस्थापक : सुशील-प्रकाश
सम्पादक - कुन्दन अर्याल
सह-सम्पादक - आत्माराम शर्मा
ले-आउट/आवरण-किरण माली
व्यवस्थापन - समीर नेपाल
यस अंकका विशेष सहयोगीहरु
वासु क्षितिज, गोविन्द त्रिपाठी, प्रेक्षा ओझा, विवश वस्ती, लेखनाथ भण्डारी, इश्वरी ज्ञवाली, अरुण क्षितिज
मुद्रक - इन्द्रेणी अफसेट, बागबजार
पत्राचार
पत्र मञ्जुषा २७२६, काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

निरंकुशताको संविधान मिच्नेहरूले प्रजातन्त्रको संविधान बनाए। तर तेही बेलादेखि मिचाहा बानी बसेको नेपाली कांग्रेसले अहिले बहुदलीय व्यवस्थाको ऐन कानून पनि मिच्ने नै काम गरिरहेको छ।

– प्रदिप नेपाल, नेकपा (एमाले) का केन्द्रीय सदस्य
प्रतिपक्ष साप्ताहिक ०५३ माघ २५ गते

माओवादीहरूको समस्या राजनीतिक र सामाजिक समस्या हो। त्यसो हुनाले यसलाई राजनीतिक ढंगले वार्ताबाट हल गर्न प्रयत्न गर्नु पर्छ।

– माधव नेपाल, नेकपा (एमाले) का महासचिव
बुधवार साप्ताहिक, ०५३ चैत १३ गते

मानवअधिकारको हननमा सबैभन्दा अगाडि स्वयं प्रजातान्त्रिक परिपाटीबाट सत्तामा पुगेको सरकार नै देखिएको छ भने जनताको पक्षबाट पनि मानवअधिकारको सम्मान र पालना पूर्णतया भइसकेको छैन। इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ लाई हेर्ने हो भने नेपालमा अहिले पनि मानवअधिकार हनन गर्नमा सबभन्दा अग्रणी नेपाली कांग्रेसको सरकार नै देखिएको छ।

– सम्पादकीय
श्री सगरमाथा ०५३ चैत २९ गते

स्वतन्त्र न्यायपालिकाको अवधारणालाई सशक्त निष्पक्ष तथा निर्भिक तुल्याउन र कानूनी राज्यको सुदृढिकरण गर्न न्यायाधिश र कानून व्यवसायीहरू संयुक्त रूपमा क्रियाशील हुनु पर्छ।

– प्रधान न्यायाधीश त्रिलोकप्रताप राणा
हिमालय टाइम्स, ०५४ वैशाख १६ गते

भूटानमा राजनीतिक पार्टीहरूलाई वैधानिक मान्यता दिएर आम निर्वाचन गराउने हो भने उनानसय प्रतिशत भूटानीहरूले प्रजातन्त्र र स्वतन्त्रताको पक्षमा आफ्नो मत जाहेर गर्ने छन्।

– युनाइटेड फ्रन्ट फर डेमोक्रेसी इन भूटानको प्रेस विज्ञप्ति
०५४ वैशाख २५ गते

समाजमा रहेका सबै तह, तप्का र पेशामा संलग्न व्यक्तिहरूले आफ्नो पेशालाई सम्मानीत तुल्याउनु पर्छ। कुनै पनि पेशा, व्यवसायलाई सम्मानीत तुल्याउन त्यसमा कार्यरत व्यक्तिहरूको भूमिका हुन्छ। प्रेसको मूल्य पत्रकारहरूले मात्र जोगाउन सक्छन् र यही मूल्य, मान्यताप्रतिको उनीहरूको प्रतिवद्धताले नै प्रेस स्वतन्त्र हुनसक्छ।

– सम्पादकीय
समकालीन साप्ताहिक, ०५४ वैशाख २६ गते

कुन्दन अर्याल

लालु यादवहरुबाट सावधान

जनआन्दोलनको खुट्किलाबाट मन्त्री बन्न पुगेका मार्शल जुलुम, केही दिनमै गणेशमानको नाकमा गन्हाए । के उनी लालु यादवका नेपाली संस्करण होइनन् ? लालु यादवहरु प्रशस्त जन्मिएका छन्, वहुदलीय व्यवस्थाको पुनः स्थापना पश्चात हिजोसम्म विक्रम टेम्पो चढ्ने र आज आलिशान महलमा विराजमान हुने जेल-नेल वा भूमिगत राजनीतिको इतिहासका धनी सबै महानुभावहरु लालु यादवका नेपाली अवतारहरु हुन् ।

लालुप्रसाद यादव! भारत विहारका लालुप्रसाद यादव यतिखेर भयानक संकटमा फसेका छन्। नौ करोडको भ्रष्टाचार काण्डको नायक उनलाई नै ठानिएको छ। तैपनि उनी भन्दैछन्- म मुख्यमन्त्रीको पदबाट कुनै हालतमा राजिनामा दिन्न। लालु यादवको विरूद्धमा भैंसी ज्याली निकालिदैछ, खसी-बाख्रालाई सडक-जुलुसमा उतारिएको छ। पशु आहार सम्बन्धी घोटाला प्रकरणमा उनी मुख्य अभियुक्त ठहरिएका छन्। तर लालु यादव छन् दृढ। कुर्सी कुनै हालतमा नछोड्ने अठोट गरिरहेका छन्- लालु यादव।

लालु यादव विहारी! हामीलाई कुनै मतलब नहुनु पर्ने हो उनको मामिलासंग। तर अलिकति भए पनि ध्यान दिएर हेर्नोस् त्- तपाई हाम्रो दायाँतर्फ एकजना, वायाँतर्फ अर्को एकजना र अगाडि-पछाडि एक-एक जना लालु यादवहरू छैनन् र?

शुरूवातमा मार्क्सवादबाट प्रेरित भएर राजनीतिमा ओर्लिएका थिए- जयप्रकाश नारायण। पछि उनी समाजवादी भए। त्यसपछि उनी राजनीतिभन्दा टाढा सन्त विनोवा भावेको सर्वोदय आन्दोलनमा सहभागी हुन पुगे। जयप्रकाश राज्यसत्तालाई शक्तिशाली बनाउने पक्षमा थिएनन्। उनी सधैं प्रतिपक्षमा रहे। सत्ता सुख उनले चाहेनन। तर जीवनको उत्तरार्द्धमा उनले पुनः राजनीतिक नेतृत्व नसम्हाली सुखै पाएनन्। उनकै नेतृत्वमा संचालित जनआन्दोलन पश्चात कांग्रेसको तीस दशक लामो एकछत्र राजको अन्त्य भयो। इन्दिरा गान्धीले धरातलमा ओर्लिनु पर्‍यो।

लालु यादवको राजनीतिक उत्थान जयप्रकाश नारायणको इमान्दार अनुगामीका रूपमा भएको थियो। संघर्षशील र जुझारू व्यक्तित्वका कारण लालु यादव अल्पअवधिमै निकै सफल भए। उनी मुख्यमन्त्रीको कुर्सीमा पुगे। तर, आज उनी संकटमा छन्। जीवनभर प्रतिपक्षमा रहने, राष्ट्रपति र प्रधानमन्त्रीको पद समेत लोभ नगरी त्याग गर्ने जयप्रकाशका अनुगामी सत्ताको कुर्सीमा जुका झैं टाँस्सिएका छन्। उग्र सत्ता मोहका कारण उनी सबैतिर निन्दित भएका छन्। पहाडजत्रो भ्रष्टाचारका कारण उनी जन-जनमा बद्नाम भएका छन्।

लालु यादवको बिगत भने यस्तो हैन। इन्दिरा गान्धीको आपतकाल भन्दा केही अगाडिको अवस्था। त्यतिखेर लालु यादव विद्यार्थी नेता थिए। "यहाँ लोकतान्त्रिक प्रक्रियाके घाँटी रेटिदै छ, यस्तो अवस्थामा हाम्रो युवा वर्ग अल्छी हुन सुहाउँछ र?" जयप्रकाश सर्वोदयबाट सक्रिय राजनीतिमा ओर्लिएर यस्तो आह्वान गरे। लालु यादव पटना विश्वविद्यालय छात्र संघको अध्यक्षको हैसियतले आन्दोलनमा दौडधुप गर्न लागे।" लोकतन्त्रका लागि युवा विषयमा उनी जयप्रकाशको भाषण समारोहहरूको आयोजना गर्न थाले।

लालु यादवकै पटना विश्व विद्यालय छात्रसंघले झण्डै ६ दर्जन महविद्यालयका अठाई सय प्रतिनिधिहरूको सभागितामा भव्य सम्मेलनको आयोजना गर्‍यो। विद्यार्थीहरूले सरकार समक्ष कैयन माग शुरू अघि सारे। संघर्ष समितिका नेतृत्व मण्डलीका बाह्र सदस्य मध्ये लालु यादव पनि एक थिए। त्यही बाह्र सदस्यीय समितिका बाँकी एघार जना समयान्तरमा कहाँ-कहाँ गए। तर लालु यादवको उन्नती भइरह्यो।

लालु यादव विश्वविद्यालयका छात्रहरूसंग विधान सभा भवन घेर्न जान थाले। त्यही क्रममा शहरमा कर्फ्यु लाग्यो। "शुट एट साइट"को घोषणा गरियो। कैयनको ज्यान गयो। त्यस्तै वातावरणमा लालुप्रसाद यादव आन्दोलन भड्काएको अभियोगमा गिरफ्तारीमा परे। आज बाइस वर्षपछि लालु यादव स्वयं विद्यार्थीहरूबाट पनि घेरिएका छन्। के इतिहास दोहोरिन्छ भनेको यही हो? हिजो विद्यार्थी आन्दोलनमा सरिक हुने लालु आज किन उनी भन्दा पछिका विद्यार्थी नेताको उनकै पार्टीका कार्यकर्ताहरूद्वारा क्रुरतापूर्वक हत्या गरिंदा पनि मौन छन्? अझ उनी विद्यार्थीहरू किन माथि दमन चक्र चलाइरहेका छन्?

लालु यादव जीवनको पचासौं वसन्तमा अर्को वर्ष प्रवेश गर्दैछन्। तर गरीब किसान परिवारमा जन्मिएका लालु यति चाडै यो उचाईमा पुग्लान् भन्ने उनले पनि सोचेका थिएनन् होला। गरीवीका दिनहरूमा उनी टाउकोमा भारी बोक्थे। गोठालो परिवारमा जन्मिएका आफ्नै विद्रोही स्वभावका कारण लालु अन्यायपूर्ण परिवेशका मुक्ति योद्धाका रूपमा परिचित हुन थाले। उनी तल्लो जातिका भनिने हिन्दू, अल्पसंख्यक मुसलमान सबैका प्रिय बन्न थाले। उत्पीडित र पिछडिएका धेरै मानिसहरू प्रिय भए पछि भने उनी गोठालोबाट भगवान कृष्ण बन्न पुगे।

उनीसंग जेल जीवनको इतिहास छ। जेल जीवनमै कारण उनले घरको कैयन खुसीबाट विमुख भएका थिए। इन्दिरागान्धीको दमनचक्रमा परी जेलजीवन बिताइ रहेको अवस्थामै उनलाई पुत्रीलाभ भएको थियो। उनकी पत्नी आज पनि दाउराकै चुलोमा आफै आना पकाउँछिन्। उनी आफ्नी पत्नीले काम गरिरहेको पत्रकारहरूलाई देखाउँछन्। उनका नातेदारहरू आज पनि सामानय भन्दा सामान्य नोकरीहरूमा छन्। तर उनी स्वयंको मानसिकता वाइस वर्ष अघिको लालु यादवको जस्तै छ त?

पट्टकै छैन। बितेका वर्षहरू उनका लागि तुफानी वर्षहरू रहे। दुई-दुई पटक उनी विहारको मुख्यमन्त्री बने। भारतीय जनता पार्टीको रथ यात्रा रोकेर उनी धर्मनिरपेक्ष नायक बने। चाकडी वाजहरूले उनको तारिफमा पुल बाँधे- लालु यादवमा नेपोलियनको जस्तो हिम्मत र विर्स्माकको जस्तो चातुर्य छ। कुनै बेलाका गरीव र उत्पीडितहरूका देहाती नायक अब आफूलाई कृष्ण भगवान ठान्दछन्। तर उनी जति जति ठूलो भगवान बन्दैछन्- जनताबाट उति-उति विरोध आलोचना र प्रहारको सामना गर्दैछन्।

के लालु यादवहरूको नियति यस्तै हो। जनताको पक्तिद्वारा नयाँ-नयाँ लालु यादवहरूको उत्थान हुन्छ। अनि शक्तिबाट भने लालु यादवहरू परिक्षित हुन सक्दैनन्। आशाले नयाँ लालु यादवहरूको मुहार निहाल्नु। निराशाका साथ शक्तिमा पुगेका लालु यादवहरूको प्रहारका घुट्काहरू पिउनु। के जनताको नियति यस्तै हो?

जनआन्दोलनको खुट्किलाबाट मन्त्री बन्न पुगेका मार्शल जुलुम, केही दिनमै गणेशमानको नाकमा गन्हाए। के उनी लालु यादवका नेपाली संस्करण होइनन्? लालु यादवहरू प्रशस्त जन्मिएका छन्, वहुदलीय व्यवस्थाको पुनः स्थापना पश्चात हिजोसम्म विक्रम टेम्पो चढ्ने र आज आलिशान महलमा विराजमान हुने जेल-नेल वा भूमिगत राजनीतिको इतिहासका धनी सबै महानुभावहरू लालु यादवका नेपाली अवतारहरू हुन्।

हेर्नोस् त! जो लालु यादवहरू तपाईका वरिपरि छन्, तिनीहरूलाई तपाई चिनी रहनु भएको छ कि छैन? सजिलो पनि छ, गाह्रो पनि छ लालु यादवहरूलाई चिन्न। लालु यादवहरू सधैं जनताकै कुरा गर्छन्। तर कुनै न कुनै दिन लालु यादवहरू आफ्नो खास परिचय प्रस्तुत गर्न बाध्य हुन्छन्। तपाई भने लालु यादवहरूलाई बेलैमा चिन्ने प्रयास गर्नोस्। सावधान! लालु यादवहरूबाट।

महानगरका खाते

आत्माराम शर्मा

खाते भाइहरू उठ
माहानगरका नागरिक हो उठ
हाम्रो मान र दर्जा बढ्यो
हामी माहानगरका खाते भयौं
यो खुशीको वार्षिक महोत्सवमा
खाते कालु, तिमी दाउरा खोज्न जाउ
म मुढो सल्काउँछु,
तिमी कन्टेनरमा तरूल, पिडालु र आलु खोज
म पोलेर भोज गर्छु।

आज हामी गीत गाऊँ
संगसंगै खुशीले नाचौ / रमाऊ
शासकदेखि डराउनु पर्दैन
उनीहरू खुशीले मातेका छन्
हामी पनि निस्फ्रिक्कीसंग
मातेर भोज खाऊ।

यो अन्धकार रात,
यी रित्ता सडक,
घायल यो बस्ती आज हाम्रो हो।
प्रिय मित्र!
कालु, कान्छा, खाते माइला आऊ,
यो जाडो रात, सडक र देश उपभोग गरौ।

खुशीले माल्न अप्ठेरो नमान
मनका पीडा र कथा नसम्झ
हामी! मात्र आजको कुरा गरौ
नेता, शहीद, आन्दोलन र प्रजातन्त्र
यी सब आज बन्द गर।

खाते कान्छा! तिमी नटोलाऊ
टाढा नवस अलि नजिक आऊ
तिमी आगो फूक!
म दाउरा मिलाएर हाल्दछु।

खाते मित्रहरू,
के सोचेर घोरिएका
नसम्झ मनका पुराना घाऊ
बिर्स पाहाडका सुख दुःख र चोटहरू
नसम्झ हाम्रो अस्तित्व र अधिकार
आज खुशीको दिन
भन के-के खाने हो भन
सेकुवा, कचेला र पकौडा
चाडो गर छिटो खानु पर्छ।
दिन नखसेसम्म यो रात हाम्रो हुने छ।



जनआन्दोलनकारीहरूद्वारा पहिले आफ्नै आत्मसमीक्षा गरौं

सुशील-प्रकाश

हरेक वर्ष चैत २७ गतेको दिन हामीलाई टुडिखेलको जनसागरको सम्झना आउने गर्दछ। जहाँ हाम्रा वाममोर्चा र नेपाली कांग्रेसका नेताहरूको गर्जन भएको थियो। र जुन दिन राती राजाले बाध्यताबस् भनौ वा जन आन्दोलनको दबाब अघिल्लो दिनले गर्दा हाम्रा नेताहरूसंग वार्ता गर्न बाध्य हुनु परेको थियो। र यो उल्लासमय दिन, र यो दिन ल्याउनका लागि हामी मानवअधिकार कर्मीहरूको पनि योगदान थियो। हामी पनि लागेका थियौ भन्ने कुरो मैले भनेको हैन हाम्रा देशका दुईजना हस्ती मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइरालाबाट सुनिसकेका छौं। तर डिल्लीरमण रेग्मीबाट सुनिसकेका छौं। प्रजातन्त्र र मानवअधिकार यो दुईवटा संगसंगै जान सकेन भने देशमा नत प्रजातन्त्र रहन्छ नत मानवअधिकार नै। त्यसप्रति हामी मानवअधिकार कर्मीहरू ज्यादै सचेत छौ। त्यसैले नै इन्सेकले प्रजातन्त्रप्रतिको आफ्नो दायित्वलाई पूरा गर्ने, आफ्नो कर्तव्यलाई पूरा गर्ने र मानवअधिकार प्रतिको आफ्नो दायित्वलाई पूरा गर्ने क्रममै देशका दुईवटा शक्तिका नायकहरूलाई एउटै मञ्चमा निम्त्यायो। सुखद कुरो के हो भने दुई जना आ-आफ्नो पार्टीको नेतृत्व गरिरहनु भएको छ। ती दुईवटा हस्तीलाई नेपालमा मानवअधिकारको स्थिति प्रजातन्त्र अघि र पछि विषयक प्रवचन कार्यक्रममा निम्त्यायो। त्यहाँ उहाँहरूले भनेको कुरो साच्चै हो कि हैन, त्यसको जज, त्यसलाई हेर्ने काम, उपस्थित प्रवुद्ध व्यक्तित्वहरूले मात्रै हैन, देशका मुर्धन्य अर्का नेता डा. डिल्लीरमण रेग्मीले पनि गर्नुभयो। ८४ वर्षको उमेरको एक जना बृद्ध नेताको अघिल्तिर गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीले यहाँ आत्मा के आलोचना गर्नु भएको छ - हामीले गल्ती गऱ्यौं र हाम्रो गल्तीले गर्दा नै यो सारा विकृतिको उपज हो। त्यसले म उहाँहरूसंग विनम्रता पूर्वक, नतमस्तक भएर के अनुरोध गर्न चाहन्छु भने यो तपाईहरूको आत्मा आलोचना भोलिको लागि मार्गनिर्देशक बनोस् फेरी पनि ५४ सालको चैत २७ गते यही हलमा आएर फेरी यी हामीले हाम्रा नेताहरूको, यी वृद्ध नेताहरू आत्मा आलोचना सुन्न नपरोस्। यो मेरो उहाँहरूप्रति विनम्रता पूर्वक अनुरोध हो। यो कुनै हुँकार हैन।

> **मलाई याद आइरहेको ती दिनहरु, जुनदिन हामीहरुले लोकेन्द्र बहादुरको नेतृत्वमा बनेको सरकारलाई आन्दोलनकारी शक्तिहरुले अस्वीकृत गरेको थियो। पूरै अस्वीकृत गरेको थियो। त्योसंग वार्ता गर्न तयार भएको थिएन। तर आज तिनै तत्वहरु प्रजातन्त्र पछिको पहिलो प्रधानमन्त्री म हुँ भनेर दावी गर्दैछन्। यो दुखद कुरो हो। यो कुरोको खण्डन बडो दुखका साथ गर्नु परेको छ कि यसको खण्डन इन्सेक जस्तो एउटा मानवअधिकारवादी संस्थाले मात्र गरिरहेको छ।**

मानवअधिकारको लडाईंमा उहाँहरू सधै नै अगाडि प्रजातन्त्रको लागि देखा पर्नु होस्। त्यहाँ मानवअधिकारको स्थापनाको लागि हामी पनि लागेका छौं। र म के कुरामा पनि जोड दिन चाहन्छु भने प्रजातन्त्रका योद्धाहरूले नेतृत्व गरिदिनोस्। उहाँहरूले यो देशको प्रजातन्त्रलाई अगाडि बढाई दिनोस्। हामीलाई थाहा छ- प्रजातन्त्र विना मानवअधिकार हुँदैन। पंचायती व्यवस्थामा हामी बोल्न पाउँदैथियौं। मानवअधिकार अ-प्रजातानित्रक व्यवस्थामा हुँदैन। त्यसैले प्रजातन्त्र हाम्रो लागि आवश्यक छ। हामी नेपालीहरूको लागि आवश्यक छ, हामी जनताहरूको लागि आवश्यक छ।

आज हामीले यतिसम्म सुन्नु परेको छ- मलाई याद आइरहेको ती दिनहरू, जुनदिन हामीहरूले लोकेन्द्र बहादुरको नेतृत्वमा बनेको सरकारलाई आन्दोलनकारी शक्तिहरूले अस्वीकृत गरेको थियो। पूरै अस्वीकृत गरेको थियो। त्योसंग वार्ता गर्न तयार भएको थिएन। तर आज तिनै तत्वहरू प्रजातन्त्र पछिको

पहिलो प्रधानमन्त्री म हुँ भनेर दावी गर्दैछन्। यो दुखद कुरो हो। यो कुरोको खण्डन बडो दुखका साथ गर्नु परेको छ कि यसको खण्डन इन्सेक जस्तो एउटा मानवअधिकारवादी संस्थाले मात्र गरिरहेको छ। फेरी पनि त्यो कुरो आइरहेको छ- किन यहाँका राजनैतिक दलहरू बोल्दैन? ठिक छ आजको विकृत समयको विकृत उपज भनौ वा परिस्थितिको उपज भन्नुस् नेपाली कांग्रेसले गरेको गल्तीले गर्दा आएको परिणामले या एमालेले गरेको अर्को गल्ती भन्नुस्, जे संज्ञा दिनोस्, मलाई संज्ञासंग मतलव छैन। तर इतिहासलाई नबंग्याउँ। इतिहासलाई भेट्ने र बंग्याउने कसैको अधिकार छैन। तर यहाँ इतिहास बंग्याउँने प्रयत्न गरिदैछ।

कुरो के हो भने जन आन्दोलनको म्यान्डेड त्यो थिएन। जनआन्दोलनको सरकार- जो वार्ता गर्न बनाइएको थियो त्यो संग वार्ता गरेन। वार्ता राजदरबारमा राजासंग गरेको हो। यो कुरोलाई नजर अन्दाज नगरियोस्। यो भनाइ त्यत्तिकै आएको हैन।

यो भनाइ भित्र पनि केही रहस्य छन्। त्यो रहस्य हाम्रा मुर्धन्य नेताहरूले बुझ्नु भएको छैन भन्ने दृष्टता म गर्न सक्दिन।

उहाँहरूले भन्नुभो, खासगरी इन्सेकलाई के भन्नु यो भन्ने यसले "वाच डग" को रूपमा काम गर्नु पर्छ। म उहाँहरूलाई के विश्वास दिलाउन चाहन्छु - यो देशमा प्रजातन्त्रको लडाईंमा मानवअधिकारको स्थापनाको लागि इन्सेक र यसका कार्यकर्ताहरू जहिल्यै पनि "वाच डग" नै भइरहन्छन्। त्यही "वाचडग" हुने नाताले नै आज हामीले यहाँहरूलार्य कष्ट दिएका हौं। यहाँ बोलाएका हौं।

जनसमुदायको अघिल्तिर हामी अनुरोध गर्छौं कि अहिलेको यो स्थितिलाई तपाईहरूले कसरी हेरिरहनु भएको छ स्थितिको बेवास्ता नगर्नोस्। हामीहरूले यो सबै कुरो थाहा पाएका छौं। त्यसैले अब हामीले आशा गरौं। बडो खुशी लागिरहेको छ। चैत २७ गते कै दिनमा फेरि पनि हामीहरूले दुईजना नेताबाट डा. डिल्लीरमणरेग्मीको अगाडि सुनेका छौं - हामीले गल्ती गऱ्यौं। यो गल्ती सच्याउन मनमोहन अधिकारीज्यूका अनुसार त हामी आत्मआलोचित होऔं। र एउटै बाटोमा आउने प्रयत्न गरौं। उहाँले भन्नु भएको छ- यो कति सफल हुन्छ हामीले हेर्नु परेको छ। तर दिनले एउटा खवरदारी पनि गरेको छ। यो देशका प्रतिगामी शक्तिहरू यो देशका च्याँखे थाप्ने शक्तिहरू यो देशका प्रजातन्त्र विरोधी शक्तिहरू चाहि थर्थर काम्ने छन्। किनभने दुईवटै नेताहरूले कम्तिमा गल्तिलाई महसूस गर्नु भएको छ। र यो गल्तीबाट हामीले पाठ सिकेका छौं भन्ने लागेको छ। हाम्रा दुई नेताहरूले हामीलाई अझै पनि यो देशको प्रजातन्त्र र मानवअधिकारको लडाइमा तपाईहरू लाग्नु पर्छ भनेर जुन हौसला प्रदान गर्नु भयो। त्यसप्रति इन्सेक परिवार र सम्पूर्ण मानवअधिकार आन्दोलनको तर्फबाट हार्दिक कृतज्ञता जाहेर गर्दैछु।



Our Range & Products
- Concentric Cables (Service Drop Cable)
- House Wiring Cables
- Flexible Cords
- Telecommunication Cables
- Control Cables
- Auto Cables
- Coaxial Cables
- Power Cables (Aromured & Unarmoured upto 400 x 4 Core)
- AAC, AAAC, ACSR Conductors
- Bare Copper and Aluminium

PRAKASH CABLE INDUSTRIES (P) LTD.
Factory : Thankot, Kathmandu.
Tel: 290675, 290687
Office : Tel: 527594, 523558

With best wishes from
Nepothene Pipe
for the Happy New Year 2054

We feature wide range of quality HDPE pipes and HDPE fittings ...

For details, please contact:
NEPAL POLYTHENE & PLASTIC INDUSTRIES PVT. LTD.
Post Box 1015, Tripureswor,
Kathmandu, Nepal
Tel : 220849, 222201, Factory : 272091
Fax: 00977-1-243928

- NS 40

सरस्वतीको मृत्युले दिएको झट्का

फोटो : क्षितीज अरुण

उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमसंग एमाले केन्द्रीय कार्यलयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा पनि त्यस सम्बन्धी प्रश्न सोधियो। उहाँले प्रष्ट शब्दमा भन्नु भयो- बोक्सीको आरोप लगाएर एउटी असाहय महिलालाई कुटपीट गरी मार्नेहरूउपर जे जसरी कारवाही चलाईदैछ, उचित ढंगले चलाईदैछ। तर सरस्वती अधिकारीका हत्याराहरूलाई के कस्तो सजाय होला त भन्ने उत्सुकता सबै तिर छ। शक्ति केन्द्रहरूको आडमा कतै ती हत्याराहरूले सफाई त पाउने हैनन भन्ने आशंका पनि उत्तिकै देखिन्छ।

सरस्वतीको यातना-कथा र मृत्युको घटना राजनीति भन्दा टाढाको मानवअधिकार उल्लंघनको घटनामा धीरज के.सी. को कथा जत्तिकै चर्चामा आयो।

गएको वैशाख २५ गते वानेश्वर डेरा गरी बस्ने गंगा अधिकारीले आफ्नी पत्नी सरस्वतीलाइ लागेको बोक्सी झार्ने नाममा असैह्य यातना दिन काथनी झाक्रि गंगा के.सी.को जिम्मा लगाए। त्यस दिन बेलुकी गंगा बहादुरले आफ्नी पत्नीलाई मैतिदेवीमा राजेन्द्र मुनिकारको घरमा डेरा गरी बस्ने कथित धामिनी कहाँ पुर्‍याएक।

कथित धमिनीले सरस्वतीलाई बोक्सी लागेको ठहर्‍याइन र त्यही बेला देखि उपचारका नाममा उनलाई यातना दिन थालियो। डाडू र पन्यु तताएर सरस्वतीको पिठ्यूँ देखि पिंडौलासम्म डामियो। उनको ओठ डामियो। छालाको पेटीले कुटियो र रगत नछादुन्जेल एक थोपा पानी सम्म दिइएन।

सरस्वतीलाई त्यसैगरी २६गते राती पनि यातना दिइयो। यातनाका रूपहरू ज्यादै डरलाग्दा थिए। उनलाई खुर्सानीको धुवाँमा सास फेर्न समेत लगाइयो। मातातीर्थ औंशीका अवसरमा काभ्रेबाट छोरीलाई भेट्न आएकी उनकी आमा विष्णुमाया धिताल पनि उनलाई कथित धमिनी कहाँ पुर्‍याउने क्रममा मैतीदेवी पुगेकी थिइन। तर छोरीलाई अनेक यातना दिन थालिए पछि उनी विचलित हुन थालिन। त्यतिबेला उनको चिन्ता र सरस्वतीको पीडाको वास्ता गर्ने त्यहाँ कोही थिएन।

२६ गते राती सरस्वतीलाई तातो डाडू-पन्युले डामीदै थियो। उम्लिरहेको तातो पानीमा उनको खुट्टा चोपलिदै थियो। त्यस्तो वर्वर यातना देख्दा सरस्वतीका छोराछोरीहरू रून थाले। केटाकेटीलाई विष्णुमायाको जिम्मा लगाईयो। विष्णुमाया सहित केटाकेटीलाई कोठा बाहिर पठाइयो। त्यसपछि यातनाको क्रम जारी रह्यो। उम्लिरहेको तातो पानीमा उनको खुट्टा चोपलियो- रगत वमन हुञ्जेल कुटपीट गरियो।

२७ गते विहान सम्म सरस्वतीले यातनाबाट मुक्ति पाउन सकिनन। संचारिका समूहसंग सम्बद्ध र अन्य पत्रकारहरूको सक्रियतामा प्रहरीमा उजुरी गरी सकिएपछि २७ गते विहान १० वजे उनको बाँधिएका हात खुट्टा फुकाइए। त्यसपछि मरणासन्न अवस्थामा पुगेकी सरस्वतीलाई वीर अस्पतालको आकस्मिक कक्षमा पुर्‍याइयो। कथित धमिनी गंगा के.सी. र गंगा बहादुर अधिकारीलाई पनि प्रहरीले पक्राउ गर्‍यो।

अस्पतालको शैयामा पनि सरस्वतीले मृतयुसंग दुई दिन भन्दा बढी पौंठेजोरी खेल्न सकिनन। वेहोस सरस्वतीलाई निरन्तर अक्सिजन र रगत दिइयो। तर उनको अवस्थामा सुधार हुन सकेन। नेपाल बाल मजदूर सरोकार केन्द्र (सीवीन) को संरक्षणमा रहेका उनका छोरा र छोरी आमाको स्वस्थ जीवनका लागि आफ्नै किसिमले, केटाकेटी पाराले कामना गरी रहेका थिए। स्वास्थकर्मीहरू प्रयासरत् थिए।

तर वैशाख २८ गते विहान ४ वजे ३२ वर्षीया सरस्वतीको इहलीला समाप्त भयो। टुहुरा भए- ९ वर्षीया छोरी सरिता र ७ वर्षीय छोरो कुमार। बोक्सी धपाउन दिइएको यातनाका कारण राजधानीको मुटुमै एउटी महिलाले जिवन गुमाउनु पर्‍यो।

उनको शरीरमा रक्तअल्पता भइ सकेको थियो। अक्सिजन र रगत उनलाई लगातार दिइयो। तर यातनाको चोटले उनको शरीर थिलथिलो भएको थियो। पीडा असैह्य थियो-उनको शरीरमा। मृत्युले मात्र उनलाई पीडाबाट मुक्ति दिन सक्यो।

मृत आत्माको अन्तिम दर्शन गर्न उनका छोराछोरीलाई सीवीनबाट ल्याइयो। आइतवार दिउँसो तीन वजेतिर उनको विशाल शवयात्रा वीर

बोक्सी विद्या हुने भए त हामी पनि हुने थियौं बोक्सी

"बोक्सी भन्ने कुरै हुँदैन। निरिह र असाहय महिलाहरूलाई उत्पीडित गर्ने हिसावले महिलाहरूलाई त्यसरी बोक्सी भन्ने गरेको देखिन्छ। हामी सबै मिलेर यस्तो प्रथाका विरूद्धमा अभियान संचालन गर्नुपर्छ। मेरो विचारमा भन्नु पर्दा म यो बोक्सी, धामी, झाँक्रिमा विश्वास गर्दिन। जब मानिस विरामी हुन्छन हाम्रो घेरै जसो गाउँघरमा र हाम्रो यो काठमाण्डौंमा पनि जब रोग पत्ता लाग्दैन त्यसपछि कतिपय मानिस धामी, झाँक्रिकहाँ गएको देखिन्छ। मानिसलाई त्यस्ता झाँक्री कहाँ रोग निको हुन्छ भन्ने परेको पनि छ।"

– प्रतिभा सुवेदी, ए बी सी नेपाल

"बोक्सी हुने भए त हामी पनि सबै अन्याय विरोधीहरू बोक्सी विद्या सिक्ने थियौं। जुलुस, हतियार केही चाहिने थिएन। किन सधैं निरीह र असाह महिलाहरू नै बोक्सी कहलाउँछन्। बोक्सी भन्ने कुरामा त म विश्वास गर्दिन। बोक्सीलाई मानिसले हीप्नोटिजमको रूपमा पनि लाने र गाँस्ने थुप्रै घट्नाहरू भएका छन। मानिसलाई झुक्काउने तन्त्र विध्यालाई पनि त्यहि हिप्नोटिजमको रूपमा लिइएको पाइन्छ। तर बोक्सी र तन्त्र विद्याको क्षेत्र नै अलग अलग हो। बोक्सी कसलाई भन्ने गरेको छ त्यो पहिला हामीले बुझ्नु जरूरी छ, जो विरामी छ, असहाय छ, जसको वोलिदिने कोही पनि छैन, जो गरीब छ, जो बुढी छ, जसको अनुहार अलिकति कुरूप खालको छ। त्यस्ता मानिसलाई बोक्सी भन्ने गरिएको छ। धनाड्य परिवारका मानिस बोक्सी नहुने, लोग्ने मानिस बोक्सी नहुने। यो किन भै रहेको छ ? यस पछाडिको प्रमुख जड हामीले थाहा पाउनु जरूरी छ। र जुन निलो डाम शरीरभरी बस्दछ, त्यसलाई बोक्सीले चुस्यो भनिन्छ। एउटा वैज्ञानिक कुरा र घटनाले पनि यसलाई प्रमाणीत गर्दै भनेको छ – रक्त संचारको कारणले शरीरमा निलो डाम आएको हो। यस्तो थुप्रै कारण र कु राहरू छन् जुन कुनै पनि कुराले बोक्सी छ भन्ने प्रमाणित गर्दैन। जुन कराको

फोटो : लेखनाथ भण्डारी

वैज्ञानिक तथ्य र कारणहरू नै छैन। मानिसहरूलाई यसरी अमानवीय यातना दिईदै गरेको छ। रिसिवी साध्नको लागि पनि बोक्सीको आरोप लगाइन्छ। यस्तो आरोप विशेष गरी गरीब परिवारलाई लगाइन्छ। जसको बोली दिने मानिस कोही पनि छैन। गाउँ घरमा यसको अर्को पक्ष भनेको अशिक्षा, पुरातनवादी सोच, रूढिबादी संस्कारहरू हुन् जो धार्मिक संस्कारमा हुर्केको छ त्यसैले गर्दा मानिसलाई यसको छाप परेको छ। तसर्थ यो कति पनि सत्य होइन। यसमा हामी विश्वास गर्दैनौ।"

– शशी श्रेष्ठ, महिला अधिकार कार्यकर्ता

राजधानीमा पनि सडकपेटीमा हात देखाउने अन्धविश्वास [illegible]एको छ

"यो बोक्सीको समस्या छँदै छैन भनेर हामीले यसलाई गौण रूपमा हेर्नु पनि हुँदैन। बोक्सीको आरोप लागेर अहिले भर्खरै लमजुङमा एउटी महिलालाई ढुगां हानी हानी मारियो। यो बोक्सी भन्ने चिज त छँदै छैन। हामीले बोक्सी भनेर तोकेरै नभने पनि रूढिवादी धार्मिक संस्कार र विचारको शिकार भएका संस्कार बनाउने भनेर भनेका छौं। यसैमा यो समेटिन्छ। त्यति मात्र हैन, धामी, झाँक्रि, तन्त्र, मन्त्र यी सबै कुसंस्कार भित्र पर्ने भएकोले हामीले यसलाई बोक्सी भनेर किटान गर्न आवश्यक ठानेनौ। यदि बोक्सी भन्ने कुरा हुँदो हो भने, वा कसैलाई बोक्सीले दुःख दियो भने वा छ भने, अन्याय, अतयाचार गर्नेहरू कोही पनि बाँकि रहने थिएन। सबैले बोक्सी विद्या सिक्दथे र सबैलार्य सिद्धाउने थिए। हमी पनि सिक्दथ्यौं हामीलाई अन्याय, अत्याचार, उत्पीडन गर्ने माथि अरू के गर्ने हतियार उठाउनु परेन, जुलुस गर्नु परेन, संगठन गर्नु परेन, दुःख कस्ट केही पनि सहनु

परेन। बोक्सी विद्या सिक्यो र उनीहरूमाथि आक्रमण गर्‍यो। यो बोक्सी विद्या जान्नेहरू सात समुन्दर पार पनि जान सकदछन र सबैलाई खतम गर्न सक्छन भने अरू उपाय त गर्नु परेन। तयसकारण यो बोक्सी भन्ने चिज हुँदो हो त ती बोक्सीहरूले आफ्ना शत्रुलाई सिद्धाउनु पर्ने थियो नि, उनीहरू आफै सिद्धिएर बस्ने त थिएनन्। यहाँ त बोक्सी आफै सिद्धिएका छन। यसबाट पनि स्पष्ट हुन्छ बोक्सी भन्ने चिज छैन।"

"कानूनी रूपमा पनि बोक्सी भनेर प्रताडित गर्नेहरूलाई सजाय दिने व्यवस्था हुनु पर्छ। कसैलाई बोक्सी भन्नु नै अपराध हुन्छ भन्ने किटेर कानून बनाइनु पर्छ।"

– डा. शान्ता थपलिया

चिकित्सा विज्ञानमा बोक्सी भन्ने कुनै रोग हुँदैन। छारेरोग, आदि कतिपय रोगबाट ग्रस्त महिलाहरूलाई बोक्सी भनेर प्रताडित गर्ने गरेको पाइन्छ। यस्ता खालका रोगी मानिसहरू मानसिक रोगीहरू हुन। यस्तो रोगलाई छारे रोग पनि भनिन्छ। यी रोगहरू निको पनि भएको पाईएको छ। जब म गाउँघरमा जान्छु यस्ता खालका बोक्सी भन्ने भनइहरू पाउँछु। यस्तो भनाइ र विचारहरू गाउँघरमा निकै पाईन्छ। बोक्सी भन्ने सब्द नै हाम्रो धार्मिक कुसंस्कार हो। कुनै पनि लोग्ने मानिसलाई बोक्सी भनेको वा त्यस्तै अन्य कुशब्दहरूको प्रयोग गरेको र किटेको पाईदैन। यसको मतलव उनीहरूलाई पनि बोक्सो भन्नु पर्छ भन्ने चाहीं होइन। बोक्सी भन्ने रोग खासमा हुँदै हुँदैन। यो धार्मिक कुसंस्कारको नमूना मात्र हो। यो समस्या महिलाहरूको मात्र हैन। आम रूपमा पुरूषहरूको पनि उत्तिकै समस्या हो। र पुरूषसंग पनि यो संगसंगै गाँसिएको छ। किनभने यौटा परिवारमा महिलाहरूलाई यस्तो समस्या पर्नु भनेको या महिला पीडित हुनु भनेको सम्पूर्ण परिवार नै पीडित हुनु हो। कतिपय अवस्थामा धार्मिक कुसंस्कारले गर्दा त्यस्ता महिलाहरूलाई लोग्ने, ससुरा, सासुले बोक्सी भनेर कुट्ने पिट्ने गरेको देखिन्छ। त्यस्ता घटनामा माईतीका दाजु भाई, आमा बाबु उत्ति नै पीडित हुन्छन। तसर्थ यसलाई महिलाको मात्र समस्या भनेर हेर्न मिल्दैन। यो भनेको सम्पूर्ण देशको समस्या हो। जहाँ सम्म हामीले के गरेका छौं भन्ने प्रश्न छ त्यसमा म स्वास्थकर्मी भएको नाताले र व्यक्तिगत रूपबाट पनि मैले गएर सुडिनी तालिम दिंदा लैंगीक विभेदका कुरा उठाउँदा बोक्सी भन्ने शब्द के हो ? यो कहाँबाट आयो ? भन्ने सम्बन्धमा उनीहरूलाई बुझाउने गर्छु। यो गाउँघरको मात्र कुरा होइन यो काठमाण्डौको पनि समस्या हो। अहिले सरस्वतीलाई जुन मातालेमारिन ती माता कहाँ मैंरै घर वरिपरिका छिमेकीहरू पनि गएको देखेकी छु। मातालाई गएर पुजा गरेमा अनेक प्रकारका रोगहरू निको हुन्छन भनेर गएका पनि छन्। तसर्थ यो सम्पूर्ण देशको समस्या हो। धार्मिक समस्या पनि हो। यो कुसंस्कारलाई मानवअधिकारको उल्लंघनको रूपमा लिनु पर्छ। नागरिकहरूले सबैलाई सुसुचित पनि गराउनु पर्छ। जसरी यो घटनामा पुरूष महिला संगठित भएर लागेका छन यतिखेर महिला मात्र यहाँ आएका छैनन् पत्रकार र अन्य दाजुभाईहरूको समेत यसमा ठूलो सहभागिता रहेको छ। यस्ता घटनाको यसरी नै विरोध गर्ने हो भने यो कुसंस्कारलाई हटाउन हामी सक्दछौं जस्तो लाग्दछ।

– डा. अरूणा उप्रेती

अस्पतालबाट शुरू भयो।

"रूढिवाद र अन्धविश्वासका कारण महिलाहरूमाथि हुने हिंसा रोकियोस !, " हत्याकाण्डका दोषीहरू माथि करवाही गर ! आदि नाराहरू लेखिएका प्लेकार्डहरू उक्त जुलुसमा बोकिउको थियो। पशुपति आर्यघाटमा विभिन्न संघ-संस्थाहरूको सक्रियतामा उनको अन्तिम संस्कार सम्पन्न भयो। उनको शवलाई मानवअधिकार तथा सामाजिक कार्यकर्ताहरूको सक्रियतामा बोकेर आर्यघाटसम्म पुरयाइएको थियो।

बोक्सी धपाउने नाममा सरस्वतीलाई दुवै हात खुट्टा बाँधेर लडाउने, चुल्ठोमा डोरीले बाँधेर झण्डाउने, बढी नून ख्वाएर पानी खान नदिने जस्ता यातनाहर पनि दिइएको थियो।

गंगा बहादुरको घर सर्लाही हो। सरस्वतीको माइती चाहीं धुलिखेल काभ्रेमा छ। सरस्वतीको मृत्यु हुँदा उनकी आमा काठमाण्डौमा संगै नै थिइन। छोरीलाई ज्यादै गाह्रो भइसक्यो अस्पताल लैजाउँ भन्दा पनि ज्वाईंले पटक्कै नमानी झन बढी यातना दिएको गुनासो गर्दै सरस्वतीकी आमा विष्णुमाया धिताल भन्दछिन) मेरो कुरा कसैले सुनेन। मलाई अर्को कोठामा राखेर बाक्सी छुटाउने नाममा मेरी छोरी लाई मारी दिए।)

सरस्वतीको ९ वर्षीया छोरी पद्म कन्या स्कुलमा कक्षा २ मा पढ्छिन। ७ वर्षे छोरो कुमार बालउधान बोर्डिङ्ग स्कूलमा केजीमा पढ्छ। आफ्नै वुवाको कारण आज उनीहरूले आफ्नो घरमा होइन सीवीनको बालगृहमा बस्नु परेको छ।

भूतपूर्व सैनिक गंगा बहादुर " ग्रुप फोर) नामक संस्था अन्तर्गत सानेपामा एक एक कुटनीतिकको निवासमा सुरक्षा गार्ड थिए। कथित झंक्रिनी करिब ६ महिना अघि देखि मात्र मैतिदेवीमा बस्न थालेकी हुन भन्ने स्थानीय बासिन्दाहरू शंका गर्दछन।) यो आईमाईले पहिले पहिले यस्तो झारफूक गरेको थाहा थिएन, गंगा-गंगाको वीचबाट सरस्वतीलाई हटाउन त यस्तो नाटक रचिएको होइन ?

सरस्वतीको हत्या पछाडिको गहिरो कारण जे सुकै हेस उनलाई यातना दिने काम बोक्सी भन्ने आरोपमा लगाएरै गरिएको यो उनको मृत्यु त्यही यातनाका कारण भयो। त्यसैले अब आउँदा दिनहरूमा कुनै पनि नेपाली महिलालाई बोक्सी भन्ने आरोप लगाउनु नै अपराध ठहरीने वातावरणिको श्रृजना गरिनु पर्छ। स्वयं अन्धविश्वासमा परेर वा अन्धविश्वासको फाइदा उठाएर अब फेरी कुनै गंगा बहादुरले आफ्नी पत्नीलार्य कुटेर मार्न नपाओस। नेपालका मानवअधिकार-महिलाअधिकार संस्थाहरूले यस्तो आवाज सबैतिर फिंजाउनु परेको छ, खवरदारीका स्वरहरू गुञ्जायमान पार्नु परेको छ।

यातनाका कारण थिलथिलो भएकी सरस्वती

सरस्वतीका छोराछोरी-सरिता र कुमार अधिकारी

फोटो : सीवीन

राजधानीको मुटुमा प्रकट भएको कुरुप सत्य

कुन्दन अर्याल

सुन्दरी र सौन्दर्य प्रदर्शन वा प्रतियोगिताहरूको आयोजना भइरहने काठमाडौं शहरमा भर्खरै एउटा कुरूप सत्य उजागर भयो। राजधानीको महत्वपूर्ण ठाउँ- मैतीदेवीमा एउटी महिलालाई बोक्सी भनेर निर्मम यातना दिइयो। उनका पति स्वयं यातना दिने कार्यमा संलग्न भए। तातो फलामले ओंठ र छाती डामियो। आफ्नै घरको छानामुनि असाहय हुन पुगेकी ती महिलाको यातना सहन नसकी मृत्यु भयो। गर्ल्याम-गुर्लुम्म ढल्यो- देशको एकमात्र महानगरपालिकाको सभ्यता र सुसंस्कृतिको घमण्ड।

सरस्वती अधिकारी बोक्सी कहलाइएर मारिने प्रथम नेपाली महिला होइनन्। उनीभन्दा अगाडि पनि थुप्रै-थुप्रै नेपाली नारीहरूलाइ फोहोर-अभक्ष ख्वाएर अपमानित गरिएको थियो। कैयन नेपाली महिलाहरू कुटपिटबाटै मारिएका छन्। सरस्वतीको कथा- सरस्वतीको मृत्यु, नेपाली महिलाहरूमाथि भइरहेको अन्धविश्वास र घरेलु हिंसाको प्रतिनिधिमूलक घटना हो।

उनको दर्दनाक मृत्युले गएको आइतवार सम्पूर्ण राजधानीलाई स्तब्ध तुल्याइयो। सडकमा ओर्लिए अघिपछि जुलुसमा नदेखिने महिलाहरू पनि। बोक्सी कहलाइनु पर्ने, रक्सीहा लोग्नेबाट कुटाइ खानु पर्ने, अनि समाजबाटै प्रताडित हुनु पर्ने समस्या नेपाली महिलाहरूको नजरअन्दाज गर्नै नमिल्ने समस्याहरू हुन्। सरस्वती अधिकारीले आफू मरेर पनि हाम्रो समाजका क्रान्तिकारी वा सुधारवादीहरूलाई झकझक्याएकी छिन्।

कारमा गुड्ने महिलाहरू ठान्थे होलान्- बोक्सी, कुटपिट आदिका समाचार पिछडिएका मानिसहरूको फुर्सदको वकवास हो। तर सरस्वतीले यस्ता कुराहरूमा सरोकार नराख्ने महानगरीय महिलाहरूलाइ पनि सडकमा उतारिन्। आँशुका ढिक्काहरू झरे काला चश्माहरूभित्रबाट पनि। डाडु-पन्यु लिएर गृहिणीहरू सडक-सागरमा परिणत भए।

धर्म-संस्कृतिको आडमा जबसम्म अन्धविश्वासलाइ मलजल चढाइन्छ, त्यसबेलासम्म सरस्वतीहरूले आफ्ना सन्तानहरूका सम्मुख आफ्नै पतिका पाउमुनि यस्ता यातनाहरू झेलिरहनुपर्छ। अन्धविश्वास जब अफिमको नशा जस्तै छाउँछ- तब आफन्तहरूमाझ नै छोरी, चेली र आमाहरू यस्तै गरी असुरक्षित हुन्छन्।



सरस्वतीका पति गंगा बहादुर

अधविश्वास। जुन देशमा आध्यान्नलाई खरानी बनाउने यज्ञ र तथाकथित साधु, सन्त वा अलौकिक शक्तिका गतिविधि सरकारको हेरचाहमा अघि बढ्छ, त्यहाँ नमौलाए कहाँ मौलाउँछ। जहाँ शासनको वर्ष गाँठ जनताको नाममा होइन, सीमापारीका तथाकथित गुरूको आर्शिवाद वाचनका साथ मनाइन्छ। र, धर्मगुरू विशेषका लागि सरकारी स्रोत-साधनको प्रयोग गरिन्छ। त्यस देशमा अन्धविश्वासीहरू जनस्तरमा किन उत्पादित हुनु अनौठो हुँदैन?

विज्ञानको चमत्कारको उत्पत्ति- टेलिभिजनमा धार्मिक अनुष्ठानरूपी विज्ञान असंगत अन्धविश्वासहरू सरकारी स्तरबाटै पस्किने गरिएको छ। अनि राजधानीका चौडा सडकका पेटीहरूमा सुगालाई भाग्यको चिठ्ठा खोज्न किन लगाउँदैनन्, यो देशका सोझा निर्धा जनता? जब स्वयं प्रधानमन्त्रीका बारेमा भनिन्छ- "उहाँ साताको एक दिन परमेश्वरका नाममा ब्रत बस्नुहुन्छ। साइत हेरेर उहाँले सपथ ग्रहण गर्नुभएको थियो। अमूक बार उहाँ कुनै शुभ कार्य गर्नु हुन्न आदि इत्यादि।" अनि अन्धविश्वासको पालो किन फौलियोस्?

तिमी मानुषी हौ, बघिनी जस्तै थियौ

हामी सप्रमाण जान्दछौं कि नारीहरूको आदिकाल कस्तो थियो। त्यसैले नेपालीहरू महिलाहरूलाई शक्तिबोध गराउनको निम्ति धार्मिक अन्धविश्वास कल्पनाशीलताको आड नलिएर वैज्ञानिक धरातलको आधारमा सत्य र तथ्यलाई अगि सार्दै लग्नु विचारशील महिलाहरूको कर्तव्य हुन आउँछ। जैविकी तथा अनुवांशिक संरचना र यस प्रक्रियाले नारीहरू कमजोर र नियतिबद्ध भएका होइनन् भनी साधारण र बुझ्न सकिने प्रमाणबाट विश्वस्त गराउन व्यवहारिक र सजिलो पनि छ। एकातिर धार्मिक कथ्यहरू हालिरहन नपर्ने अर्कातिर अन्धविश्वासलाई मल जल गरिरहन पनि नपर्ने। हुन त वैज्ञानिक प्रविधिको विकासले आज हामीलाई निकै सुविधाहरू दिएको छ जसमा हामीले शक्ति खन्याइरहन पर्दैन। यस आधुनिकतालाई पनि स्वीकार त गर्नैपर्छ तर तेश्रो विश्वको हाम्रा जस्ता मुलुकहरूमा भने नारी हरू जतिसुकै शक्तिरूपा भए पनि, साक्षात् भगवती भनिए पनि पुरूषहरूको पैतालामुनि नै छौं। अब हामीले भनिदिनु पर्छ नारी तिमी भगवती, काली केही पनि थिइनौ। मानव सभ्यताको आदिकालमा तिमी नारी थियौ, केवल नारी। तिमी गुफा, कन्दरामा एक्लै बस्थ्यौ जसरी बघिनि, सिंहिनी, पोथी, चितुवा आदि बस्ने गर्छन्। तिमी त्यतिकै स्वुंखार, शक्तिशाली र आत्मनिर्भर थियौ। परिवार थिएन, लोग्नेमान्छे तिमीसँग बस्दैनथे। उनीहरू एक्ला-एक्लै शिकार खेलेर नारीको निम्ति इर्ष्याबिल झगडा गरेर बाँच्थे। तिमी गर्भधारण गर्थ्यौ, एक्लै प्रजनन् प्रक्रिया सम्हाल्थ्यौ, शिकार खेल्थ्यौ, आफ्ना स्तन पोषिलो दुधले भर्थ्यौ। विश्वको कुनै पनि ठाउँमा कुनै पनि पर्यावरणमा तिमी बाँच्थ्यौ, यसरी आफ्ना लालाबालालाई हुर्कायौ। के-के खायौ, के लगायौ, कसरी प्रकृतिको भीषण खतराहरूसँग सामना गर्‍यौ, कसरी जंगली जनाबरदेखि बाँच्यौ, यी सबै सोचाइ आज कल्पनातीत भइसकेका छन्, तर सत्य यही हो। मानव सभ्यताको शुरूवात् यसै भन्छ, इतिहास साक्षी छ। नारी तिम्रो असीम प्राकृतिक शक्ति, साहस र आत्मनिर्भरताको अवशेष अझै पनि तिमीसंग छ, केवल आत्मबोध भइदिन पर्‍यो। पशुजगतले आजसम्म देखाएकै छ र प्रमाणित गरेको छ। प्रवल वात्सल्यको कारणले गर्दा बघिनी र पोथी चितुवा शिकार गर्नमा बाघ र चितुवा भन्दा छिटो हुन्छन्। सिंहले शिकार गर्दैन, सिंहनी मात्र शिकार गर्छे। तिमी यस्तै थियौ, नारी महिषासुर जस्ता शक्तिशाली वन्य जनावरसँग तिमी कुनै समय जुधेकी थियौ। आफ्ना लालाबालालाई बचाएकी थियौ। जसले तिमीलाई अवला, कोमलांगी, फेयर सेक्स भन्दछन्। तिनीहरू गलत छन्। जसले तिमीलाई भगवती, काली थियौ भन्छन् तिनीहरू पनि गलत भन्छन्। तिमी मानुषी हौ र तिमी बघिनी र पोथी चितुवा जस्तै चतुर, शक्तिशाली र आत्मनिर्भर थियौ।

– पारिजात
"आधी आकाश" बाट

चीर निद्रामा
सरस्वती अधिकारी

धार्मिक अन्धविश्वासमा जकडिएको यो देशमा अरू सरस्वतीहरूको जीवन रक्षा कसले गर्छ त? प्रष्ट छ त्यसका लागि जनता आफै सचेत हुनुपर्छ, अग्रसर हुनुपर्छ। यो बहुदलीय व्यवस्था हामीले नै स्थापित गरेका हौ। वालिग मताधिकचारका आधारमा चुनिएर संसदमा जानेले, बहुमतका आधारमा सत्ता संचालन गर्ने परिपाटी हामीकहाँ छ। जनताको अन्धविश्वासका आधारमा शासन गर्ने जमाना गइसक्यो। विश्वासको आवधिक रूपमा नवीकरण गर्नुपर्छ। अन्धविश्वासको हतियारले युगौंसम्म अन्तिम तहका मानिसको हाड घोट्नु अन्त्य भइसक्यो।

सरस्वतीको मुत्युले हाम्रा बुद्धिजीवीहरूलाई एकचोटी बेस्कन झक्झक्याएको छ। हाम्रा महिला संस्थाहरूले पनि महिलाका विभिन्न समस्याहरूलाई बुँदागत रूपमै किटेर उठाउनु पर्ने आवश्यकता अवश्य महसूस गरेको हुनुपर्छ। हामीकहा अब "कसैलाई बोक्सी भन्नु नै अपराध हो" भन्ने तोकेरै कानून बनाउन ढिला भइसक्यो। पाँच-सात जना हुल्याहरूले कुनै पनि असाहय, निरीह महिलालाई बोक्सी भनेर प्रताडित गर्ने गरिएको देखिन्छ। त्यस्ताहरू उपर प्रभावकारी कानूनको अभावमा कार्वाही हुन नसकेको पनि प्रष्ट देखिएको छ।

धार्मिक अन्धविश्वासविरूद्ध सचेतन अभियानको अगुवाई गर्ने जिम्मा कसको काँधमा छ त? जनताको विश्वासिलो पार्टी एमालेका सामु पनि साधुसन्तको स्वागत र होममा चरूहवन गर्नु पर्ने बाध्यता आइलागेको छ। यस्तो अवस्थामा सरस्वतीको मृत्युले एमालेलाई "अन्धविश्वासको अफिम नशा" बाट अलिकति पनि झस्काउन सकेको भए उपलब्धि नै हुने थियो। त्यसो त घामझै छर्लङ्ग छ- हरेक दिन यहाँ अन्धविश्वासकै कारण कैयन सरस्वतीहरू प्रताडित भइरहेका छन्। तर मैदीदेवीको सरस्वतीको मृत्युको खबर सबै राजनैतिक कर्मीहरूको कानमा अवश्य पुगेको हुनु पर्छ।

कथित झाँक्री वा
धामिनी गंगा के.सी.

सरस्वतीको मृत्युले अन्धविश्वासको मलजलमा हुर्किरहेको हाम्रो समाजको कुरूप पक्षको उजागर गरेको छ। राजधानीका महिलाहरूले त्यो कुरूप पक्षको उकजुट भएर मुकाविला गर्ने दृढता व्यक्त गरेका छन्। सरस्वतीको मृत्यु अन्धविश्वास विरोधी अभियानमा बलिदानी मृत्यु सावित भएको छ। किनकी उनको दर्दनाक मृत्युले हाम्रो समाजलाई बेस्कन हल्लाएको छ। अन्धविश्वास विरोधी अभियानलाई उनले उर्जा प्रदान गरेकी छन्।

"बुधवार साप्ताहिक" ०५४ जेठ १ गतेको अंकबाट



कथित बोक्सीको खोजी गर्नेहरूको यातनाबाट मरणासन्न भएकी सरस्वती

मेचीदेखि कालीसम्म ज्यूँदो छ
मध्ययुगीन अवशेष

मध्ययुगीन समाजमा कुनै विपत्ति आई लाग्यो भने भन्ने गरिन्थ्यो "यो सब बोक्सीको काम पनि हुन सक्छ।" त्यसपछि शुरू हुन्थ्यो - "वीच हण्ट" अर्थात "बोक्सीको खोजी"।

समाजका लागि बोझ बनेकी कुनै असाहय, वृद्धा महिला बोक्सी कहलाइन्थी। कहिलेकाहीं घर परिवार मित्रैबाट परिवारकै कुनै महिला सदस्यलाई बोक्सी भनेर घरबाट निकाल्ने तारतम्य मिलाइन्थ्यो। बोक्सी कहलाइएपछि महिलाहरू आफ्नै घरको दैलोभित्र र बाहिर सबैतिर प्रहारको निशाना बन्थे।

मध्ययुगको त्यस्तो प्रचलन आजको विश्व समाजबाट पनि हराएको छैन। हाम्रै देशको मेचीदेखि कालीसम्म सबैतिर ज्यूँदो छ - मध्ययुगीन अवशेष। युग बदलिए पनि मानिसका अन्धविश्वासहरू कायम छन्, आज पनि "वीच हण्ट" जारी छ। तर मध्ययुग देखि आजसम्म कसैले पक्रन सकेको छैन बोक्सी। बोक्सी वास्तवमा कस्ती हुन्छे कसैलाई थाहा छैन।

बोक्सीलाई कसैले पक्रन सकेको छैन। बोक्सी वास्तवमा कस्ती हुन्छे कसैले देख्न पनि सकेको छैन। किनकी बोक्सी भन्ने कुरै हुँदैन। हुँदै हुँदैन बोक्सी भन्ने कुरामा आजका प्रगतिशील मानिसहरू विश्वस्त छन्। हाम्रो जस्तो देशमा त्यस्ता विज्ञानसंगत सोच भएका प्रगतिशील मानिसहरूका सामु चुनौति बनेर उभिएको छ बोक्सीको नाममा फैलिएको अन्धविश्वास।

राजधानी जिल्लासँगै जोडिएको धादिङ्गको ढोला गाविसको वडा नं. ४, सार्कीगाउँमा चैत १९ गते भएको दुईटी महिला माथिको अत्याचारका सम्बन्धमा एक दैनिक समाचार पत्रले लेख्यो - "एक्काइसौं शताब्दीको संघारमा पनि नेपालको ग्रामीण समाज मध्ययुगीन कालरात्रीमा नै उल्झिएको छ।"

धादिङ्गबेसीबाट दुई घण्टा पैदल हिंड्दा ढोलाको सार्कीगाउँ पुग्न सकिन्छ। राजधानीबाट बसमा दुई घण्टा यात्रा गर्दा धादिङ्ग बेसी पुगिन्छ। तर त्यहाँकी त्रीपन्न वर्षे काली र एकत्तीस वर्षे समुन्द्री सार्कीले मध्ययुगीन वर्वरता सहनु पर्‍यो।

सार्की गाउँकी सुन्तली र काली सार्की कुनै कारणले अस्वस्थ भए। दुबैको उपचार गराउने नाममा नलाङ गाविस वडा नं. २? ऐंसेलुधारीका लालबहादुर सार्की नामक कथित झाँक्रीलाई बोलाइयो। कथित झाँक्रीले उपचार गर्ने नाममा सुन्तली सार्कीको निघार र दुबै गालामा पन्यू तताएर डामे। त्यसपछि समुन्द्री अर्की सार्की र काली सार्की नामक महिलालाई बोक्सी ठहऱ्याइयो। झाँक्रीको ठहर बमोजिम दुबै निरिह महिलाहरूउपर नराम्रोसंग कुटपिट गरियो। दुबैलाई जबरजस्ती दिसा समेत खुवाइयो। दुबैको अवस्था चिन्ताजनक भयो। स्थानीय समाजसेवी र मानवअधिकार कार्यकर्ताहरूको पहलमा अस्पताल नपुऱ्याइएको भए दुबैको ज्यान जाने थियो। धादिङ्ग अस्पतालले दुबैको ज्यान जोगायो। मेडिकल सुपरिटेण्डेण्ट डा. नित्यप्रसाद स्वनाल आश्चर्य व्यक्त गर्दछन् "सामाजिक कुरितीको जरा कस्तो फैलिएको !"

वृद्ध, अशक्त र रूपविहिन महिलाहरू नै बोक्सी कहलाउँछन्। ईश्वरपुर गाविस-३, सर्लाहीकी पचास वर्षीया समरीया देवी महतो नूनियाले पनि ०५२ जेठ १५ गते जीवनको सबभन्दा नराम्रो दिन देख्नु पर्‍यो। त्यस दिन गाउँका सबै जातिका चल्तापूर्जा मानिसहरूले उनी एक्ली महिलामाथि संयुक्त आक्रमण गरे। उनलाई बेस्सरी कुटियो। उनको कपडा पनि च्यातचुत पारियो।

सर्लाहीकै पिपरिया, गाविस-७ की तीस वर्षीया वृजानीदेवी ठाकुरले पनि एगएको वर्ष साउन ३ गते यातनापूर्ण दिनको सामना गर्नुपर्‍यो। उनलाई बोक्सीको आरोप मात्र लगाइएन, उनले कुटपिटको पनि शिकार हुनु पर्‍यो। उनलाई गाउँबाटै निकालियो।

०५३ साल साउन १४ गते मटिहानी-९, महोत्तरीकी बैसठ्ठी

अवा[illegible]हरू

युग बदलिए पनि मान्तिका अन्धविश्वासहरु कायम छन्, आज पनि "वीच हण्ट" जारी छ। तर मध्ययुग देखि आजसम्म कसैले पक्रन सकेको छैन बोक्सी। बोक्सी वास्तवमा कस्ती हुन्छे कसैलाई थाहा छैन।

वर्षीया पारोदेवी सोनारलाई केही उदण्ड व्यक्तिहरूले बोक्सी भनेर कुटपिट गरे। उनलाई जबरजस्ती दिसा खुवाइयो। केही समाजसेवीहरूले हस्तक्षेप नगरेको भए उनको ज्यानै पनि जान सक्थ्यो।

०५३ साल मंसीर २९ गते नरहा गाविस-४, सिराहाकी मुर्तिदेवीको बिहे भयो। दुलहीलाई भेट्न अरू मानिसहरू जस्तै मुल्लोदेवी पनि गएकी थिइन्। बिहेको भोलिपल्ट नयाँ दुलहीले कुनै कारणवशः रगत वमन गर्न थालेपछि नयाँ दुलहीका अन्धविश्वासी आफन्तहरूले मुल्लोदेवीलाई बोक्सीको आरोप लगाए। भोलिपल्टै पैंतीस वर्षीया मुल्लोदेवीमाथि आक्रमण गरियो। उनलाई पनि दिसा खुवाइयो। झाँक्रीको आदेश अनुसार उनलाई त्यसरी फोहोर खुवाइसकेपछि पनि मूर्तिदेवीको व्यथा सञ्चो भएन। अनि मात्र अन्धविश्वासी गाउँलेहरू फर्किए।

आङदिम गाविस, तेह्रथुमका रनहाङ लिम्बुको दुखेसो गत वैशाख मध्यको एक साप्ताहिकमा यसरी उधृत गरिएको थियो "छिमेकीको सुंगुर मऱ्यो - दोष मेरी स्वास्नीमाथि। कुखुरा मऱ्यो, गोरू मऱ्यो, दोष फेरी मेरी स्वास्नी माथि। छिमेकीको घर परिवारमा कोही विरामी पऱ्यो - दोष मेरी स्वास्नीमाथि नै। तिनले मेरी स्वास्नीलाई बोक्सी साबित गर्ने दुष्प्रयास गरे - धामी बोलाएर।"

उनकी पत्नीलाई बोक्सीको आरोप लगाइयो। धामीले ती निरीह महिलामाथि सिस्नो लगायो। उनको अनुहारमा हाँडीको मोसो दलियो। रनहाङ लिम्बू गरीब र निमुखा भएकै कारण उनकी पत्नीलाई बोक्सीको आरोप लगाइएको हो भन्ने ठोकुवा गरे कतिपय गाउँलेहरूले। तर अन्धविश्वासी गाउँलेहरूले लिम्बू दम्पत्तिलाई सकेसम्म दुःख दिए।

०५३ साल असार २० गते वुधनगर गाविस-१, मोरङका राजकुमार मगर र उनकी पत्नीले पनि कुटपिटको शिकार हुनु पर्‍यो। पचास वर्षीया धनमायालाई बोक्सी भनियो र उनका साथ उनका पतिउपर पनि गरियो।

शमशेरगञ्ज गाविस-४ की एकाउन्न वर्षीया सुमती थरूनीलाई बोक्सीको आरोपमा त्यस्तै दुःख दिइयो। ०५३ साल साउन ३१ गते उनी र उनका पतिलाई दिसा समेत खुवाइयो। थारू दम्पत्तिमाथि सम्पूर्ण समाजका सामुन्ने दुर्व्यवहार गरियो।

कैलालीको बेला गाविस-३ की पैंतीस वर्षीया गंगा चौधरीले पनि बोक्सीको आरोपमा अनेक दुर्व्यवहार सहनु पर्‍यो। ०५३ साल असार २४ गते उनको कपाल मुडियो र उनलाई कुटपिट गरियो। केही समाजसेवीहरूको पहलमा अस्पताल नलगिएको भए उनको मृत्यु नै हुन सक्थ्यो। उनले सात दिनसम्म अस्पताल बस्नु पर्‍यो।

नेपालका विभिन्न ठाउँहरूमा कथित बोक्सीलाई तह लगाउने नाममा गरिएका ज्यादतीहरूको अनेक नमूना देखिएका छन्। समाज जति सुकै अगाडि बढेको भए पनि मानसिकताका हिसाबले हामी मध्ययुगमा नै छौंनौं र ? बोक्सीको आरोप लगाएर वा बोक्सीको खोजी गर्ने भनेर महिलाहरूमाथि गरिने उत्पीडनको अन्त्य गर्न प्रभावकारी कदम चाल्न अब त ढिला पनि भइसक्यो। सरकार, जनप्रतिनिधि, महिला अधिकार वा मानवअधिकार कार्यकर्ता लगायत सबैले निघार खुम्च्याएर सोच्ने हो भने मात्र कसैले कसैलाई बोक्सीका रूपमा नदेख्ने समाजको श्रृजना हुन सक्छ।

के नागरिकता जातिभेदको लाइसेन्स हो ?

टेकबहादुर विश्वकर्मा

> जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै हैसियतको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ। यसको अतिरिक्त चाहे कुनै स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस्, त्यहाँका व्यक्तिहरूमा राजनीतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन।
>
> *धारा-२, मानवअधिकारहरूको विश्वव्यापी घोषणा-पत्र, १९४८*
>
> कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ।
>
> *उपधारा-४, धारा-११, भाग-३, नेपाल अधिराज्यको संविधान २०४७*

हिन्दू सभ्यताको मध्यकालमा पलाएको जातिवादी चिन्तन आज पनि कडा चुनौतीका रूपमा रहेको छ। जातिभेद उन्मूलन अभियानका अगाडि देखिएका विविध समस्याहरू मध्ये हाल दलित जातिलाई नागरिकता प्रमाणपत्र वितरण गर्दा अपनाइने शैली पनि एक हो।

कुनै पनि नागरिकको राष्ट्र, थर एवं वतन पहिचानका लागि हामी कहाँ नागरिकताको प्रमाणपत्र प्रदान गर्ने गरिन्छ। तर नागरिकताको प्रमाणपत्र वितरण गर्दा प्रत्यक्ष रूपमा गरिने असमान व्यवहारका कारण जातिभेद समस्या उन्मूलन प्रयासका अगाडि वाधा तेर्सिएको छ। गर्दा ब्राम्हण, क्षेत्री, नेवार जस्ता जातका मानिसहरूलाई उनीहरूको पौडेल, खड्का, प्रधान जस्ता थरका आधारमा नागरिकताको प्रमाणपत्र वितरण गरिन्छ। त्यो कुरा नागरिकता प्रमाणपत्रको उद्देश्य सम्मत छ।

अत्यन्तै खड्किएको कुरा चाहीं के छ भने त्यही कुरा जनजाति र दलितहरूको सवालमा भने लागू गरिंदैन। त्यस्ता थरहरू जनजाति र दलित जातिहरूमा पनि हुन्छन्। तर विशेष गरेर दलित जातिलाई प्रमाणपत्र दिंदा भने जात नै लेख्न लगाइन्छ। कथित जातलाई नै "थर" बनाइ नागरिकता प्रमाणपत्र दिइन्छ। कतिपय सचेत, शिक्षित दलितहरूले आ-आफ्नो थरको आधारमा नागरिकता बनाउने प्रयास गरेका छन्। तर विद्यालय, गाउँ विकास समिति, नगरपालिका र जिल्ला प्रशासन जस्ता निकायहरू वाधक बनेर तेर्सिने गरेका छन्।

यसरी प्रजातन्त्रको पुर्नस्थापना पश्चात पनि राष्ट्रिय निकायहरूबाट जातीय रूपमा दमन भइरहेको छ। जातीय असमान व्यवहार कायम गरिएको छ। दलित समुदायको मानवअधिकारप्रति खेलवाड गरिएको छ। तोकिएको "थर" को सट्टा कथित जातलाई "थर" बनाइ नागरिकता प्रमाणपत्र वितरण गर्ने प्रचलनले गर्दा प्रमाणपत्रकै अपहेलना हुन गएको छ। नागरिकता प्रमाणपत्रलाई जातिभेद जस्तो राष्ट्रिय कलंकको भावी सन्ततिमा हस्तान्तरण गर्ने "लाइसेन्स" का रूपमा स्थापित गरी प्रजातन्त्र र मानवअधिकारको खिल्ली उडाइएको छ।

नागरिकता वितरणको यस्तो शैलीका विरूद्धमा एकाध दलित संगठनबाट हल्काफुल्का आवाज उठाइएको छ। तर अदूरदर्शी र दलितका नाममा सँधै आफ्नो राजनीतिको सुरक्षा गर्न चाहनेहरू कथित जातलाई "थर" सरह नै मान्नु पर्ने जिकीर अघि सारी रहेका छन्। थरको आधारमा नागरिकता लिइएमा दलित संघर्षलाई घाटा लाग्ने कूतर्क अघि सार्दै दलित वर्गले राष्ट्रबाट पाएको अधिकारको समेत बेवास्ता गर्न सिकाइंदैछ। कतिपय पुरातनपंथी गैर मावतावादी र अप्रजातान्त्रिक शक्तिहरू दलितले केवल थर खुलाएर नागरिकता लिन पाउनु पर्छ भन्ने कुराको खुल्लम खुला विरोध गर्दैछन्।



विश्व इतिहासको अध्ययन गर्दा जापान र बेलायत जस्ता राष्ट्रहरूमा प्रजातन्त्रको स्थापना पश्चात थरको आधारमा नागरिकको पहिचान गराउने कार्यको शुरूवात गरिएको पाइन्छ। त्यस्तो शुरूवातका कारण आज "वुराकुमिन" तथा "केगोटस" जस्ता प्रजातन्त्र पूर्वका "अछूत" भनिने जातजातिहरूको त्यहाँ अस्तित्व नै छैन। आज ती केवल इतिहासको पानामा मात्र छन्। छुवाछूतको चिन्तन नै व्यवहारमा निमिट्यान्न भएको छ। आज ती देशहरूमा चौतर्फी विकास भएको छ।

दलित र अन्य जातजातिहरूलाई कथित जातको आधारमा नागरिकता वितरण गर्ने कार्य, गैर कानूनी पनि छ। त्यसैले सम्पूर्ण नेपालीलाई थरका आधारमा नागरिकता वितरण गरिनु पर्छ। तोकिएको "थर" को सट्टामा "जात" लेख्न राज्य व्यवस्थाबाटै वाध्य बनाउने र अह्राउने जस्ता गैर कानूनी क्रियाकलापमा संलग्न निकाय र व्यक्तिहरूउपर कारवाही हुनुपर्छ। जातका आधारमा वितरित नागरिकता प्रमाणपत्रलाई विनाशर्त पुनः थरको आधारमा परिवर्तन गरिनु पर्छ। अब नयाँ नागरिकता प्रमाणपत्रहरू थरका आधारमा वितरण गरिनै पर्छ। त्यसो गरिएमा मात्र विश्वमा नेपालको बदनाम गराउने जातिभेद संस्कारको उन्मूलन हुन सक्छ। नेपालको राष्ट्रिय एकता, अखण्डता कायम गरी भावी सन्ततिलाई जातिय युद्ध, जाति भेद, लगायत समस्याबाट मुक्तपारी प्रजातन्त्र र मानवअधिकारको विकास गर्न सकिन्छ।

भोलिपल्टदेखि भने कसैले सम्झिएन

हरेक वर्ष चैत २७ गते, इन्सेकद्वारा तयार पारिने मानवअधिकार वर्ष पुस्तक मात्र सार्वजनिक गरिदैन, वहुदीय व्यवस्था उपर देखा परेका अनिष्ट संकेतहरुको समेत समीक्षा गर्ने गरिन्छ। वर्ष १९९६ को मानवअधिकार वर्ष पुस्तक सार्वजनिक तुल्याइने समारोह झन विचारोत्तेजक र निष्कर्ष सहितको भयो। प्रमुख राजनेताहरुले आ-आफ्ना गल्तीहरु पनि स्वीकार गरे । एक छिन त त्यो कार्यक्रम आत्म समीक्षा गर्ने समारोह जस्तै हुन पुग्यो । भोलिपल्टदेखि भने त्यहाँ उठाइएको कुरा सम्झिने फुर्सत कुनै राजनीतिक व्यक्तिलाई भएन ।

मलाई "प" भन्ने शब्द पनि मन पर्दैन थियो

- डा. डिल्लीरमण रेग्मी

यो मानवअधिकार वर्ष पुस्तकको ठेलीलाई मैले ठेलीको रूपमा मात्रै लिइरहेको छैन। यसलाई मैले नेपाली जनताको दुःखको कहानीको संग्रहको रूपमा लिएको छु।

मानवअधिकारको उल्लंघन धेरै ठाउँमा भएको छ। अरू देशहरूमा पनि भएको छ। हाम्रो देशमा पनि बराबर हुँदै आइरहेको छ। यो देशमा शताब्दियौंदेखि नै मानवले मानवको हैसियतमा बस्न पाएका छैनन्। थोरै व्यक्तिहरूले शोषण गरिरहेका छन्। बलियाले निर्धालाई धनीले गरीवलाई र विद्वानले कम ज्ञान भएकालाई विभिन्न तरिकाबाट शोषण गरिरहेका छन्।

०४६ साल अघि पनि इन्सेक परिवारका सदस्यहरूले दिलोज्यानले मानवअधिकारको उल्लंघन हुन नपाओस् र हाम्रो ध्यान त्यसतर्फ जाओस। सरकारको र प्रहरीको दमन कुन हिसावले भइरहेको छ, त्यतातिर सरकारले नजर दौडाओस भन्ने कोशिस नगरेका होइनन्। म आज उनीहरूलाई धन्यवाद दिन्छु। कुन शब्दले धन्यवाद दिंउ, शब्द नै पाउँदिन्।

संयुक्त राष्ट्र संघले तयार गरेको प्रतिवेदनको र मानवअधिकारको व्याख्या गरेको ठाउँमा त्यतातिर पनि ध्यान दिनु पर्दछ। तर, कुनै-कुनै ठाउँमा उपद्रो भइ नै रहेको छ, निर्दोष मान्छेलाई पक्राउ गरिरहेका छन्। दोषीहरू फुत्किरहेका छन्। ००७ साल, ०४६ साल बितेर जान्छ। समय चक्र घुम्दो छ। तर, समयसंगै दमन चक्र पनि घुम्दोरहेछ।

म गृहमन्त्री छँदाको एउटा घटना सुनाउँछु। त्यतिखेर, तराई क्षेत्रको भ्रमणमा गएको थिएँ। तराई क्षेत्र कै एउटा जेलमा दश वर्षदेखि कैद एकजना मान्छेलाई भेटें। ऊ आन्दोलनमा सरिक भएकोले जेल परेको रहेछ। त्यस आन्दोलनमा उसले विना लाइसेन्सको पेस्तोल लिएको अभियोग लगाइएको रहेछ। मैले उसलाई पेस्तोल पाएको या नपाएको र मुद्दा हेरिएको या नहेरिएको कुरा सोधें। उसले केही नभएको बताए। त्यहाँबाट फर्किएर आएपछि मैले अनेक प्रयास गरे, उसलाई न्याय दिए। ऊ छुट्यो। यस्तो दृष्टान्त हामी पचासौं दिन सक्छौं। अर्को कुरा, जुन व्यक्तिमाथि वारेन्ट हुन्थ्यो, म उसलाई पनि भेट्थे। र, ती व्यक्तिलाई म के पनि भन्थे- प्रहरीले तिमीहरूलाई पक्राउ गऱ्यो भने म केही गर्न सक्दिन। तर, म आफू चाहिं कदापि पक्डाउदिन्न। किनकि, गृहमन्त्री भनेको कसैलाई पक्राउ गराउने, गोली हान्न आदेश दिने व्यक्ति होइन। गृहमन्त्रीले त नीति बनाउनु पर्छ।

मानवअधिकारको निम्ति लडिरहेका व्यक्तिहरूले प्रथमः मानवअधिकार कहाँ हनन भइरहेको छ भन्ने कुरा पत्ता लगाउनु पर्छ। त्यसको निदान खोज्नु पर्छ। सरकारको ध्यान आकर्षित गर्नु पर्छ। त्यस्तै, सरकारको काम चाहिं अपराध कहाँ भएको छ, कानून कहाँ तोडिएको छ, त्यो पत्ता लगाउनु पर्छ। गृहमन्त्रीको काम त नीति बनाइदिने हो, कुनै पनि कार्य कानूनको बर्खिलापमा छ भने त्यो बताइदिने हो। प्रहरीलाई पनि सरकारले आफ्नो निगरानीमा राख्नु पर्छ, ऊ त एउटा सेवक हो। जनताको सेवकले, जनतालाई दमन गर्नेहरूको जमात प्रहरी होइन। प्रहरी विवेकी हुनु पर्छ। प्रहरी जनताको हकको रक्षा गर्ने रक्षकको रूपमा पनि उभिनु पर्दछ। भक्षकको रूपमा होइन। तर, यस्तो तालिम कसले दिने भन्ने समस्या छ। हामी कहाँ आस्थाका बन्दीहरू पनि छन्। कम्युनिष्टहरू

शक्तिमा आए, अरू विचारधाराका व्यक्तिलाई जेलमा थुन्ने एवं प्रजातन्त्रवादीहरू हुँ भन्नेहरू सत्तामा पुगे कम्युनिष्ट विचारधारा मान्नेलाई जेलमा थुन्ने परिपाटी भएका छैनन् भन्न मिल्दैन। म आफू स्वयं जेलमा बसेको हुनाले जेलमा अहिले पनि आस्थाका बन्दीहरू छन्।

अहिले हाम्रो देशमा ट्रेड युनियन, विद्यार्थी र कर्मचारीहरूको पनि छुट्टाछुट्टै संगठन भएकोले एक पक्षले अर्को पक्षलाई देखी नसहने परिपाटी छ। अब, जागिरमा पनि हस्तक्षेप हुन्छ भने त्यो पनि मानवअधिकारको हनन नै हो। आफ्नो पार्टीको कार्यकर्ता भए उसलाई बढुवा गर्ने, सुविधा एवं अवसर दिने परिपाटी पनि छ। आफ्नो पार्टीको जतिसुकै असक्षम व्यक्ति भए पनि सक्षम ठहऱ्याएर स्थान दिने परिपाटी छ।

म राजनीतिक नियुक्तिको सख्त विरोधी मान्छे हुँ। म भन्छु- प्रजातन्त्र चाहन्छौ भने प्रजातान्त्रिक व्यवस्था बनाउ, प्रजातान्त्रिक परिपाटी बनाउ। प्रजातान्त्रिक परिपाटीमा संचार माध्यम कसैको हुन सक्दैन। संचार माध्यममा बस्ने व्यक्ति स्वतन्त्र हुनुपर्छ। त्यसको कुनै सिद्धान्त एवं पार्टी हुनुहुँदैन, ऊ सेवाको रूपबाट आउनु पर्दछ। तर, यहाँ एउटा पार्टीको सरकार आए उसकै मान्छेहरू भरिन्छ। मलाई लाग्छ, यहाँ त सरकारभन्दा पनि व्यक्ति छ। जो प्रधानमन्त्री छ, उसको गुनगान गाउने परिपाटी छ। तर प्रधानमन्त्रीलाई पनि ज्ञान चाहिन्छ, उसलाई प्रजातन्त्र भनेको यो हो भनेर पढाउने मान्छे चाहिन्छ।

म पंचायतको घोर विरोधी हुँ। मेरो घरमा पंचायतको वर्खिलापमा भाषण हुन्थ्यो। मलाई "प" भन्ने शब्द नै मन पर्दैनथ्यो।

आफ्नो सिद्धान्तमा म डगेको जस्तो लाग्दैन। अन्जान रूपमा कतै डगेको हुँला। तर, मानवअधिकार मेरो निम्ति ज्यादै प्यारो कुरा हो। चाहे बोस्निया होस्, चाहे प्यालेष्टाइन होस्, जायर होस् वा जुनसुकै देश होस्, मानवअधिकारको उल्लंघन भएको खबर सुने भने म मर्माहत हुन्छु। म नेपाल माताको पुत्र हुँ, यहाँ कै हावापानी पिएर हुर्किएँ। माता प्रति कसको स्नेह हुँदैन? मैले धेरै नराम्रा कुराहरू पनि सुनेको छु। त्यस बारे लेख्न थालियो भने पचासौं भागको "लण्डन रहस्य" जस्तो किताव बन्न सक्दछ।

हामी कहाँ अहिले चारित्रिक ह्रास आइरहेको छ। त्यसलाई कसरी बचाउने भन्ने चिन्ता अहिले टड्कारो रूपमा उब्जिएको छ। यो पनि मानवअधिकारभित्रै पर्ने कुराहरू हुन्। म अहिले चौरासी वर्षको भएँ। मेरो व्यक्तिगत जीवन कस्तो छ भनेर बुझ्ने अधिकार सबैलाई हुनुपर्छ। तर, मेरो मनमा कतै दमनको कुरा उठ्यो भने म झसंग हुन्छु।

मान्छेलाई ज्यादै दुःख दिन थालियो भने हातखुट्टा सबै चलाउँछ। नजिकको ढुंगा-मुढापनि नग्राले हुत्याउँछ। मान्छेलाई दुःख दिइयो भने ऊ जे पनि गर्न बाध्य हुन्छ। हिंसाको जवाफ हिंसा होइन। तर, हिंसा गर्न थाल्यो भने हिंसाले हिंसा जन्माउछ। हिंसाको जड सरकार नै हुन सक्दछ। किनकि ऊ सित प्रहरी छ, गोली-गठ्ठा छ, मान्छेलाई पक्रने साधन छ। तसर्थ, पहिलो जोरजुलुम सरकार कै तर्फबाट हुन्छ।

समाजमा सरकारको रूप कोमरसनको रूपमा आउने गर्दछ। तर यसको कसरी समाधान गर्ने भन्ने समस्या छ। यसको उचित जवाफ बुद्धले खोजे, सन्तहरूले खाजे। इशा मसिहको कथा मैले भन्नै पर्दैन। गान्धिजीले, त्यसलाई राजनीतिक क्षेत्रमा पनि प्रयोग गर्नु भयो। त्यहाँ साम्राज्यवाद ढल्यो, ठिकै भयो। तर, औषधिको सवाल उठ्दा गान्धीजीले पनि हार खानु पर्छ।

नेपालको कुना-काप्चामा के-के भइरहेको छ, त्यो त मलाई पनि थाहा छैन। तर, जेलको अवस्था बुझ्दा चाहिं ज्यादै नराम्रो पाएको छु। म पनि जेलमा बसें। जंगबहादुरको पालाको ओढ्ने-ओछ्याउने नै अहिलेसम्म त्यहाँका कैदीहरूले प्रयोग गरिरहेको झैं स्थिति छ। तसर्थ, यहाँ जेल सुधार पटक्कै भएको छैन। किनकि, जेलको सुधार गर्ने भनेर ठेकेदारलाई जिम्मा दिइन्छ



उसले पर्याप्त नाफा खान्छ। नाफा खाएर बचेकोबाट नै काम हुन्छ। म भारतको जेलमा बसें, त्यहाँ खान-प्युन मानवोचित छ। मैले अमेरिका र बेलायतको जेल पनि दर्शकको रूपमा हेरें। तसर्थ, हाम्रो देशको कैदीको हालत भन्दा भारतको कैदीको हालत राम्रो छ।

प्रसंग बाहिर गए जस्तो लाग्यो। मानवअधिकारको निम्ति लड्ने व्यक्तिहरूले जेलमा के भइरहेको छ, जेल बाहिरका प्रहरीले गरेको ज्यादती थाहा पाउनु पर्छ। हाम्रै बीचमा धनीले धनको भरमा, बलियोले बलको भरमा कति अन्याय-अत्याचार गर्छ, त्यो पनि थाहा पाउनु पर्‍यो। मानवले मानव भएर बस्न पाउनु पर्दछ। उसले गाँस पाउनु पर्दछ, वास पाउनु पर्दछ र कपास पाउनु पर्दछ। शिक्षा पाउनु पर्दछ।

म दोस्रो विश्वयुद्धको कुरा गर्न गइरहेको छु। म त्यतिखेर हिन्दुस्तानको जेलमा थिएँ। तर, त्यहाँ खुल्ला रूपमा जर्मनीलाई समर्थन गर्ने व्यक्ति मात्रै जेलमा थियो, अरू कुनै जेलमा थिएन। के आज हामी यो कुरा गर्व गरेर भन्न सक्छौं? आज प्रजातन्त्र आएको झण्डै पचास वर्ष जति भयो,



विमोचन समारोहमा वर्ष पुस्तक आवरणको ठूलो नमूनामा हस्ताक्षर गर्नु हुँदै डा. रेग्मी

एउटा कालखण्डको जीवन्त विवरण

"राष्ट्रमा मानवअधिकार संस्कृतिको विकास गर्ने समस्या एउटा ठूलो चुनौति बनेर खडा भएको छ। जनआन्दोलनको मर्म, त्यस आन्दोलनका अगुवा राजनीतिक दलहरूले नै विर्सन थालेका छन्। उनीहरूले विगत डेढ वर्षदेखि त आफ्ना निर्वाचन घोषणापत्रलाई समेत बिर्सनि संस्कृतिको निर्माण गरेका छन्। सांसदहरू आफूलाई कुनै कानूनले नछुने गरी राष्ट्रिय अर्थतन्त्रको दुरूपयोग गर्ने कानून बनाउन थालेका छन्। वर्षमा तीन महिना पनि दुई छाक खान नपाउने जनताका प्रतिनिधिहरूले तीस-पैंतीस लाख पर्ने गाडी भन्सार राजस्वमा भारी छूट सहित भिकाउन पाउने सुविधा यसको ज्वलन्त प्रमाण हो।"

मुलुकको यस्तो दुःखद् पक्षमा सबैको ध्यान आकर्षण गर्दै मानवअधिकार वर्ष पुस्तक १९९६ प्रस्तुत भएको छ। यो पटकको वर्ष पुस्तकमा "यस वर्षको उल्लेख्य" अन्तरगत "माओवादी जनयुद्ध र मानवअधिकार" लाई समेटिएको छ। "यस वर्षको प्रमुख घटना" मा "नेपाल र भारतबीच सम्पन्न महाकाली सन्धि" लाई समावेश गरिएको छ।

मानवअधिकार उल्लंघनका जिल्लागत विवरण लगायत विगत पाँच वर्षको अवधिलाई समेट्दै मानवअधिकारसंग शिक्षा, आमसञ्चार, ट्रेड यूनियन, महिला, बालबालिका र यातनाका अवस्थालाई दाँजिएको छ।

वर्ष पुस्तकका अनुसार ०५२ चैत १९ गतेदेखि ०५३ फागुन १५ गतेसम्म प्रहरीद्वारा देशभरमा ३९ जना माओवादीहरू मारिए। त्यस्तै ०५२ फागुन २० गतेदेखि ०५३ माघ १९ गतेसम्म माओवादीको शिकार भएर देशभरमा १२ जनाले ज्यान गुमाउनु पऱ्यो।

वर्ष पुस्तक ९६ पनि नेपाली मानवअधिकार अभियानको एउटा जीवन्त दस्तावेजका रूपमा प्रस्तुत भएको छ। ५ सय १० पृष्ठको दस्तावेज वर्ष ९६ भरीका देश र जनतासंग गाँसिएका सम्पूर्ण घटनाक्रम अनि उतारचढावको विवरणका रूपमा देखा परेको छ।

०४६ सालपछि सात वर्ष बितिसक्यो। प्रजातन्त्र आएको सातौ वर्ष गाँठमा मात्रै जनआन्दोलन दिवस मनाइयो, ६-६ वर्षसम्म के हेरेर बसेका थिए? किन, मनाइएन? ती नेताहरू कता गएका थिए? मलाई यस्तै-यस्तै प्रश्न सोध्न मन लागेको छ। म त? जनआन्दोलनको बेला घर मै नजरबन्द थिएँ। मलाई धेरै कुरा थाहा पनि छैन। "वाह! वाह!!" लुट्ने अरूहरू भए। देशको सेवा गर्नेलाई सबैले वाह! वाह!! गर्नु पर्छ। तर, म मनुष्य हुँ, मैले मनुष्यचित व्यवहार पाउनु पर्छ भन्ने कुरा थाहा हुनु पर्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा नै विना वारेन्ट कसैलाई गिरफ्तार गर्न नपाइने कुरा उल्लेखित छ। कसैको विनाकारण घरमा प्रवेश गर्न नपाइने व्यवस्था तोकिएको छ।

नेपालको प्रशासन कस्तो छ भन्ने कुरा मलाई राम्रैसंग थाहा छ। म स्वयं गृहमन्त्री भएको हुँदा थाहा छ। म आज पनि कोही-कोहीलाई आजको परिपाटीको बारेमा सोध्छु। उनीहरू केही नबदलिएको, तेरो र मेरो मान्छे मात्रै भन्ने गरेको कुरा सुनाउँछन्। यहाँ कोही मान्छे मन्त्री भयो भने आफ्ना नातेदारहरूलाई जागिर खुवाउने भन्दा अरू काम नै छैन। उद्घाटन गर्न हिड्ने बाहेक अरू केही काम छैन। म त भन्छु- अब एउटा उद्घाटन मन्त्रालय खोले हुन्छ।

मेरो समयको भारत र अहिलेको भारतमा फरक छ। गान्धिको नेतृत्वको भारतका गान्धिजीको सहायकहरू जवाहरलाल नेहरू, राजेन्द्र प्रसाद, के. मुन्सी वल्लभभाई पटेल आदिसित साक्षात्कार हुँदा मेरो शीर झुक्दथ्यो। हाम्रा नेताहरूले पनि यस्तै चेला बनाउनु पर्छ भन्ने म चाहना राख्छु।

विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री हुँदाको कुरा हो। स्वीजरल्याण्डको एउटा होटलमा पार्टी थियो। उनले मलाई आफ्नो सवारी साधन लिएर आउनु भएको छ कि भनेर सोधे। मैले ल्याएको छैन, नजिकै पर्ने हुँदा हिडेरै आएको हुँ भने। वि.पी.ले म पुऱ्याई दिन्छु, तपाईंसित एकछिन कुरा पनि गर्नुछ भन्नुभयो। कुराकानी गर्ने सिलसिलामा उनले आफूलाई उक्त दिन पार्टीका चारजना मान्छेहरू आएर खुट्टा समातेको र खुट्टा समात्नेहरूले फलानो खाली पदमा मलाई मिलाइदेउ भने भनेर भन्नुभयो। त्यसपछि मैले वि.पी. सोधे- तिमीले उनीहरूलाई के जवाफ दियौ त? वि.पी.ले भन्यो- मैले खाली नभएको र तिमीहरू योग्य छैनौ भनें। मैले त्यसपछि वि.पी.लाई तपाई योग्यताको कुरा किन गर्नुहुन्छ? तपाईको पछि उनीहरू लागेको बाह्र वर्ष भइसक्यो, त्यही हो योग्यता भनेर भने। मैले यो कुरा किन उठाएको हुँ भने पार्टीका कार्यकर्ताहरूलाई मात्रै जागिर दिने क्रम अहिले पनि जारी भएको झलक दिनलाई उठाएको हुँ।

म के चाहन्छु भने, नेपालमा कोही भोको नहोस्, कोही आस्थाको बन्दी नहोस्। र, जनताले हतियार लिन बाध्य सरकारले नपारोस्। अहिले चलिरहेको माओवादी आन्दोलन छ, त्यसको राजनीतिक रूपबाट समाधान हुनु पर्दछ। किन, तिनीहरू हात-हतियार उठाउन बाध्य भए? त्यसको जवाफ खोज्नु पर्छ। किनकि, हात-हतियार उठाएर मान्छे मार्नु गम्भीर कुरा हो। त्यसप्रति प्रहरी कतिको जिम्मेवारपूर्ण छ? सरकारले बुझ्नु पऱ्यो। प्रहरीको ज्यादती भएर नै हतियार उठाउन बाध्य भएका हुन कि? त्यो पनि बुझ्नु पर्दछ। तिनीहरू माथि ठूला-ठालुले कति थिचोमिचो गरेको छ? त्यो पनि पत्ता लगाउनु पर्दछ। अनि, त्यसपछि मात्रै समाधान हुन्छ। कुराकानीबाट समाधान गर्नु पर्छ।

त्यसो त, बोस्नियामा, जायरमा र प्यालेष्टाइनको झगडामा कैयौं मान्छेहरू मरिसकेका छन्। कैयौं मान्छे घाइते भएका छन्। यस्तो सुन्दा संसारभरि नै डढेलो लाग्यो कि भन्ने भान हुन्छ। मन आत्तिन्छ। तर, यसको समाधान पनि छलफलद्वारा नै हुन्छ।

संयुक्त राष्ट्र संघलाई बलियो बनाउनु पर्छ।

वर्ष पुस्तक बिक्री वितरणमा संलग्न इन्सेकका कार्यकर्ताहरू

साधन दिनुपर्छ। अमेरिकाले अझै पनि संघको २ विलियम डलरको ऋण चुक्ता गर्न सकिरहेको छैन। जुन धनि राष्ट्र छन्, उनीहरूले पनि आफूले तिर्नु पर्ने पैसा दिइरहेका छैनन्। हामीकहाँ अहिले सरकारको १५ प्रतिशत बजेट शैक्षिक क्षेत्रमा खर्च हुन्छ। तर, कैयौं विद्यालयहरू साधन-सुविधा सम्पन्न छैन, कैयौं ठाउँमा विद्यालय छैन। तर, जहाँ पार्टीले चलाएको कुनै विद्याल छ भने त्यहाँ पैसा, साधन र सुविधा पुगिरहेको छ।

मेरो चाहना नै यत्ति छ- नेपाल सुन्दर, शान्त देश बनोस्, कोही जेल बस्नु नपरोस्, कोही भोका-नांगा नहुन्।

एकपटक पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा म कहाँ आउँदा उनले "के गर्ने? यहाँ प्रत्येक पार्टीका मान्छेहरू आएर यो ले त्यो ले भनेर मात्रै माग्छ" भन्ने गुनासो गरेका थिए। त्यसपछि मैले सोधेको थिएँ- देशको हालत खराब छ, गाउँको हालत खराब छ भनेर कोही आए? उनले बहुत कम आएको कुरा सुनाए। हाम्रा गिरिजाबाबुको पनि त्यस्तै अनुभव होला। यहाँ बोल्ने क्रममा उनले आफ्ना अनुभवहरू बहुत इमान्दारीपूर्वक भनून्। बरू, पार्टीलाई बचाउनु जरूरत छैन, नेपालको हालत के छ? त्यो हेर्नु पर्‍यो। नैतिकता कहाँ पुग्यो? त्यो हेर्नु पर्‍यो। यहाँ मान्छेको खरिद, विक्री समेत हुन थालेको छ। चुनावमा कोही मान्छे जितेर आउँछ। जितेर आएपछि उसले आफ्नो कर्तव्य भन्दा बाहिरको काम गर्छ र सरकारलाई समेत

अहिले चलिरहेको माओवादी आन्दोलन छ, त्यसको राजनीतिक रुपबाट समाधान हुनु पर्दछ। किन, तिनीहरु हात-हतियार उठाउन बाध्य भए ? त्यसको जवाफ खोज्नु पर्छ। किनकि, हात-हतियार उठाएर मान्छे मार्नु गम्भीर कुरा हो। त्यसप्रति प्रहरी कतिको जिम्मेवारपूर्ण छ ? सरकारले बुझ्नु पर्‍यो।

खतम पार्छ। यो स्थितिमा हामी तल गिरिसकेका छौं। हामी मुख देखाउन नालायक भइसक्यौं। हामी आज यो स्थितिमा छौं।

म तपाईहरूलाई आश्वस्त गर्न चाहन्छु, मेरो दिल शुद्ध छ, कसैप्रति मेरो ईर्ष्या, द्वेष छैन। प्रजातन्त्र फलोस फुलोस्। निर्भिक भएर बोल्न पाउने, योग्यता र क्षमताको आधारमा जागीर पाउने परिपाटी बसोस्। मलाई लाग्छ- जागिर दिने मन्त्री होइन, पार्टी होइन। म त भन्छु- राजदूतको नियुक्ति पनि पार्टीगत तवरबाट होइन, सेवाबाट जानु पर्छ। तिम्रो मालिक अरू कोही होइन, दूनियाँ हो। दूनियाँ भनेको त अमूर्त हो, चार जनाले पनि दूनियाँको नाम लिएर हुलहुज्जत गर्न सक्छ। तर, त्यसलाई दूनियाँ भन्न चाहिं सकिदैन। नियम, कानून नै मालिक हुन्, मन्त्री मालिक होइन। नियम, कानूनको राम्रो संगले पालना गरे कसैले कोहीसित डराउनु पर्दैन।

एकपटक नेहरूसित मेरो कुरा चल्दा उहाँले भन्नु हुन्थ्यो- म त एकजना पियनलाई पनि भर्ना गर्न सक्दिन। तर, हाम्रो देशमा प्रधानमन्त्री या अरू मन्त्रीहरूले ठुल-ठूला पदमा अरू कोही पद नपाए एडभाइजर बनाएर पनि जागिर खुवाइन्छ। यस्तो नहोस् भन्ने कामना बारम्बार गर्दछु। मलाई केही हुनु पनि छैन। मौका धेरै आए। मैले धेरै जसो मौकालाई त्यागें। यो चौरासी वर्षीय उमेरमा केही ईच्छा, आकांक्षा पनि छैन। तर, मर्ने बेलामा एउटा आकांक्षा चाहिं के छ भने- नेपाललाई सुखी एवं समृद्धशाली बनोस्, यहाँ कोही भोकै नमरोस्, कोही अशिक्षित भएर नबसोस्, जेलमा कोही बन्दी पनि नहोस्।

यहाँ कुनै मन्त्री, प्रधानमन्त्रीले भाषण गर्‍यो भने प्रशासनमा राजनीतिकरण नहुने, आस्थाको कुरा नहुने भाषण गर्छन्। तर, यहाँ प्रत्येक राजनैतिक पार्टीहरूले आ-आफ्नो संगठन खोलेर शिक्षक, कर्मचारी र मजदूरहरूलाई बाँडिरहेका छन्। यस्तो नहोस्। किनकि, उसको भोट दिने अधिकार त छँदैछ नि। सरकार ओहदामा बस्ने मान्छेले राजनीति गर्नु हुँदैन। यस्तो भयो भने नेपालमा प्रजातन्त्र फष्टाउँछ।

मैले आज जति कुरा बोले। नेपालको कल्याण होस्, देशवासीहरूको कल्याण होस् भनेर नै बोलेको छु। कोही भोको नहोस्, कोही अशिक्षित नरहोस्, सबैलाई मानवअधिकारको बारेमा सामान्य जानकारी होस्, कसैको मानवअधिकार नछिनियोस्, नखोसियोस्।

हामी सबै बीच अन्तरक्रिया हुनु जरुरी छ

- गिरिजाप्रसाद कोइराला



मानवअधिकार यति व्यापक छ र यसका हाँगाबिगा यति फैलिएका छन् कि त्यसलाई समेटेर एउटै सूत्रमा गाँस्न अत्यन्त गाह्रो छ। यो व्यापकतालाई ध्यानमा राखेर हेर्दा कुन विन्दुबाट यसको शुरूवात गर्ने हो मलाइ थाहा छैन र कहाँबाट शुरू गर्ने हो भन्ने कुरा पनि बुझिरहेको छैन।

जहाँ मानवअधिकारको कुरा हुन्छ त्यहाँ स्वभाविक ढंगले प्रजातन्त्रको पनि कुरा आउँछ। प्रजातन्त्र भएन भने मानवअधिकार निरर्थक हुन्छ, त्यस्तै मानवअधिकार भएन भने प्रजातन्त्र पनि निरर्थक भएर जान्छ। तसर्थः मानवअधिकार र प्रजातन्त्रलाई संगसंगै लिएर जानु पर्दछ। अनि मात्र प्रजातन्त्र सफल र सुदृढ भएर जान्छ।

म प्रधानमन्त्री हुँदा मानवअधिकारका सम्बन्धमा धेरै कुरा उठे। यूरोप लगायतका विभिन्न देशहरूबाट आएका धेरै मानवअधिकार- वादीहरूले मसंग प्रश्न गरे। पर्यावरणवादीहरूले पनि कुरा राखे। बेसकोटको कपडा उद्योगको बारे पनि कुरा उठाइयो। तर एउटा गाह्रो प्रश्न के छ भने मलाइ यी सबै कुराको राम्रो ज्ञान वा जानकारी थिएन। म राजनीतिमा प्रवेश गर्दा पनि राजनीतिकै प्रवेश गर्दैछु भन्ने कुराको हेक्का थिएन। मजदूर फाँटमा काम गर्दागर्दै आफसे-आफ म राजनीतिमा प्रवेश गरें। त्यहींबाट मेरो राजनीतिक यात्रा शुरू भयो।

अचानक म प्रधानमन्त्री भएँ, प्रधानमन्त्री बन्छु भनेर सोचेकै थिइनँ। यो कुर्सीमा बसेपछि के गर्नुपर्छ भन्ने कुरा मलाई थाहै थिएन। इतिहासका पुस्तकहरूमा पढेको थिएँ कि प्रधानमन्त्री बनिसकेपछि केही न केही त गर्नै पर्छ। त्यही अभिप्रायले प्रधानमन्त्री बनेकै दिन

एक-दुई जना कैदीहरूलाई मुक्त गरिदिएँ। त्यसबखत मसंग एउटा कलम पनि रहेनछ। सचिवसंग कलम लिएर त्यो कागजमा हस्ताक्षर गरिदिएँ। त्यसबेला मलाई असजिलो लाग्यो। मनौवैज्ञानिक रूपकै साधारण मानिस र हामी राजनीतिकर्मी बीच ठूलो अन्तर हुँदो रहेछ। त्यो कलम लिनासाथ मलाइ के अनुभव भयो भने प्रधानमन्त्री भएको एक घण्टा बित्दानबित्दै कलम माग्न थाल्यो भन्छन् कि भन्ने लाग्यो। मैले सचिवलाई भनें- भोलि तपाईलाई यसभन्दा राम्रो कलम ल्यादिन्छु, यो पहिलो पटक प्रधानमन्त्री भएर सर्वप्रथम हस्ताक्षर गरेको कलम म राख्छु। तर यहाँनिर एउटा कर्मचारी र प्रजातान्त्रिक तरिकाबाट निर्वाचित प्रधानमन्त्री बीच ठूलो अन्तर रहेको महसूस गरें। अनि त्यसको पर्सिपल्ट महाराजधिराजको दर्शन पाएँ। मैले महाराजधिराजलाई भनें- यो संसदीय प्रजातन्त्रले कसरी काम गर्छ? मलाई त थाहै छैन। तसर्थः मबाट गल्ती भए सरकारले सचेत पार्नु पर्‍यो। महाराजधिराजबाट पनि हुकुम भयो- "संसदीय प्रजातन्त्रमा राजतन्त्रको के भूमिका रहन्छ मलाई पनि थाहा छैन, तसर्थः मैले केही गल्ती गरें भने मेरो पनि खबरदारी गर्नु। यस घटनाबाट मलाइ लाग्यो अन्तर्क्रिया हुनु जरूरी रहेछ।

माथिल्लो तहमा त अन्तर्क्रिया भयो। तर कार्यकर्ता र कार्यकर्ताका बीचमा, नेता र कार्यकर्ताका बीचमा, मानवअधिकारवादी संस्था र राजनीतिज्ञका बीचमा अन्तर्क्रिया हुन सकेन। मैले त्यही बेला महसूस गरें अन्तर्क्रियाको अभावमा प्रजातन्त्र विकसित हुँदो रहेनछ। र, मानवअधिकारको पूर्ण वहाली हुँदो रहेनछ।

म प्रधानमन्त्री भएको केही समय पश्चात नै आन्दोलन चल्यो। रेलिङहरू भाँच्चिए। प्रधानमन्त्रीको पुत्ला जलाइए- यी सबै कारणले म आत्माले चिन्तित रहें। राती राम्रोसंग निद्रा पर्दैनथ्यो। मानवअधिकार कहाँबाट शुरू हुन्छ र कहाँ अन्त्य हुन्छ भन्ने कुरा मलाई थाहा थिएन। त्यसैले म कति हदसम्म जाने र कति हदसम्मको छूट दिने भन्ने कुरा सोच्न थालें। मानवअधिकार र प्रजातन्त्रका निम्ति आठ-दश वर्ष जेल पनि बसियो। त्यसबेला यस सम्बन्धी सोचेको पनि थिइनँ। तर जब प्रधानमन्त्री भएँ त्यसपछि मात्र यसतर्फ सोच्न थालें।

सबै राष्ट्रको धार्मिक सांस्कृतिक र ऐतिहासिक कुरालाई ध्यानमा राखेर मानवअधिकारको विश्लेषण गरिएको छ। र, मानवअधिकारका बारेमा यो-यो हुनुपर्छ भनी किटानी गरिएको छ। तर व्यवहारिक रूपमा त्यस्तो देख्न पाइँदैन। यूरोप, जर्मनी लगायतका देशहरूबाट करीब बीस जनाको प्रतिनिधि मण्डल नेपाल आएको थियो। तिनीहरूले



मानवअधिकारका बारेमा धेरै कुरा उठाए। हामीकहाँ भर्खर भर्खर प्रजातन्त्र आएको थियो। सरकार कसरी संचालन गर्नुपर्छ भन्ने कुराको राम्रो ज्ञान नभएको मान्छे सरकार प्रमुख छ। कानूनी राज्य स्थापना भइसकेको छैन। तसर्थः सरकारको पहिलो काम भनेको कानूनी अवधारणाको विकास गर्नु र जनतालाई सुरक्षा प्रदान गर्नु हो। मैरो विचारमा मानवअधिकारको शुरूवात त्यही हो। र अन्तिम विन्दु भनेको संविधानले कोरिदिएको सीमा रेखा हो।

मानवअधिकारको क्षेत्रमाआएका विकृतिहरू बडो निन्दनीय छन्। प्रजातन्त्र आइसकेछि हाम्रै पार्टीको क्रियाकलापबाट पनि म सन्तुष्ट छैन। राजनीतिक पार्टीहरूकै कारण सामाजिक क्षेत्रमा समेत विकृतिहरू देखा परे। तसर्थ मैले विभिन्न राजनीतिक पार्टीहरू बीच वार्ता गरिनु पर्ने महसूस गरें। एमालेका साथीहरूसंग बसेर राजनीतिक क्षेत्रमा देखा परेका विकृति र यस विकृतिका कारण राजनीतिकर्मीहरू प्रति बढेको जनताको वितृष्णालाई कसरी रोक्ने लगायतका विषयमा

मानवअधिकार कहाँबाट शुरु हुन्छ र कहाँ अन्त्य हुन्छ भन्ने कुरा मलाई थाहा थिएन। त्यसैले म कति हदसम्म जाने र कति हदसम्मको छूट दिने भन्ने कुरा सोच्न थालें। मानवअधिकार र प्रजातन्त्रका निम्ति आठ-दश वर्ष जेल पनि बसियो। त्यसबेला यस सम्बन्धी सोचेको पनि थिइनँ। तर जब प्रधानमन्त्री भएँ त्यसपछि मात्र यसतर्फ सोच्न थालें।

छलफल भयो। यदि यो बढ्यो भने प्रजातन्त्रमाथि नै खतरा आउँछ भन्ने कुरामा हामी दुवैको सहमति भयो र यसका लागि हामी दुवै ठूला पार्टी जिम्मेवार रहेको ठहर गर्‍यौं। यस बीचमा खरिद-बिक्री र अपहरणका कुराहरू भए र यसमा पनि एउटा पार्टी मात्र जिम्मेवार नरहेको ठहर गर्‍यौं। यो खरिद विक्रीको प्रसंग आउँदा मलाइ पुरानो कुराको सम्झना आयो- त्यसखबत वी.पी. जेलमै हुनुहुन्थ्यो। म भर्खर-भर्खर जेलबाट छुटेको थिएँ। राजा महेन्द्रले त्यसैबेला भन्नुभयो- "हेर गिरिजा- मान्छेको पनि मूल्य हुँदो रहेछ।" "कस्तो मूल्य सरकार? मूल्य र मान्यता त सबैको हुन्छ।" मैले भने। अनि उहाँले भन्नुभयो- "कसैको दुई लाख, कसैको एक लाख त कसैको कति।" त्यसपछि उहाँले वी.पी.को फोटो देखाएर "तर यो मान्छेको भने मूल्य छैन।" भन्नु भयो। मलाइ लाग्यो मेरो पनि मूल्य छ भनेर जाँच्न खोजेको होला। तर म केही नबोली फर्किएँ। अहिले आएर जुन कुरा मैले प्रत्यक्षतः देखें। तब मलाई लाग्यो वास्तवमा मान्छेको मूल्य हुँदो रहेछ। राजा महेन्द्रको कुरा ठिकै रहेछ।

राजनीतिकर्मीहरू भागेर लुक्न जान थाले। मन्त्रीहरू स्वयंले आफूलाई असुरक्षित महसूस गरे। यहीं बसेर आफ्नो कुरा स्पष्टताका साथ राख्ने हिम्मत पनि भएन उनीहरूलाई। अरे बाबा! म कहाँ नै आएको भए पनि लुकाइ दिने थिएँ। किन जानु पर्‍यो भारत र बैंकक? अर्कोतर्फ यिनै घटनाहरूले विभिन्न प्रश्नहरू उठाए। आम मान्छेहरू भन्न थाले कि के नेपाल सार्वभौम सम्पन्न राष्ट्र होइन? यसले स्वतन्त्रता पाइसकेको छैन? यदि यो स्वतन्त्र मुलुक हो भने किन यहाँका मन्त्रीहरू भागेर भारत र बैंकक जान्छन्? वास्तवमा मलाइ पनि यस घटनाले राष्ट्रियताप्रति नै खिल्ली उडाउने काम भएको अनुभूति भयो।

मनमोहजीसंग यसबारेमा प्रशस्त छलफल भयो। यसलाई रोक्नै पर्छ। रोकिएन भने बिकृति झन बढेर जान्छ। यो बिकृति प्रवृत्तिको रूपमा विकसित भएर गयो भने भोलि हाम्रो समाज र राष्ट्रलाई नै ध्वस्त पार्छ। तसर्थ यसको समाधान खोज्नै पर्ने टुंगो गर्‍यौं। र, यस पालिको सदनमा "दल बदल कानून" ल्याउनु पर्ने कुरामा सहमति भयो। त्यसपछि राप्रपाका दुई गुटका नेताहरूसंग पनि कुराकानी भयो। यस बीचमा जनआन्दोलनकारी शक्तिहरू मिल्नु पर्ने कुरा पनि उठ्यो। तर मेरो स्पष्ट दृष्टिकोण थियो- साना पार्टीहरूले पनि प्रजातन्त्रमा फष्टाउने मौका पाउनु पर्छ। उनीहरूको पनि प्रजातन्त्रमा ठूलो भूमिका र महत्व हुन्छ। र, ठूला पार्टीहरू मिल्ने नाममा साना पार्टीहरूको

अस्त्वि मेटाउनु हुँदैन। यस कुरामा मनमोहनजी पनि सहमत हुनुभयो। उहाँले पनि सकारात्मक कुराहरू नै अगाडि ल्याउनु भयो। उहाँले नै हामी दुई ठूला पार्टीहरू मिल्दा साना पार्टीहरूलाई समाप्त गर्ने किसिमले जानु हुँदैन भन्नुभयो। र, हामी एउटा निश्चित विन्दुमा पुग्यौं कि यो विकृतिलाई हटाउन हामीहरू लाग्नै पर्छ। एउटा निश्चित सीमारेखा कोरिनु पर्छ। तर त्यही बेला सरकार परिवर्तन भयो। बेग्लै किसिमको स्थिति विकसित भएर गयो।

अर्कोतर्फ मानवअधिकारको सवालमा इन्सेकको भूमिका मेरो विचारमा अत्यन्त सकारात्मक छ। उहाँहरूले यस सम्बन्धी थुप्रै पुस्तकहरू पनि प्रकाशित गर्नु भएको छ। ती सबै पढ्न पाएको छैन। तर अब पढ्नु पर्ने महसूस भइरहेको छ। मानवअधिकारका सम्बन्धमा मेरो दृष्टिकोण के रहेको छ भने मानव सभ्यताको विकास संगसंगै यो पनि जोडिएर आएको छ। मानवअधिकारको सम्बन्धमा निश्चित रूपमा यही हुनुपर्छ भन्ने केही छैन। परिस्थितिको विकासले नै जनता आफ्नो अधिकार खोज्न मजबूर हुन्छन्। र, त्यहीबाट मानवअधिकारको कुरा शुरू हुन्छ। मानवअधिकारको कुरा विट्रिनबाट शुरू भयो। फ्रान्स स्वतन्त्र हुने क्रमसंगसंगै यसले विकसित हुने मौका पायो र यहाँसम्म आइपुगेको छ।

अमेरिका वा अन्य त्यस्तै धनाढ्य मुलुकहरू गरीब मुलुकलाई केही न केही अप्ठ्यारोमा पारिरहेका हुन्छन्। उनीहरू सधै गरीव मुलुकलाई त्यही स्थितिमा देख्न रूचाउँछन्। तसर्थ मानवअधिकारको सवालमा पनि आफ्नो मुलुकको विशिष्ट परिस्थितिलाई ध्यानमा राखेर नै कुरा गर्नु पर्दछ। मानव अधिकारको उल्लंघनका कुराहरू प्रशस्त मात्रामा उठेका छन्। बाहिरबाट हेर्दा त्यस्तो लाग्छ पनि। तर हामीकहाँ त भर्खर-भर्खर मात्र प्रजातन्त्र आएको छ। बिस्तारै यो सुदृढ हुने क्रममा मानवअधिकारको पनि पूर्व ग्यारेन्टी हुन्छ।

अहिले हामी संक्रमणकालको अवस्थाबाट गुज्रिरहेका छौं। हाम्रो समाजको प्रत्येक अंगमा हलचल नाच्चिएको छ। नयाँ युग अर्थात परिवर्तनको युगमा प्रवेश गर्ने क्रममा यो देखिनु स्वाभाविक पनि हो। हवाइजाहाजभित्र बस्ने मान्छेलाई उसको गतिको बारेमा थाहा हुँदैन। तर

म भर्खर-भर्खर जेलबाट छुटेको थिएँ। राजा महेन्द्रले त्यसैबेला भन्नुभयो- "हेर गिरिजा- मान्छेको पनि मूल्य हुँदो रहेछ।" " कस्तो मूल्य सरकार? मूल्य र मान्यता त सबैको हुन्छ।" मैले भने। अनि उहाँले भन्नुभयो- "कसैको दुई लाख, कसैको एक लाख त कसैको कति।" त्यसपछि उहाँले वी.पी.को फोटो देखाएर "तर यो मान्छेको भने मूल्य छैन।" भन्नु भयो। मलाइ लाग्यो मेरो पनि मूल्य छ भनेर जाँच्न खोजेको होला। तर म केही नबोली फर्किएँ।

बाहिर बस्ने मान्छेलाई उसको गति थाहा हुन्छ। तसर्थ परिवर्तनको नियम पनि यसैसंग सम्बन्धित छ। हामी कहाँ पनि क्रमशः परिर्वन भइरहेको छ। र समाजलाई यसले झकझकाएको छ। समाजका प्रत्येक अंगले परिवर्तनको क्रममा आफ्नो स्थान र भूमिका खोजिरहेका छन्। त्यसैले यो विचलन देखिएको हो। प्रजातन्त्र र मानवअधिकारमा हलचल आउनुको पनि यही मुख्य कारण हो। यसबाट आत्तिनु पर्ने केही छैन। समाज परिवर्तनको क्रममा यी घटनाहरू स्वाभाविक हुन् र यसैबाट नै समाजले गति लिन्छ।

राजनीतिक क्षेत्रमा देखिएको विकृति हटाउन हामी दुई ठूला पार्टी बीच सहमति कायम हुनैपर्छ। हामीकहाँ त मन्त्री पनि भएका छन्। र उनीहरूलाई उल्टै पैसा पनि दिनु पर्ने रे! मन्त्रीहरू नै किनबेचका साधन बनेका छन्। यो त चरम विकृति हो। यसलाई निश्चित विन्दुमा पुगेर हटाउनै पर्छ। इन्सेक जस्ता गैर सरकारी संस्थाको भूमिका सधै वाच डगको रूपमा हुनुपर्छ। यस्तो अभावमा विकृतिले मौलाउने अवसर पाउँछ, स्वयं राजनीतिक पार्टीहरू समेत यसको शिकार बन्छन्। यसको अभावमा मानवअधिकार र प्रजातन्त्रले पनि गति लिन सक्दैन।

यस बीचमा देखिएका कमजोरी, गल्ती र दोषबाट म पनि पूर्णतः मुक्त छैन। र, मैले त्यस्तो दावी पनि गर्दिन। यो सात वर्षको अवधिमा हाम्रा निमित ट्रनिङ्गको अवधि रहयो। यसै अवधिमा प्रजातन्त्र आफापसिद्ध भयो र प्रजातन्त्रका निम्ति यहाँका जनता उपयुक्त छैनन् भन्ने खालका दुष्प्रचारहरू पनि भए। मेरो विचारमा यी सबै श्वेर कल्पना हो। दोस्रो विश्वयुद्धपछि मात्र मानवअधिकारको कुरा अलि तीब्र भएर आयो। तर त्यहाँ पनि दुई ठूला शक्तिसम्पन्न राष्ट्रहरूको होडबाजीले गर्दा मानवअधिकार पनि डोरमेन्टको अवस्थामा पुग्यो। अमेरिकाले निरंकुशतावादी शक्तिहरूलाई आफ्नो पक्षमा लिएर हिड्न थाल्यो। रूसको पनि त्यही स्थिति रहयो। जसले मानवअधिकार घाइते भयो। प्रजातन्त्र पनि घाइते भयो। अहिले त्यो स्थिति छैन। अहिलेको स्थितिमा कसैले प्रजातन्त्र मास्छु भनेर सोच्छ भने त्यो दिवा स्वप्न सिवाय केही हुने छैन। प्रजातन्त्र अब नेपालबाट कुनै हालतमा पनि समाप्त हुँदैन। जब विश्वमा तानाशाहहिरूको दबदबा थियो नेपालमा पंचायती व्यवस्था थियो। तर जुनसुकै तानाशाहलाई पनि प्रजातन्त्रको पुच्छर नसमाती सुखै भएन। जस्तो यही पनि पंचायती प्रजातन्त्र भनेर तीस वर्षसम्म शासन चलाउनु पऱ्यो। अन्य मुलुकहरूमा पनि त्यस्तै स्थिति रहयो। तर अहिलेको अवस्था भिन्न छ। यस स्थितिमा प्रजातन्त्र समाप्त हुनै सक्तैन। मानवअधिकारवादीहरू आफ्नो आस्था र विश्वास छोडेर अन्यत्र गए भने मात्र यहाँ प्रजातन्त्र खतरामा पर्छ। प्रजातन्त्र र मानवअधिकारवादीहरूले आफ्नो भूमिकालाई महत्व दिएनन् भने पनि यो स्थिति आउन सक्छ। आज यहाँ जनआन्दोलन र प्रजातन्त्रको भावना विपरित काम हुन थालेको आभाष भइरहेको छ। यसलाई बचाउने हो भने हामी दुई ठूला पार्टीहरू मिल्नै पर्छ। मनमोहनजी र हामी बसेर टाउको भिडायौं भने मात्र प्रजातन्त्र बच्न सक्छ।

०४६ सालको जनआन्दोलन



जनआन्दोलनकारी शक्तिहरु नै अगाडि आउनुपर्छ

– मनमोहन अधिकारी

नेपाली कांग्रेसले त मुक्ति पायो। तर अब त्यो काउछो हामीकहाँ सरेको छ। उहाँहरूले अठार महिनासम्म भोग्नुभयो-कस्तो अनुभव भयो उहाँहरूले जान्ने विषय हो। तर एउटा कुरा स्थापित भयो कि च्याँखे थापेर फाइदा लिने तत्वहरू जता पायो त्यतै लम्किंदा रहेछन्। हामीले यसो ल त प्रधानमन्त्री दिन्छौं के भनेका थियौं, हवात्त उता धोका दिएर हामीकहाँ आए। त्यसकारण यो घटनाबाट त हामी दुवै शक्तिले सिक्नुपर्‍यो नि ! तसर्थः अहिलेको समीकरणलाई मैले प्राकृतिक समीकरण भनेर मानेको छैन। यो विकृत परिस्थितिको विकृत उपज हो।

हामी अहिले प्रजातन्त्र पुनःस्थापना भएको सात वर्ष पूरा गरेर आठौं वर्षमा प्रवेश गरिरहेका छौं। अरू मुलुकहरूमा प्रजातन्त्र स्थापित हुनका लाग यति लामो समय लाग्यो कि त्यसको तुलनामा यो अवधि केही पनि

गहिरिएर हेरौं त गल्ती सबैबाट भएको छ

– डा. राजेश गौतम

०४६ सालको जनआन्दोलन पश्चात् नेपाल अधिराज्यको संविधानमा पहिलो पटक प्रष्ट रूपमा मानवअधिकारको प्रत्याभूति गरिएको सर्वविदित नै छ। र, त्यही अधिकारबाट प्राप्ति स्वतन्त्र र प्रजातन्त्र भनिएको वातावरणमा हामीले १९९२ सालबाट नै देशमा भएका मानवअधिकारका उल्लंघनका घटनाहरूलाई संकलन गरेर हामीले एकातिरबाट सरकारलाई सचेत गराउने काम र अर्कोतर्फबाट जनतालाई पनि सचेत बनाउने काम गर्दै आइरहेको कुरा सबैलाई विदितै छ।

आज हामी पाँचौं मानवअधिकार वर्ष पुस्तक १९९६ लिएर यहाँहरू समक्ष उपस्थित भएका छौं। मानवअधिकारका कुरा गर्दा निश्चित पनि हामीले प्रजातन्त्रको कुरा उठाउनु पर्ने हुन्छ। किनभन्दा, प्रजातन्त्र र मानवअधिकार शायद एउटै सिक्काका दुईटा पाटाहरू हुन्। त्यसैले जनआन्दोलनका प्रमुख आन्दोलनकारी शक्तिहरू क्रमशः कहिले सरकारमा र कहिले प्रतिपक्षमा रहिरहेका छन्। तर, मानवअधिकारको दृष्टिकोणले कुरा गर्ने हो भने र ती सरकारहरूको मूल्यांकन गर्ने हो भने दुवै पक्षले अपेक्षित उदारता देखाउन सकेका छैनन्। उनीहरूले जति पनि प्रजातन्त्र र मानवअधिकारका कुरा गरे तापनि उनीहरूको संस्कार भने प्रजातान्त्रिक हुन नसकेको कुरा हामीले प्रजातन्त्र प्राप्ति पछिका वर्षहरूमा उनीहरूको गतिविधिलाई मूल्यांकन गर्दा प्रष्ट रूपले भन्नु पर्ने हुन्छ। आज राजनैतिक दलहरूको गतिविधिलाई हेर्दा खेरी राष्ट्र र राष्ट्रियता भन्दा प्रजातन्त्र र मानवअधिकार भन्दा सत्ता र शक्तिको मोह बढ्दै गइरहेको महसूस घेरैले गरिरहेका छन्। यस्तो स्थिति देख्दा जनता आज अन्यौलमा पुगिरहेका छन् र त्यो अन्यौलको स्थितिले जनता सन्तुष्ट हुनुको साटो क्रमिक रूपमा असन्तुष्ट हुँदै गइरहेको महसूस पनि हामीले गरिरहेका छौं। किनभन्दा, नेपाली जनताले सदैव हिजोको तीस वर्षे निरंकुश शासनकालमा पनि उसले खान, लाउन र बाँच्ने माग मात्र गर्‍यो र प्रजातन्त्र प्राप्ति पछि पनि उसको सही अर्थको माग त्यही नै रह्यो। तर, विगतको सरकारले पनि जनताको त्यो इच्छालाई पूरा गराउने कुनै ठोस कार्यक्रम ल्याउन सकेको थिएन। जनताको असन्तुष्टि के थियो भने, प्रजातन्त्र प्राप्तिपछिका सरकारहरूले पनि जनताका ती समस्याहरूलाई समाधान गर्ने कुनै ठोस कार्यक्रम प्रस्तुत गरेको हामीले महसूस गर्न पाएका छैनौं। शायद आज अधिराज्यका विविध ठाउँहरूमा घटिरहेका घटनाहरूलाई पनि मूल्यांकन गर्ने हो भने जनतामा देखा परेको ती असन्तुष्टि नै मुख्य कारण हो भनेर भन्नु पर्ने स्थिति पनि हामीले एकातिर पाइरास्वेका छौं। जस्तै रोल्पाकै कुरा गर्ने हो भने आज रोल्पामा कानून छैन। र, रोल्पा कै कुरा गर्ने हो रोल्पाका समाज र प्रहरी दुवैले कानूनलाई कुल्चेर हिंडिरहेका छन्। र, मानवअधिकारको दृष्टिकोणले हेर्दा हामीले के भन्नु पर्छ भने निश्चित पनि रोल्पा र अन्य त्यस्तै क्षेत्रहरूमा मानवअधिकारको उल्लंघन भएको छ। किनभन्दा, हाम्रो दृष्टिकोणमा कसैले घरमा आगो लगायो भने राज्यले उसको घरमा आगो लगाउने होइन। कसैले कसैको घर लुट्यो भने राज्यले पनि उसको घर लुट्ने होइन। र, कसैले कसैलाई बलात्कार गर्‍यो भने राज्यले पनि उसलाई बलात्कार गर्ने होइन। तर, आज रोल्पा र विभिन्न क्षेत्रहरूका कुरा गर्दा खेरी यी कुराहरूको स्थिति देखा परिरहेको छ। राज्य स्वयं नै मानवअधिकार उल्घन कर्ताको रूपमा ती क्षेत्रहरूमा प्रस्तुत भइरहेको छ। प्रत्येक मानिसले संविधानले दिएको अधिकराको आधारमा बाँच्न पाउनु पर्छ, यो हाम्रो दृष्टिकोण हो। अर्थात् मानवअधिकारको दृष्टिकोणले हेर्दा हामी यी कुरा भन्छौं। र, प्रत्येक नागरिकको त्यो अधिकार रक्षा गर्ने दायित्व राज्यको हुन्छ। मूल कर्तव्य सरकारको पनि हुन्छ। तर, सरकारले जनताको त्यो अधिकारलाई सुरक्षित गर्न असफल भइरहेको छ। किनभन्दा ०४६ सालको जनआन्दोलनमा जनताको एउटा मुख्य माग के थियो भने, जसले हिजो

हिजो पंचायत लेखिएको ठाउँमा आज प्रजातन्त्र लेखियो, मरिचमान र लोकेन्द्रबहादुर चन्द बसेको कुर्सीमा कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारी र शेरबहादुर देउवा बस्नु भयो, अहिले लोकेन्द्रबहादुर चन्द बस्नु भएको छ। अब, समीकरणको केही अङ्कोपङ्को भयो भने सूर्यबहादुर थापा पनि त्यही कुर्सीमा बस्नु हुनेछ। यो स्थितिबाट देशको राजनीति अगाडि बढिरहेको छ। हामी त्यो धनकुटामा जन्मिएको सूर्यबहादुर थापाको विरोधी होइनौं। हामी त्यो सूर्यबहादुर थापाका विरोधी हौं, जसले छत्तिस सालमा प्रजातन्त्रको माग गर्ने व्यक्तिहरुलाई अथवा उहाँको शासनकालमा प्रजातन्त्रको माग गर्ने व्यक्तिहरुलाई अराष्ट्रिय तत्व मात्र भनिएन, आफ्नो अधिकार, हक र हितका लागि संघर्षगर्ने छिन्ताङ्का कैयौं निरीह जनतामाथि गोली प्रहार गरिएको थियो। र, त्यही जनताको रगतमाथि बसेर राजनीति पनि गरेका थिए। हामी त्यो सूर्यबहादुर थापका विरोधी हौं। त्यो लोकेन्द्रबहादुर चन्दको विरोधी होइनौं, जो वैतडमा जन्मिएको थियो। त्यो लोकेन्द्रबहादुर चन्दका विरोधी हौं, जसले पिस्करका निरीह जनता र ०४६ साल चैत २४ गते प्रजातन्त्र र मानवअधिकारको माग गर्ने नेपाली जनतामाथि गोली चलाएर उनीहरुको रगत र लाशमाथि टेक्दै पंचायतलाई टिकाउने सपथ ग्रहण गरे।



होइन। त्यसकारण यति छोटो समयमा र त्यसमा पनि तीस-तीस वर्षसम्म कुसंस्कार र कुसंस्कृतिको मनोवृत्ति तथा पुरानो मध्ययुगीन संस्कारमा हुर्केका हामीले एकैपटक प्रजातन्त्रको मूल्य र मान्यता आत्मसात गर्न सक्छौं भन्ने सोचाई यदि हामीले लिएका थियौं वा छौं भने मेरो विचारमा त्यो अलिकति अव्यवहारिक पनि हो। एकै चोटि चाहना गर्दैमा दुनियाँमा केही हुँदैन।

०१७ सालमा प्रजातन्त्र गएको बेलामा हामी गिरिजाप्रसाद कोइराला र म सँगसँगै नख्खु जेलमा थियौं। त्यसबखत् हामी दुई जनाले मात्र होइन, अन्य धेरै साथीह/ले पनि त्यो व्यवस्था एक-डेढ वर्ष चल्ला भनेका थियौं। तर ०१७ सालपछि परिवर्तन आउन तीस-तीस वर्ष लाग्ला भनेर न गिरिजाप्रसादले सोच्नुभएको थियो, न त हामीले नै सोचेका थियौं। तर टिक्यो। किन टिक्यो भने हाम्रो समाज त्यस्तै रहेछ। हामी यही समाजका भएको हुनाले हामीलाई प्रजातन्त्रको पुनर्स्थापना गर्न लामो समय लाग्यो।

प्रजातन्त्र र मानवअधिकारको उल्लंघन गऱ्यो, ती व्यक्तिलाई कार्वाही गरिनु पर्दछ। तर, ०४६ साल पछिका गतिविधिलाई हेर्ने हो भने त्यस्ता व्यक्तिहरूलाई सजाय दिनु त कता हो कता, मानवअधिकारको दमन गर्ने ती व्यक्तिहरूलाई समय अनुरूप पुरस्कृत गर्दै गइरहेको स्थिति हामीले देखिरहेका छौं। आज मल्लिक आयोगको रिर्पोट प्रकाशित भएको करीब पाँच वर्ष भइसक्यो, तर त्यस सम्वन्धी सरकारले कुनै कार्वाही गरेको छैन। बरू, हामीले भन्नु पर्ने हुन्छ- देशमा प्रजातन्त्रको लागि पचासौं वर्षसम्म लड्ने नेपाली कांग्रेसले आफ्नो त्यो प्रजातान्त्रिक संस्कारलाई, त्यो लुगालाई आफ्नो शरीरबाट उघारेर सूर्यबहादुर थापालाई लगाइदिइ सकेको छ। ठीक त्यस्तै गरी कैयौं वर्षसम्म प्रजातान्त्रिक आन्दोलनसंगसंगै हिड्ने मनमोहन अधिकारीज्यूले पनि आफ्नो त्यो लुगा खोलेर लोकेन्द्रबहादुर चन्दलाई लगाइदिई सक्नु भएको छ। तसर्थ, आज हामीले उहाँहरूबाट प्रजातन्त्र र मानवअधिकारको रक्षा र जगेर्नाको प्रश्न कसरी गर्ने? त्यो जवाफ हामीले कसरी पाउन सक्ने? त्यसैले, मानवअधिकार र प्रजातन्त्रको उल्लंघनको रूपमा आज सत्ता र विपक्षमा रहेका पार्टीहरू अग्रीम पंक्तिमा छन् भनेर हामीले भन्नु पर्ने हुन्छ।

आज ०४६ साल कै कुरा गर्दा खेरी, जनतालाई तिमीहरूले के पायौ भनेर सोध्ने हो भने सायद शिक्षित जनताको त्यसको मूल्यांकन बेग्लै होला। तर, मेरो देशको नब्बे प्रतिशत जनताले एउटै कुरा भन्छन्- हिजो पंचायत लेखिएको ठाउँमा आज प्रजातन्त्र लेखियो, मरिचमान र लोकेन्द्रबहादुर चन्द बसेको कुर्सीमा कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारी र शेरबहादुर देउवा बस्नु भयो, अहिले लोकेन्द्रबहादुर चन्द बस्नु भएको छ। अब, समीकरणको केही अड्कोपड्को भयो भने सूर्यबहादुर थापा पनि त्यही कुर्सीमा बस्नु हुनेछ। यो स्थितिबाट देशको राजनीति अगाडि बढिरहेको छ। हामी त्यो धनकुटामा जन्मिएको सूर्यबहादुर थापाको विरोधी होइनौ। हामी त्यो सूर्यबहादुर थापाका विरोधी हौं, जसले छत्तिस सालमा प्रजातन्त्रको माग गर्ने व्यक्तिहरूलाई अथवा उहाँको शासनकालमा प्रजातन्त्रको माग गर्ने व्यक्तिहरूलाई अराष्ट्रिय तत्व मात्र भनिएन, आफ्नो अधिकार, हक र हितका लागि संघर्षगर्ने छिन्ताङका कैयौं निरीह जनतामाथि गोली प्रहार गरिएको थियो। र, त्यही जनताको रगतमाथि बसेर राजनीति पनि गरेका थिए। हामी त्यो सूर्यबहादुर थापका विरोधी हौं। त्यो लोकेन्द्रबहादुर चन्दको विरोधी होइनौ, जो वैतडमा जन्मिएको थियो। त्यो लोकेन्द्रबहादुर चन्दका विरोधी हौं, जसले पिस्करका निरीह जनता र ०४६ साल चैत २४ गते प्रजातन्त्र र मानवअधिकारको माग गर्ने नेपाली जनतामाथि गोली चलाएर उनीहरूको रगत र लाशमाथि टेक्दै पंचायतलाई टिकाउने सपथ ग्रहण गरे। हामी त्यो लोकेन्द्रबहादुर चन्दको विरोधी हौं, र, जनताले भन्ने गरेको प्रजातन्त्र र मानवअधिकारका कट्टर विरोधीहरू यति छिट्टै सत्तामा पुग्न सक्नु यिनै नेताहरू त्यसका कारक हुन भनेर भन्नु पर्ने हुन्छ। जुन, दुःख लाग्दो कुरा हो। यो भन्दा पनि दुःखलाग्दो कुरा के हो भने, त्यस्ता व्यक्तिहरूलाई आफ्नो काँधमा चढाएर सत्तामा पुऱ्याउने नेताहरू देख्दा हामीलाई लाज लाग्नु पर्ने कुराहरू हुन्। एउटा कुरा निश्चित हो, शासक र सरकारले जहिले पनि आफ्नो गलत इतिहासलाई मेट्ने प्रयास गर्छ। तर, इतिहास कहिल्यै पनि मेटिदैन। जसरी, आज जनताले लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई घृणा गरिरहेका छन् त्यसरी नै इतिहासमा त्यो दिन नआओस् कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीलाई पनि जनताले घृणा नगरून्। समय तपाईहरूकै हातमा छ। नेपाली जनताले तपाईहरू माथि ठूलो विश्वास गरेका छन्। जनआन्दोलनका प्रमुख शक्तिहरू नैतिकवान भएर, मिलेर अगाडि बढेको हेर्न चाहेका छन्। तसर्थ त्यो विश्वासलाई कांग्रेस र कम्युनिष्ट भनेर धोका नदिओस्।

एउटा भनाइ छ- मन, वचन र व्यवहारले एउटै व्यक्ति महात्मा कहिन्छ। तर, मनले एउटा कुरा, वचनले एउटा कुरा र व्यवहारले एउटा कुरा गर्ने व्यक्तिलाई हामी दुरात्मा भन्दछौ। र, राजनीतिमा पनि तपाईहरूले दुरात्मा नकहिन महात्माको चरित्र अवलम्बन गर्नु पर्यो। त्यसैले या त तपाईहरूले जनताको भावनालाई बुझेर त्यही अनुरूप अगाडि बढ्नु पर्यो। होइन, तपाइहरूले त्यसो गर्न सक्नु हुन भने राजनीति छोडिदिनु पर्यो। युवा जमातलाई राजनीति हस्तान्तरण गर्नु पर्यो र स्वतन्त्र जीवन बिताउनु पर्यो। होइन, यदी तपाईहरूले यो गर्नु हुन भने विद्वानहरूले भन्ने गरेका छन्- यो देशको प्रजातन्त्रका लागि प्रजातन्त्रवादी नेताहरू नै खतरा सावित हुँदै गएका छन्। यो भनाइलाई तपाईहरूले प्रमाणित नगर्नुस्।

यो देशमा दश प्रतिशत जनताले आज राजनीतिक अधिकारको उपभोग गरेका छन्। बाँकी नब्बे प्रतिशत जनतालाई त्यो राजनीतिक अधिकारको कुनै अर्थ छैन। उनीहरूले सामाजिक र आर्थिक अधिकारको माग गरिरहेका छन्। हाम्रो जस्तो गरीब देशमा निश्चित रूपमा पनि त्यो जनतालाई सामाजिक र आर्थिक विकासहरू गरेर उनीहरूको स्थितिलाई यदी हामीले उठाउन सकेनौ भने निश्चित पनि दश प्रतिशतले उपयोग गरेको राजनीतिक अधिकारमा नब्बे प्रतिशत जनताले सदैव चुनौति दिइ रहेका हुन्छन्। किनभने, जबसम्म सामाजिक र आर्थिक उन्नति गर्न सकिदैन। उनीहरूको स्थिति राम्रो हुन सक्दैन र त्यो राजनीतिक माथि त्यही नब्बे प्रतिशत जनताले सदैव चुनौति दिइरहेका हुन्छन्। यसैले, हामी समयमा सतर्क भएनौ भने ००७ सालमा वत्ती बाल्ने जनता पनि यिनै हुन्, ०१७ सालमा वत्ती वाल्ने जनता पनि यिनै हुन्, ०४६ सालमा वत्ती बाल्ने जनता पनि यिनै हुन् र फेरि पनि जनताले वत्ती बाल्दैन भनेर हामी भन्न सक्दैनौ। त्यसैले समयमै सतर्क हुनु पर्दछ।

तीनवटा दीप प्रज्वलित गर्दै विमोचन कार्यक्रमको समुद्घाटन गर्नुहुँदै वरिष्ठ राजनीतिज्ञ डा. डिल्लीरमण रेग्मी

यो लामो अवधिमा यथार्थ के देखिन आयो भने जनतामा आधार बनाएर बसेका, पचास वर्षभन्दा लामो इतिहास बोकेका तथा केही मूल्य र मान्यताको आधारमा, केही दर्शनिक चिन्तनका आधारमा हिंडेका हामी दुई पार्टी नेपाली कांग्रेस र वामह/मा कुनै न कुनै किसिमको कहीं न कहीं तालमेल राष्ट्रका निम्ति अत्यन्त जरूरी कुरा रहेछ। किनकि ०४६ सालको जनआन्दोलनभन्दा अगाडि गिरिजाप्रसाद कोइरालाको नेतृत्व तथा वीपीको निर्देशनमा ठूला-ठूला आन्दोलनहरू हाम्रा कांग्रेसका मित्रहरूले गर्नुभएको हो। धेरै शहीद हुनुभयो। कति वर्ष त मैले पनि जेल बस्नुपर्‍यो। उहाँह/ जेलबाट निस्केपछि ठाउँ-ठाउँमा शहीद हुनुभयो। त्यसैगरी वामह/ले पनि चार सालदेखि र अझ खासगरी संगठित रूपमा पार्टी स्थापनाकालदेखि नै लामो अवधिसम्म सँगसँगै संघर्ष गरेका हुन्, सँगसँगै हिंडेका हुन्। हामीले एउटै मूल उद्देश्यका साथ- यो मुलुकमा प्रजातन्त्र आओस् भन्ने सम्बन्धमा सहयात्रा गरेका हौं। हामीले पनि ठूला-ठूला आन्दोलन गरेका छौं। तैपनि जबसम्म दुई शक्तिको एक ठाउँमा मिलन भएन, तबसम्म प्रजातन्त्रको स्थापनाको निम्ति चाहिने राष्ट्रव्यापी विश्वास, अन्तर्राष्ट्रिय जगतको समर्थन र जनता पूर्ण विश्वासका साथ संघर्षमा उत्रन सक्ने परिस्थिति निर्माण भएन।

तर तीस वर्षको व्यवस्था दुई महिना पुग्दा-नपुग्दै धराशायी भयो। प्रजातन्त्र पुनर्स्थापना गराउनलाई हामीले आफ्नो अनुभवको आधारमा जबसम्म सही कदम चालेनौं, तीस वर्षसम्म हामीले कष्ट भोग्नुपर्‍यो, दुःख भोग्नुपर्‍यो, अपमान खानुपर्‍यो। यो सात वर्षको अवधिमा हामी सबैले आत्मचिन्तन गर्नुपर्ने बेला आइरहेको छ भन्ने म देखिरहेको छु। हुनतः ०१७ सालको जस्तो इतिहास दोहोरिन्छ पनि भनेको सुनिन्छ। तर मेरो आत्मविश्वास गिरेको छैन। अब कसैले पनि साहस गरेर पुरानो स्थिति ल्याउन सक्तैन। विश्वको परिस्थिति नै फरक भइसकेको छ। विश्वमा मानवअधिकारको कुरा, प्रजातन्त्रको कुरा, बहुदलीयताको कुराका साथै विश्वको अर्थतन्त्रमा जुन परिवर्तन आइरहेछ त्यसलाई तिरस्कार गरेर कसैले मुर्खतावस नेपालमा दुस्साहसिलो कदम चाल्नै सक्तैन। फेरि तपाईं-हामीले प्रजातन्त्रको यो संक्रमणकालमा देखिन आएका नकारात्मक पक्षहरूप्रति पनि चनाखो हुनैपर्छ। प्रजातन्त्रप्रति सधैं दुईटा कुरामा ध्यान दिनुपर्छ- पहिलो त हामी राजनीतिक पार्टीहरूले यस्तो व्यवस्था ल्याउन जुन ठूलो त्याग र तपस्या गर्‍यौं, सहमतिको आधार खोज्यौं र संविधानमार्फत् मुलुकमा एउटा परिपाटी स्थापित गर्‍यौं। के त्यसलाई रक्षा गर्ने कुरामा हामी त्यही उचाइमा बसेर राजनीतिक व्यवहार गरिरहेका छौं कि छैनौं ? पहिलो प्रश्न यो छ।

दोस्रो प्रश्न के छ भने, हामीमा प्रतिस्पर्धा त हुन्छ नै। बहुदलीय व्यवस्थामा प्रतिस्पर्धा नहुने हो भने त्यो तानाशाही हुन्छ। प्रतिस्पर्धाका साथसाथै हाम्रो जस्तो पछौटे मुलुकमा खास गरीकन मूल्य र मान्यताको आधारमा राजनीति गरेका पार्टी नेपाली कांग्रेस र वामपन्थी दुवैले प्रतिस्पर्धा त गर्नैपर्छ। तर प्रतिस्पर्धाका साथसाथै सहयोगका आधारहरू पनि खोज्नुपर्छ। किनकि हामी ज्यादै पछौटे मुलुकमा छौं। हामीले इतिहासमा ज्यादै समय बर्बाद गरिसकेका छौं। एक्काइसौं शताब्दीमा प्रवेश गर्नुपरेको छ। त्यसो हुनाले प्रजातन्त्रलाई सुदृढ गर्ने कुराका साथसाथ कुनै न कुनै किसिमले जनतालाई आर्थिक राहत दिने कुरामा हामीहरूले आपसको प्रतिस्पर्धाका साथसाथै सहमतिको बाटो खोज्नै पर्छ। यस अवस्थामा मलाई के लाग्यो भने शायद हामी दुवै पार्टीबीच परस्परको व्यवहार तथा परस्परको कार्य-सम्पादनको बेलामा उचित मात्राको सन्तुलन हुन सकेन, जसले गर्दा सत्तामा रहेको बेलामा सत्तासीन पार्टीको गुनासो के रह्यो भने विपक्ष जहिले पनि खुट्टा तान्छ र विपक्षमा रहेकाको गुनासो जहिले पनि यही रह्यो कि सत्तामा रहेको पार्टीले हामीलाई पेल्छ। यो प्रवृत्ति यति अस्वस्थ किसिमले हावी भयो- जसले गर्दा हामी दुई शक्तिबीच अति मधुर र न्यानो सम्बन्ध रहेन। नतिजा के भयो भने अहिले संसद्मा कसैको पनि बहुमत छैन। तर सबैलाई सत्तामा जानुपरेको छ। त्यसो हुनाले हामी दुई पार्टी नेपाली कांग्रेस र नेकपा (एमाले)को समीकरणलाई मैले राजनीतिक समीकरणको रूपमा लिएको छु। ०४६ सालमा पनि हामी दुई पार्टीको समीकरणमा नै त्यस्तो ठूलो आन्दोलन चलेको थियो। तर प्रजातन्त्र आएपछि हामी दुई पार्टीहरू पनि टाढा गइहाल्नुमा मेरो विचारले हाम्रो पनि त्रुटि होला।

मुख्यतः सत्तामा बढी समय बस्ने पार्टीले स्वआलोचना गर्नुपर्छ। आफ्नो कमजोरी महसूस गर्नुपर्छ। यसपटकको चुनावमा संसद्मा कसैको पनि बहुमत आएन। तर च्याँखे थाप्नेहरूलाई मौका लाग्यो। जब हामी अल्पमतमा थियौं- तब गिरिजाप्रसाद कोइराला जस्तो वयोवृद्ध नेताले विश्वास दिनुभयो र पछि उहाँले च्याँखे थाप्नेहरूलाई काखी च्यापेर हामीलाई गिराइदिनुभयो। शुरूमै हाम्रो सरकार बन्न नदिएको भए हुने थियो। यो मुलुकमा हाम्रो सरकार गिराएको बेलादेखि नै अस्वस्थ समीकरण प्रारम्भ भयो। अहिले र

नेपाली कांग्रेसले त मुक्ति पायो। तर अब त्यो काउछो हामीकहाँ सरेको छ। उहाँहरुले अठार महिनासम्म भोग्नुभयो- कस्तो अनुभव भयो उहाँहरुले जान्ने विषय हो। तर एउटा कुरा स्थापित भयो कि च्याँखे थापेर फाइदा लिने तत्वहरु जता पायो त्यतै लम्किंदा रहेछन्। हामीले यसो ल त प्रधानमन्त्री दिन्छौं के भनेका थियौं, हवात्त उता धोका दिएर हामीकहाँ आए। त्यसकारण यो घटनाबाट त हामी दुवै शक्तिले सिक्नुपर्‍यो नि ! तसर्थः अहिलेको समीकरणलाई मैले प्राकृतिक समीकरण भनेर मानेको छैन। यो विकृत परिस्थितिको विकृत उपज हो।

भोलिका लागि अथवा लामो अवधिका लागि यो समीकरणको धारणा रह्यो र सत्तामा जानका लागि मात्रै अथवा सत्तामा जान जे पनि गर्नुहुन्छ भन्ने सोचाइ र कुचिन्तनको आधारमा देशको राजनीति अगाडि बढ्यो भने निश्चितै रूपमा हामीले अप्रिय स्थितिको सामना गर्नुपर्छ।

नेपाली कांग्रेसले त मुक्ति पायो। तर अब त्यो काउँछो हामीकहाँ सरेको छ। उहाँहरूले अठार महिनासम्म भोग्नुभयो- कस्तो अनुभव भयो उहाँहरूले जान्ने विषय हो। तर एउटा कुरा स्थापित भयो कि च्याँखे थापेर फाइदा लिने तत्वहरू जता पायो त्यतै लम्किंदा रहेछन्। हामीले यसो ल त प्रधानमन्त्री दिन्छौं के भनेका थियौं, ह्वात्त उता धोका दिएर हामीकहाँ आए। त्यसकारण यो घटनाबाट त हामी दुवै शक्तिले सिक्नुपर्‍यो ! तसर्थः अहिलेको समीकरणलाई मैले प्राकृतिक समीकरण भनेर मानेको छैन। यो विकृत परिस्थितिको विकृत उपज हो।

हुनतः संवैधानिक प्रक्रिया पूरा गरेरै यो सरकार निर्माण भएको छ। शेरबहादुरको सरकार गिरेपछि विकल्प खोज्ने क्रममा यो आइपर्‍यो। म प्रधानमन्त्री हुँदाखेरी डेनमार्कबाट पेरिस आउँदै गर्दा शोसलिष्ट इन्टरनेशनलका नेताहरूसित सम्पर्क राखेको थिएँ कि म तपाईंहरूसित कुरा गर्न चाहन्छु- हामी पनि शोसलिष्ट इन्टरनेशनलको पार्ट हुन चाहन्छौं भन्दा बडो श्रद्धा गरेर उनीहरूले दुई-अढाई घण्टा जति कुरा गरे। फ्रान्स जस्तो विकसित देशको प्रधानमन्त्री भइसकेको मान्छेले मलाई सोध्नुभयो- बहुमत भएको बेलामा त समस्या हुँदैन, सरकार चल्छ। तर कसैको पूर्ण बहुमत नहुँदा बहुत गाह्रो पर्छ। दोस्रो विश्वयुद्धपछि फ्रान्समा [illegible] पटक यस्तो स्थिति आयो। कसले कोसित समीकरण गर्छ र कसले कसको म्वाइँ खान्छ भन्नै नसकिने भयो। बडो गाह्रो पर्‍यो। तसर्थः तपाईंहरूकहाँ त्यस्तो समस्या आइपर्‍यो भने कोसँग समीकरण गर्नुहुन्छ ? भनेर सोध्नुभयो। मैले भनें- हाम्रा लागि नेपाली कांग्रेस निकटको शक्ति हो। उसँगको समीकरण प्राकृतिक हुन्छ। अरूसँग हाम्रो समीकरण हुन सक्तैन। तर घटनाक्रमका कारण विकृत समीकरण भयो। यसरी

कसैको पूर्ण बहुमत नहुँदा बहुत गाह्रो पर्छ। दोस्रो विश्वयुद्धपछि फ्रान्समा धेरै पटक यस्तो स्थिति आयो। कसले कोसित समीकरण गर्छ र कसले कसको म्वाइँ खान्छ भन्नै नसकिने भयो। बडो गाह्रो पर्‍यो। तसर्थः तपाईंहरूकहाँ त्यस्तो समस्या आइपर्‍यो भने कोसँग समीकरण गर्नुहुन्छ ? भनेर सोध्नुभयो। मैले भनें- हाम्रा लागि नेपाली कांग्रेस निकटको शक्ति हो। उसँगको समीकरण प्राकृतिक हुन्छ। अरूसँग हाम्रो समीकरण हुन सक्तैन। तर घटनाक्रमका कारण विकृत समीकरण भयो। यसरी विकृत समीकरणको अप्राकृतिक च्याँखे थापेर बनाइएको समीकरण चल्दैन। उहाँहरूको समयमा बरु अठार महिना चल्यो। तर अब त म भन्न सक्दिन त्यति लामो समय यो जान सक्छ भनेर।

विकृत समीकरणको अप्राकृतिक च्याँखे थापेर बनाइएको समीकरण चल्दैन। उहाँहरूको समयमा बरू अठार महिना चल्यो। तर अब त म भन्न सक्दिन त्यति लामो समय यो जान सक्छ भनेर। यो त अहिले नै गिर्ला जस्तो भइरहेको छ।

शेरबहादुरको सरकार असफल भइसकेपछि मैले फ्रान्सका शोसलिष्ट इन्टरनेशनलका अध्यक्षसँग भएको आफ्नो कुराकानी प्रेसमार्फत् सार्वजनिक गरें। त्यसैबेला मैले भनेको थिएँ- अहिले बीचमै मध्यावधिमा जानु बुद्धिमानी हुँदैन। अझ तीन वर्ष संसद्को अवधि छ- यसलाई पूरा गर्नुपर्छ। भर्खर कांग्रेसको सरकार गिरेकाले उहाँहरू स्वाभाविक रूपले अलि उदार हुनु बुद्धिमानी हो। यो पहिलो वर्ष एमालेले सरकारको नेतृत्व गर्छ र उहाँहरूद्वारा संसद्मा सहयोगात्मक भूमिकाको निर्वाह होस्। अर्को पटक उहाँहरूको नेतृत्वमा हामी सरकारमा सामेल हुने छौं। तर उहाँहरूलाई यो कुरा स्वीकार्य भएन। तसर्थः अहिले हामीहरूले च्याँखे थाप्नेलाई ठाउँ दिनुपर्‍यो, उहाँहरूले नै हामीसँग शेयर गरेको भए राम्रो हुने थियो। हामीले त भनेकै थियौं- कांग्रेसको नेतृत्वमा पनि हामी सरकारमा सामेल हुने छौं। तर उहाँहरूकै कारण यो सम्भव भएन। एमाले-कांग्रेसको समीकरणले मात्र देशलाई स्थायित्व दिन्छ। त्यसले मात्रै देशलाई विश्वास दिन्छ, अन्तर्राष्ट्रिय जगतमा पनि राम्रो छवि कायम हुन्छ।

अहिले विदेशी लगानीकर्ता र विश्व बैंलगायतका दातृसंस्थाहरू सबैको एउटै भनाइ छ- तपाईंहरू कमसेकम संसद्को अवधिभरको त ग्यारेन्टी दिनुहोस्। हामीले नौ महिना चलायौं र शेरबहादुरजीले अठार महिना चलाउनुभयो। सत्ताइस महिना जति भयो। ठीकै छ। चलेकै थियो। अरू अगाडिको करीब तीन वर्षको अझै ग्यारेन्टी दियौं भने त जनताले पनि राहत पाउने थिए। उनीहरूलाई विश्वास हुने थियो कि हामीले पाँच वर्षको निम्ति चुन्ने हो। यिनीहरूले पनि पाँच वर्षसम्म काम गरेर आए। तर यसको अभाव भयो भने त स्थायित्व हुँदैन भन्ने कुरामा मेरो सँधै जोड रही आएको छ।

हामी अहिले सबैभन्दा बेसी पीडित छौं भने यही कुराले पीडित छौं। मलाई के लाग्छ भने कतिपय बेला यसो हेर्दाखेरी गलत भएको कुराबाट वा गलत ठहर्‍याइएको कुराबाट पनि शिक्षा लिन सकिन्छ। सत्तामा रहनका लागि वा सत्तामा जानका लागि अर्थात् सत्तालिप्साको कारणले गर्दा हाम्रो इतिहासमा अप्राकृतिक किसिमको जुन समीकरणको अभ्यास भयो, त्यो अहिले पनि विद्यमान छ। यस्तो अस्वस्थ प्रवृत्ति हाम्रो राजनीतिमा हावी भइरहेको छ। त्यसलाई हामीले सकभर छिटो टुंगो लगाउनुपर्छ। सकभर छिटो सही दिशामा जानुपर्छ।

हुनतः यो अहिलेको समीकरण पनि संवैधानिक मर्यादाहरू पूरा गरेरै बनेको छ। मर्यादा पूरा गरेको समीकरण पनि त्यही

०५३ सालको जनउभार

अनुरूप जानुपर्थ्यो- मर्यादा अनुसार व्यवहार गरेर देखाउनुपर्थ्यो, विश्वास लिन सक्नुपर्थ्यो। मलाई लाग्छ यो समीकरण पनि वहाँहरूकै कारणले टुट्छ। उहाँहरूले विश्वस्त भएर- हामीले कांग्रेसलाई ठगी आयौं, अब यता पनि ठगी खाऔं भन्नुहोला। धेरै दिन त यस्तो चल्दैन। एक दिन त कुरा थाहा भइहाल्छ नि ! म त भन्छु यो समीकरण टुट्छ- टुट्छ। निश्चित रूपमा टुट्छ। अठार-अठार महिनासम्म कांग्रेससँग सहभागी भएर हिंडेको पार्टीले एकैचोटि हामीसँग आएर अप्राकृतिक किसिमले गठबन्धन गर्नु पनि त अप्राकृतिक कुरा हो नि ! तर यो घटना घटिसकेको छ। नेपाली कांग्रेसले पनि इतिहासमा थुप्रै गल्ती गरेको छ। यस्तो अप्राकृतिक गठबन्धनको शुरूवातकर्ता पनि उही नै हो। तर हामीहरूले त्यसो नगरेको भए भन्ने मौका पाउने थियौं। म त भन्छु हामीमा पनि एकपटक सत्तामा गइसकेपछि सत्ताको भोक जागेको छ। सत्ताको भोक सबभन्दा ठूलो भोक हुँदोरहेछ। यो छोड्नै मन लाग्दैन। सिंहदरबारको त्यो घुम्ने मेच झलझली सम्झिइन्छ।

हाम्रो देशमा स्थापित बहुदलीय प्रणाली बिग्रियो भने त्यसको दोष मलाई मात्र होइन, गिरिजाप्रसाद कोइरालालाई पनि जान्छ। त्यो चिन्ता त उहाँलाई पनि होला, मलाई पनि छ। जब हामी एउटै चिन्ताले पीडित छौं भने- बाटो किन ननिकाल्ने ? त्यो साहस किन नलिने ? त्यो यथार्थता हो कि भोलिको घटनाक्रममा हामीले बहुमत ल्याए पनि नेपाली कांग्रेससँग सहकार्य नगरी सुखै छैन। उहाँहरूको समर्थन बिना हामीहरू देश चलाउन सक्छौं ? देशको विकास हुन सक्छ ? अन्तर्राष्ट्रिय जगतको समर्थन लिन सकिएला ? अवश्य सकिंदैन। नेपाली कांग्रेसको पनि त्यही स्थिति हो। उसले पनि हाम्रो सहयोग र समर्थन बिना केही गर्न सक्तैन। त्यसकारण उहाँहरूलाई भड्काउन थुप्रै मान्छे जान्छन्। तर उहाँहरूले त्यस्ता कुरालाई वास्ता गर्नुभएन। बरू वास्तविकता स्वीकार्नुपर्‍यो। नेपालको राजनीतिमा जति शक्तिशाली अस्तित्व नेपाली कांग्रेसको छ- त्यतिकै शक्तिशाली अस्तित्व एमालेको पनि छ। तसर्थः यी दुई वटा शक्तिहरूले दिमागलाई

०४६ सालको जनआन्दोलनको एक दृश्य

खियाएर मुलुकलाई कसरी राहत दिने, कसरी स्थायित्व दिने र कसरी राजनीतिलाई स्वस्थ किसिमले संचालन गर्न सकिन्छ भनेर किन प्रयास नगर्ने ? म त यही प्रश्नको जवाफ खोजेर हिंडिरहेको छु। गणेशमानजीकहाँ पनि म यही जवाफ खोज्न पुग्छ। गिरिजाप्रसादको त कुरै नगरौं।

हामी त अहिलेको परिस्थितिमा दुई पक्षका हिरो भएका छौं। तर म त अझै पनि भन्छु- हाम्रा अग्रजहरूको राय सल्लाह मात्र लिएर हिंडेदेखि पनि जनतालाई धेरै राहत हुने थियो। आज गणेशमानजीको वडो मार्मिक स्थिति छ- विचरा राम्ररी हिंड्न सक्नुहुन्न, डोऱ्याएर हिंडाउनुपर्छ। तर वहाँले भन्नुभयो- ...अब जसरी ०४६ सालको जनआन्दोलनको प्रारम्भमा विश्वविद्यालयको अडिटोरियम हलबाट आह्वान गरियो- कम्युनिष्टहरू पनि आए। हामी पनि अगाडि बढ्यौं। त्यो दिन

हामीमा अहिले प्रजातन्त्रप्रति जुन वितृष्णा आएको छ- त्यसको लागि हामी यो प्रणालीसँग सम्बन्धित व्यक्तिहरुले जिम्मेवारी लिनैपर्छ। आत्मालोचना गर्नैपर्छ। हामी पनि आत्मलोचित हुनुपर्छ। साँच्चै भन्ने हो भने म अरुलाई मात्र दोष दिन चाहन्न, म आफैं पनि यसको दोषी छु। हामीले हाम्रो मात्रै सबै कुरा ठीक अनि अरु बेठिक जति सबै कुरा लगेर नेपाली कांग्रेसको पोल्टामा फ्याँक्नु त भएन नि !

फेरि संझेर मुलुकमा आएको प्रजातन्त्रलाई सही बाटोमा ल्याउनको लागि पहल गर्नुपर्छ। उहाँले त्यसो भनेर विद्यार्थीहरूलाई आह्वान नै गर्नुभयो। मेरो चाहना छ, हाम्रो यो रिटायर्ड हुने पीढीको गल्तीबाट आजका युवाहरूले पीडित हुन नपरोस्। प्रजातन्त्रमा यत्रा ठूला-ठूला विकृतिहरू आएका छन्। प्रजातन्त्रले गति लिन सकेको छैन। राजनीतिक मूल्य र मान्यता अनुसार यहाँका राजनीतिक पार्टीहरू चल्न सकेका छैन। यी सबै कुरालाई हामी तटस्थ भएर हेर्न सक्तैनौं। हामी, अब अगाडि बढेर देशैभरि नयाँ जागरण ल्याउँछौं भनेर विद्यार्थीहरूका नेताहरूले नै भनिसकेका छन्। यी सबै कुराहरूबाट म के निष्कर्षमा पुगेको छु भने यो अप्राकृतिक समीकरणको समय टुंगिदैछ- यो खुशीको कुरा हो।

हामीमा अहिले प्रजातन्त्रप्रति जुन वितृष्णा आएको छ- त्यसको लागि हामी यो प्रणालीसँग सम्बन्धित व्यक्तिहरूले जिम्मेवारी लिनैपर्छ। आत्मालोचना गर्नैपर्छ। हामी पनि आत्मलोचित हुनुपर्छ। साँच्चै भन्ने हो भने म अरूलाई मात्र दोष दिन चाहन्न, म आफैं पनि यसको दोषी छु। हामीले हाम्रो मात्रै सबै कुरा ठीक अनि अरू बेठिक जति सबै कुरा लगेर नेपाली कांग्रेसको पोल्टामा फ्याँक्नु त भएन नि ! तसर्थः आउनुस् हामी दुई प्रमुख पार्टीबीच वार्ता गरौं। अहिले जो अप्रिय घटनाहरू देखिए त्यसलाई समाधान गर्न सकिन्छ। हामी के कुरामा विश्वस्त हुनुपर्‍यो भने- राष्ट्रमा जुन प्रजातान्त्रिक प्रक्रिया छ- त्यसलाई कुनै शक्तिले खल्बल्याउन सक्तैन।

संविधानको कुरा गर्नुहुन्छ भने त्यो निर्माण भइसकेपछि म विभिन्न देशहरू जस्तो कि फ्रान्स, जर्मनी, बेलायत, अमेरिका, बेल्जियम, निदरल्याण्ड जाँदाखेरी उनीहरूले के प्रश्न गरे भने- तपाईंहरूको संविधानलाई धान्न सक्ने शक्ति तपाईंको समाजमा छ कि छैन ? मैले भने ०१७ सालभन्दाअघि पनि प्रजातान्त्रिक संविधान थियो। हामीले त्यो गुमाएपछि पुनः नयाँ संविधान निर्माण गरेका छौं। त्यो धान्न सक्छौं। तर अहिले फर्केर हेर्दा के लागिरहेछ भन्ने शायद हामी मानसिकताको दृष्टिकोणले वा हाम्रो सोच्ने तरिकादेखि लिएर

सबै कुरामा प्रजातान्त्रिक मूल्य र मान्यता पूर्ण रूपले स्थापित नभइसकेको अनुभूति भइरहेको छ। तसर्थः नै यी विकृतिहरू आएका हुन्। त्यसकारण यसबाट चिन्तित भएर निराश हुने होइन, बरू हामी प्रमुख शक्तिहरूले यस कुरालाई अनुभूत गरेर अगाडि बढ्नुपर्छ। एउटा चिन्ताको विषय के छ भने जनतामा यो प्रणालीप्रति वितृष्णा बढेको छ, छिटफूट व्यवस्थाको विरोधमा नारा पनि लागेको छ। पंचायती व्यवस्था जिन्दावाद पनि भनिएको छ। आखिर यो सबै कुरा के हो भन्दा हाम्रा नकारात्मक काम-कारवाहीले गर्दा समाजमा जुन वितृष्णा जागेको छ- त्यसबाट अस्ति सत्ताबाट च्यूत भएकाहरू केही उपलब्धि हासिल हुन्छ कि भनेर लागेका छन्। त्यसनिम्ति पनि हामी चनाखो हुनैपर्छ। रिसाएर हुँदैन। रिसाएर उनीहरूलाई तपाईं पिट्न सक्नुहुन्न, दबाउन सक्नुहुन्न, उनीहरूले पनि भोलि जुलुस निकालेर बहुदलीय व्यवस्था मुर्दावाद, पंचायती व्यवस्था जिन्दावाद भन्छन् भने ठीकै छ। तर हामीले समाजमा यस्तो वातावरण बनाउनुपर्‍यो कि त्यस्तो प्रवृत्तिले प्रश्रय नपाओस्। आज हामीले मान्नै पर्छ कि हाम्रा केही गलत काम-कारवाहीले गर्दा नै उनीहरूलाई हौसला मिलेको छ।

म जिल्लाव्यापी भ्रमणमा जाँदा मलाई लाग्यो जनताले त धैर्य गरेका छन्। किनकि उनीहरूले भने- तपाईंहरूको त्याग र तपस्याबाट जुन प्रजातन्त्र आयो- त्यसप्रति हामी पूर्ण सन्तोष छौं। हामीले बोल्न पाएका छौं, स्वतन्त्र भएका छौं, समृद्ध नागरिक भएका छौं। राजा समेतबाट म संवैधानिक भएर बस्छु भन्ने हुकूम भएको छ। यो बहुत ठूलो उपलब्धि हो। तर तपाईंहरू किन झैं-झगडा गर्नुहुन्छ ? संसद्लाई किन राम्ररी चलाउनुहुन्न ? संसद्मा हाम्रो पीडाको कुरा किन अभिव्यक्त हुँदैन ? तपाईंहरू किन न्यूनतम भए पनि राहत दिन सक्नुहुन्न ? उनीहरूको गुनासो थियो। यसको जवाफ त मसँग छैन। यी कुराहरूको जवाफ दिन नसकेकै कारणले वितृष्णा बढेको छ। जनता खुल्ला भन्ने गर्छन्- जहिले पनि यस्तै छ, जहिले पनि यस्तै छ। दोस्रो कुरा सामान्यता पनि आर्थिक राहत नपुग्नाले उनीहरू दुःखी छन्। यसलाई कसरी समाधान गर्ने ? कसरी हटाउने ? भन्ने विषयमा हामीले गम्भीर भएर सोच्नै पर्छ।

तपाईंहरु किन झैं-झगडा गर्नुहुन्छ ? संसद्लाई किन राम्ररी चलाउनुहुन्न ? संसद्मा हाम्रो पीडाको कुरा किन अभिव्यक्त हुँदैन ? तपाईंहरु किन न्यूनतम भए पनि राहत दिन सक्नुहुन्न ? उनीहरुको गुनासो थियो। यसको जवाफ त मसँग छैन। यी कुराहरुको जवाफ दिन नसकेकै कारणले वितृष्णा बढेको छ।

दक्षिण एसियाकै स्थिति पनि अहिले घेरै राम्रो छैन। दक्षिण एसियाका सबै देश अहिले यही पीडाबाट ग्रस्त छन्। यो संक्रमणकालको पीडा हो। तर यसरी प्रजातन्त्र सुशुप्तावस्थामा छ, संक्रमणकालको पीडा हो भनेर हामीजस्ता बुढापाकाले सन्तोष गर्नुहुँदैन। यो समस्याको समाधानका निम्ति हामीहरूबाटै पहल हुनु जरूरी छ।

मानवअधिकारको सवालमा यो कुरा मान्ने पर्छ कि प्रजातन्त्रको स्थापना भएपछि नेपालको मानव अधिकारको रेकर्ड राम्रो छ र, मानव अधिकारको सवालमा हामीले एउटा विल पनि पारित गठरेका छौं मानव अधिकार पीडितहरूलाई एक लाखसम्मको क्षतिपूर्ति दिने निर्णय गरिएको छ। र, मानव अधिकारको हनन् गर्ने जुनसुकनै स्तरका अधिकृत हुन् पुलिस हुन्, आर्मी हुन् वा सिविल हुन- सबैलाई दण्डको व्यवस्था गरिएको छ। साथै मानव अधिकार कमिशन पनि बन्दैन- जसले मनिटर गर्ला। त्यस अर्थमा मानव अधिकारको रेकर्ड चाहिं तुलनात्मक रूपमा राम्रो छ। खुशी मान्नुपर्ने स्थिति छ। तर अहिले तथाकथित जनयुचको नाममा फेरि मानवअधिकार उल्लंघन भयो भन्ने रिपोर्ट छ भने त्यसलाई पनि राम्ररी छानविन गरेर सच्याउने काम गर्नुपर्छ। तर उनीहरूलाई पनि मानव अधिकारबाट बञ्चित गर्ने होइन उनीहरूले पनि निर्दोष मान्छेहरूको हत्या गनुभएन। साधारण जीवन विताइरहेका। आज मानिसको मानवअधिकारको उनीहरूले रक्षा गर्नुभयो। आफ्नो कुरा राख्नु, विचार पोख्नु उनीहरूको पनि अधिकारको कुरा हो। अर्थात् कतैबाट पनि मानव अधिकारको हनन् हुनुहुँदैन भन्ने कुरामा म जोड दिन चाहन्छु। र, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले गर्दै आएका यस्ता कुराहरू अत्यन्तै प्रशंसनीय हुन्- खास गरी पश्चिमी क्षेत्रमा कमैया प्रथा दास प्रथाको रूपमा विकसित भएको छ। यो एकप्रकारको दास प्रथा नै हो। त्यसलाई उन्मुल गर्नको लागि इन्सेकको अग्रसरताप्रति मेरो पनि पूर्णतः समर्थन छ। अनि हाम्रो समाजमा जस्तो कि गिरिजाप्रसादजीले भन्नुभयो- प्रजातन्त्र आएपछि हाम्रो समाजभित्र चिथिएर राखिएकाहरू अंकुरित भइरहेका छन्। महिलाहरूले आफ्नो अधिकार खोजेका छन्, जापान हो, जनजातिहरूले आफ्नो अधिकार खोजेका छन्, जायज हो। हाम्रो समाजका तल्लो वर्गका जनता जनताले अधिकार खोजिरहेका छन्- त्यो पनि जायज हो। यस सम्बन्धमा मानव अधिकारवादी संस्थाहरूले बढी सक्रिय भएर राजनीतिक पार्टीहरूको र सरकारको ध्यानाकर्षण मात्र होयन, उनीहरूमाथि नैतिक दवाव पनि दिनुपर्छ। त्यस बाहेक मानव अधिकारले फेश गर्नुपर्ने समस्यामा मानव पनि हो। त्यो पनि मानव अधिकारकै उल्लंघन हो। उहाँहरू अहिले पूर्णतः पार्टीको संकुचित सोचाइबाट मुक्त भएर, उन्मुक्त किसिमले जसरी मानव अधिकारको बहालीका निम्ति पंचायतका कालदेखि नै काम गर्दै आउनुभएको छ- त्यो अत्यन्तै सराहनीय छ- स्तुत्य छ। र, अहिले पनि उहाँहरूले त्यसलाई राम्ररी अगाडि बढाउनु हुने छ भन्ने कुरामा म विश्वस्त छु।

०४६ सालको जनआन्दोलन

संयुक्त राष्ट्र संघले देशभित्रको समस्या हल गर्दैन



एड्रिन क्लाउड जोलर स्वीटजरल्याण्डको राजधानी जेनेभा स्थित "इन्टरनेशनल सर्भिस फर ह्युमन राइट्स" का संस्थापक निर्देशक हुनुहुन्छ। पचास वर्षीय स्वीस नागरिक एड्रिन अन्तराष्ट्रिय कानून व्यवसायी एवं राजनीतिक विज्ञानका विषेशज्ञ हुनु हुन्छ। उहाँ संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय श्रम संगठनद्वारा आयोजना गरिने तालिम कार्यक्रमहरूमा प्रशिक्षकका रूपमा पनि भाग लिनु हुन्छ। सन् १९८४ मा स्थापित" मानवअधिकारकालागि अन्तराष्ट्रिँय सेवा" का निर्देशक जोलर गत मंसीरको अन्तिम साता करीव ३० जना मानवअधिकार कार्यकर्ताहरूलाई मानवअधिकारहरू र संयुक्त राष्ट्र संघका अनुवन्ध - अभिसन्धिहरूको प्रयोगका विषयमा तालिम दिन काठमाण्डौ आउनु भएको थियो।

त्यसै अवसरमा उहाँसंग भएको कुराकानीको सार संक्षेप -

संयुक्त राष्ट्रसंघले सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार अनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू विषयक दुई छुट्टा छुट्टै अनुबन्ध हरूताक्षर, अनुमोदन र सम्मीलनका लागि खुला गऱ्यो। त्यसपछि संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरू मध्ये कतिपयले नागरिक तथा राजनीतिक अनि कतिपयले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अनुबन्धमा सहमति जनाए। तर तपाईं दुवै किसिमका अधिकारहरूलाई छुट्टयाएर हेर्नै मिल्दैन मन्नुहुन्छ किन ?

- म प्रष्ट पार्न चाहन्छु -धेरै अघि देखि संयुक्त राष्ट्र संघले प्रष्ट भन्दै आएको छ- सबै किसिमका अधिकारहरू समान छन। सन् साठीको दशकमा दुवै किसिमका अधिकारहरूलाई एउटा अनुवन्धमा समावेश गर्ने विषयमा राष्ट्रहरू वीच समझदारी बन्न नसके पछि नै दुई छुट्ट छुट्टै अनुबन्धहरूको निर्माण गरिएको हो। तर सन् १९९३ को भियना सम्मेलनमा संयुक्त राष्ट्रसंघका सबै राष्ट्रहरूले सबै अधिकारहरू बराबर मात्र होइन, एक अर्काका पूरक र अभिभाज्य छन भन्ने मान्यतामा मतैक्य जाहेर गरे। त्यसको अर्थ प्रष्ट छ- कसैले पनि एक किसिमको अधिकारको प्रयोग नगरी अर्का किसिमका अधिकारहरूको उपयोग गर्न सक्दैन। तिनीहरू वास्तवमै आपसमा अन्तरसम्बन्धित छन। त्यसैकारण संसारभरका मानवअधिकार संस्थाहरू- आर्थिक, सामाजिक तथा सांस्कृतिक एवं नागरिक तथा राजनीतिक अधिकारहरूलाई एक साथ व्यवहारमा उतार्ने दिशामा अग्रसर छन।

- अहिले संसारमा मानवअधिकार अभियानको मूख्य चुनौति के हो ?

- म एकदमै प्रष्ट छु - मूख्य चुनौति भनेकै मानवअधिकारहरूको सैद्धान्तिक अवधारणालाई व्यवहारलाई उतार्ने चुनौति नै हो। हाम्रा अगाडि थुप्रै सन्धीहरू छन, थुप्रै अनुबन्धहरू छन। सबै सुन्दर छन। थुप्रै राष्ट्रले ती सन्धी-अभिसन्धीहरूमा प्रतिवद्धता जनाएर हस्ताक्षर गरी सकेका छन। नेपालले सबै जसो अभिसन्धीहरूमा हस्ताक्षर गरी सकेको छ। यो ज्यादै राम्रो कुरा हो। तर अब हामी अनुबन्ध- अभिसन्धीहरूमा लेखिएका कुराहरूलाई व्यवहारमा उतार्ने दिशामा अघि बढ्नु पर्छ। यो काम जटील छ। यसका लागि समय त लाग्छ नै। र, मानवअधिकार संस्थाहरूले यो कुरामा प्राथमिकता दिनु पर्छ।

यस बाहेक, यहाँ उल्लेख गर्नै पर्ने अर्को एउटा महत्वपूर्ण कुरा छ - जसका बारेमा अन्तराष्ट्रिय स्तरमा छलफल, परीक्षा र अध्ययन गर्नु आवश्यक छ। त्यो हो - अर्थव्यवस्था र मानवअधिकार समस्याहरू वीचको सम्बन्ध ।

- तपाईंले अति छोटो समयमै भए पनि नेपालको मानवअधिकार अवस्थाका बारेमा केही न केही जानकारी पाई नै हाल्नु भयो। तपाईंलाई हाम्रो देशको मानवअधिकार अवस्था कस्तो लाग्यो ?

- वास्तवमा भन्ने हो भने नेपालको यो समय भनेको प्रजातान्त्रिक व्यवस्थाको पुनर्निर्माण भइ रहेको अन्तरिम समय नै हो। यसले केही समय लिन्छ। मानवअधिकार संस्थाहरूले मानवअधिकार उल्लंघनहरूको भर्त्सना गरी नै रहनु पर्दछ। तर यहीं नेर सबै मानवअधिकार संस्थाहरूले सरकारको राजनीतिक प्रतिवद्धताका बारेमा पनि सचेत रहनै पर्दछ। र नेपालको सरकारको पनि मानवअधिकारको क्षेत्रमा केही गर्ने निश्चित प्रतिवद्धता छ। जे सुकै भए पनि यस्ले समय त लिन्छ नै। त्यसैले यो मानवअधिकार उल्लंघनबाट पीडित मानिसहरूका लागि भने पीडादायी अवस्था हो। म ती पीडितहरूका बारेमा भन्दैछु, जस्ले पुरानो व्यवस्थाको यातनाको जाँतोमा पिसिनु परेको थियो। तिनीहरू राहतको आशामा छन।

म ती पीडित मानिसहरूको कुरा गरि रहेको छु- जो अझ पनि भोका छन र जो अझ शिक्षा र स्वास्थ बाट बञ्चित छन। किनभने तिनीहरूको अधिकारको उल्लंघन भइरहेको छ। म ती मानिसहरूको कुरा गरिरहेको छु- जो परम्परा र संस्कृतिका वाँधा श्रम प्रणाली जस्ता केही पक्षका कारण पीडित छन।

तर परिवर्तनका लागि समय त लाग्छ नै। र, मानवअधिकार संस्थाहरू र सरकारकाले यसका लागि पहल गर्नु पर्छ। म त भन्छु सामाजिक जीवनका सबै संस्थागत ढाँचाहरू र सरकारले संगै काम गर्न सक्ने वातावरण बन्नु पर्छ।

- तपाईं मानवअधिकारको क्षेत्रमा काम गर्ने हाम्रो देशका गैर सरकारी संघ-संस्थाहरूको काम कार्वाहीहरूबाट पनि परिचित हुनु हुन्छ ?

- हामीले समाजको गहिराइसम्म पुगेर काम गर्ने थुप्रै संस्थाहरू देखेका छौं। अनि मलाई लाग्छ - यो नागरिक समाजमा मानवअधिकारहरूको प्रवर्धन गर्ने उत्तम बाटो हो।

एक जना प्रशिक्षकका नाताल मानवअधिकारहरू र संयुक्त राष्ट्रसंघका लीखत दस्तावेजहरूका प्रयोगका सम्बन्धमा सामान्य मानिसहरूलाई के सल्लाह दिनु हुन्छ ?

- हामी तालिम दिन जाँदा धेरै जसो देशहरूमा एउटै कुरा दोहोऱ्याउँछौ। त्यो हो- मानवअधिकारहरूलाई बहाली गर्ने प्राथमिक पहल देश भित्रै हुनु पर्छ। देश भित्रको समस्याको निराकरण गर्ने संयुक्त राष्ट्रसंघ, अन्तराष्ट्रिय श्रम संगठन वा युनेस्को होइन। संयुक्त राष्ट्र संघ, अन्तराष्ट्रिय श्रम संगठन वा युनेस्को राष्ट्रिय स्तरका पहलहरूलाई सहज पार्ने काममा थप वा सहायक सहयोगी का रूपमा हुनुपर्छ। तर

समस्याहरूको समाधान मूख्यत राष्ट्रिय स्तरमै गर्नु पर्छ।

भर्खरै हाम्रो देशको संसदले मानवअधिकार आयोग विधेयक पारित गरेको छ। तर कतिपय मानिसका बिचारमा यस्तो आयोग अन्तराष्ट्रिय क्षेत्रलाई देखाउन मात्र काम लाग्छ। तपाईंको धारणा के छ ?

मेरो विचार एकदमै प्रष्ट छ - केही शर्तहरू पूरा भएको खण्डमा सरकारद्वारा स्थापना हुने मानवअधिकार आयोग उपयोगी हुन सक्छ। पहिलो शर्त हो - मानवअधिकार आयोगले देशभित्र काम गर्नु पर्छ र यसले गैरसरकारी मानवअधिकार संस्थाहरू जस्तो गरी काम गर्नु हुँदैन। यो त्यस्ता संस्थाहरूको सहयोगी मात्र हुन सक्छ। यो पहिलो शर्त हो। राष्ट्रिय मानवअधिकार आयोगले आफ्ना जिम्मेवारीहरू भन्दा बाहिरको काम गर्नु हुँदैन। यसले गैरसरकारी संस्थाहरूको काम गर्नु हुँदैन।

दोस्रो शर्त अन्तराष्ट्रिय स्तर सम्बन्धी छ - संयुक्त राष्ट्र संघले राष्ट्रिय मानवअधिकार आयोगका लागि ज्यादै उपयोगी प्राथमिकता सूची तोकी दिएको छ। यही प्राथमिकता सुची भित्र मानवअधिकार आयोग सरकारभन्दा पूर्णतः स्वतन्त्र हुनु पर्छ भन्ने पनि छ। यसको आफ्नो स्वतन्त्र वजेट हुनु पर्छ। उदाहरणका लागि वजेट संसदद्वारा छुट्याइनु पर्छ, सरकारद्वारा होइन। मानवअधिकराआयोगले आफ्नो कर्मचारीहरू आफैं नियुक्त गर्नु पर्छ। आयोगले स्वतन्त्र ढंगले काम गर्न पाउनु पर्छ। आयोगको अनुसंधान गर्ने आफ्नै शक्ति हुनु पर्छ। मानवअधिकार उल्लंघनका विषयवस्तुमा हस्तक्षेप गर्ने त्यसको बारेमा पत्तो लगाउने अधिकार मानवअधिकार आयोग संग हुनु पर्छ।

सानो परिवार ... स्वच्छ वातावरण

नेपालमा महिलाको शैक्षिक स्तर र बच्चालाई स्तनपान गराउने अवधिबीच विपरीत सम्बन्ध रहेको देखिएको छ। सन् १९९१ को सर्वेक्षणमा अशिक्षित महिलाहरूले सालाखाला ३१ महिना स्तनपान गराउने गरेको तर माध्यमिक तहसम्म शिक्षा पाएका महिलाहरूले औसतमा २४ महिनामात्र स्तनपान गराउने गरेको पाइएको थियो।

- आमाको दूध खान पाउनु प्रत्येक शिशुको नैसर्गिक अधिकार हो भने आफ्नो शिशुलाई दूध खुवाउनु प्रत्येक आमाको कर्तव्य हो।
- आमाको दूध शिशुका लागि अमृत बराबर हुन्छ।
- हरेक आमाले आफ्नो शिशुलाई कम्तिमा ४ देखि ६ महिनासम्म आफ्नो दूधमात्र खुवाउनु पर्छ किनभने आमाको दूधबाटै शिशुलाई चाहिने पौष्टिक तत्वका साथै रोगविरूद्ध लड्न सक्ने क्षमता प्राप्त हुन्छ।
- स्तनपान गराउनाले आमा र शिशु दुबैको स्वास्थ्य राम्रो हुन्छ। अध्ययनहरूबाट यो पनि थाहा पाइएको छ कि स्तनपान गराउनाले महिलाहरूलाई लाग्नसक्ने स्तनक्यान्सर जस्तो डरलाग्दो रोगबाट पनि धेरै हदसम्म बाँच्न सकिन्छ।
- त्यतिमात्र कहाँ हो र ! स्तनपान गराउनाले त एक बच्चा र अर्को बच्चाको बीचको जन्मान्तरमा पनि मद्दत पुग्दछ।

त्यसैले -

आफ्नो शिशुलाई सकभर लामो अवधिसम्म स्तनपान गराऔं।
आमा र शिशु दुबै सुन्दर, स्वस्थ र सुखी बनौं॥

जनसंख्या तथा वातावरण मन्त्रालय

सम्पादकज्यू,

संचेतना द्वैमासिक "प्राची" पत्रिकाको संसदमा समेत चर्चा परिचर्चा भएकोले बजारमा पत्रिका खोजेर पढें। मैले पढेको पत्रिकाको पुस-माघ ०५३ को अंक ३ थियो। उक्त अंकमा छापिएको आवरण पृष्ठको लेख "भेडा बाख्रा भन्दा सस्ता सांसदहरू" निकै रोचक र समय सापेक्ष पाएँ। नेपालको सन्दर्भमा हेर्दा तीतो यथार्थ पनि त्यही हो। संक्षेपमा पत्रिकाको अध्ययन गर्दा "पजेरोको प्रायश्चित", "जनता नै अगाडि आउनु पछ" र "मन्त्रीहरूको निधारमा कालो टीका" लेखहरू पठनीय लाग्यो।

- कपिल अधिकारी, नुवाकोट

"प्राची" को ०५३ पुस-माघको अंक पढ्न पाइयो। यो मानवअधिकार चेतनामूलक पत्रिका रहेछ। यस भित्रका सबै लेख र रचनाहरू पढ्दा यसले मानवअधिकारका विषयलाई सूक्ष्म रूपले उठाएको देखियो। यस भित्रका हरेक लेख र रचनाहरू संग्रह गर्न उपयुक्त छन्। नेपालको राजनीतिमा देखिएको विकृतिलाई यसले समेटेको रहेछ। यस भन्दा अगाडिको रोल्पाको माओवादी युद्धका विषयमा निक्लेको अंक पढ्न पाएको थिएँ। दुबै अंक पढ्दा उपयुक्त लाग्यो। पत्रिका स्तरीय र नियमित होस् यही नै मेरो कामना छ।

- राजेश सिंखडा, डाँछी, काठमाडौं

संचेतना मासिक "प्राची" को नियमित पाठक रहँदा रहँदै पनि यसको केही अंक हात पार्न सकिन। तर त्यस पछाडिका अंकहरूले मलाई यति प्रभावित पाऱ्यो कि केही भेटे जस्तो, केही पाए जस्तो आफ्नो मनले खोजेको कुरो आफै आए जस्तो, जसलाई म शब्दमा व्यक्त गर्न सक्दिन। जागरण पत्रकारिताको क्षेत्रमा तपाईंहरूको सक्रियतालाई साधुवाद छ।

वर्ष ५ अंक ३ मा कुन्दन अर्यालको "पजेरोको प्रायश्चित" भन्ने कसी एकदमै प्रभावकारी र संचेतनापूर्ण छ। यस लेखले "पजेरो प्रेमी" महानुभावहरूका मनमा कतै केही चिजले च्वास्स घोचे जस्तो, कतै मनको अन्तर कुन्तर दुःखेको भान अवश्य हुनु पर्दछ। त्यस्तै "आख्यान" अन्तरगत देविका तिमिल्सिनाको "अँधेरो अझै थपिइरहेको छ" ले समाजको यथार्थतालाई प्रष्ट्याएको छ। निरन्तर सफलताको लागि कामना

- लक्ष्मी दाहाल, सुकुना बहुमुखी क्याम्पस

जल्दो बल्दो फुच्चे नेपाल

मनु ब्राजाकी

मुसाले आधा खाएको स्याउजस्तै खण्डित र विकृत जून थाप्लोमाथि रून्चे हाँसो हाँसिरहेछ। रात्रिको अन्तिम प्रहर हुनाले हावा पानि कठ्याग्रिंएर बग्न छोडेको छ। आधा फुटपाथ र सडकको समेत केही भाग ढाकेर एउटा ठूलो फोहर-मैलाको थुप्रो कुन्नि के को हो मफौलाखाले बोटतल दुर्गन्ध फिंजाइरहेछ। त्यही मफौलाखाले बोटतल एउटा खाते केटो कागजपत्रहरूले छोपिएर लगलग काम्दै अर्धनिन्द्रामा बर्बराउँदै छ।

"परजातन्त- जिन्दाबाद।"
"राष्ट्रिता - जिन्दावाद। "
"समाजबाद- जिन्दावाद।"

आठ-नौ वर्षे यो गोरो केटोले कांग्रेसका पर्चा-पोष्टरहरू ओच्छ्याएको छ, रा.प्र.पा. को पर्चा-पोष्टरहरूको सिरानी हालेको छ, एमालेका पर्चा-पोष्टरहरू ओढेको छ र आफ्ना हिउँ जस्ता चीसा गोडा ढाक्न सद्भावना पार्टीका पर्चा-पोष्टरहरूले छोप्ने जमर्को गरेको छ। यिनै पर्चा-पोष्टरहरू भित्र उ मैलो र फुत्रे गञ्जी, दस ठाउँमा भ्वाङ्ग परेको स्वीटर र पिंधमा फाटेको कट्टु लगाएर गुडुँल्किएको छ, अनि जाडो धवाडन अघिभन्दा अलि जोडले बर्बराउँदै छ।

"कांग्रेसलाई भोट देउ।"
"रापपालाई भोट देउ।"
"एमालेलाई भोट देउ।"
"सद्भावनालाई भोट देउ।"
"भोट देउ---भोट देउ-----जिन्दावाद।"

२०५३ साल माघ ११ गतेको उपनिर्वाचन समाप्त भइसक्यो। जित्नेले जितिसके, हार्नेले हारिसके। जित्नेहरूको गर्वोक्ति र हार्नेहरूको "हरूवा गोरूको छेरूवा दाउ" को तर्क-वितर्क वारे उसलाई केही थाहा छैन। उसलाई मात्रै होइन उसका सातैजना डफ्फालाइ पनि वास्ता छैन। वास्ता छ भने यत्ति छ- भोकले रून नपरोस्, जाडोले कठाङ्गिन नपरोस र घामले डढनु नपरोस्।

उ कहाँबाट र किन आयो कसैलाई थाहा छैन। तर आयो र उसको अस्तित्व छ। त्यसै हुनाले उसको नाम पनि छ। फोहर-मैलाका त थरि थरि नामहरू हुन्छन भने उसको नाम नहुने कुरै भएन। अतः उसका पनि अनेक नाम छन्। जोसुकैलाई पनि नाम अरूले नै दिएको हुन्छ। त्यसै हुनाले उसका साथिहरूमध्ये कसैले उसलाई गोरे नेपाली भन्छ, कसैले कान्छा नेपाली भन्छ, कसैले खाते नेपाली भन्छ। तर आफूले पनि आफ्नो रूचिको नाम राख्ने चलन हुँदा उसले आफ्नो नाम राखेको छ- खड्ग नेपाल।

चुनाउँ आउँदा खड्ग नेपाल रमाउँदा नारा, जुलुस,झण्डा, भाषण, मानिसका ताँती, मोटरका ताँती, पर्चा-पोष्टर, पैसाको छेलोखेलो, भोजको रामाइलोले उसको अबोध चेतना गजपले बिउँजिन्छ। यस बेला उ खड्ग झैं टल्किन्छ, नेपाल झैं मख्ख पर्छ। उ र उसको डफ्फा सबै पार्टीका चुनाउ कार्यालय घाउँछन्- पर्चा बाँड्छन, पोष्टर टाँस्छन्, नारा लगाउँछन्, जुलुसमा सामेल हुन्छन् र मौका परे भोज खान्छन् र दस-पाँच रूपैयाँ पनि पाउँछन। यस्तो बेला डफ्फाको बलियो बाङ्गो साथिले पाएको दस-पाँच खोस्न पनि बेर

लगाउँदैन। तर पर्चा-पोष्टर भने उनहिरूका लागि अत्यन्त लाभदायक हुन्छ। उब्रेको अथवा उबारिएको पर्चा-पोष्टर आगो बालेर र ओढेर -ओच्छ्याएर जाडो धपाउन सकिन्छ। पसलमा बेचेर एकदुई मुठ्ठी च्युरा र भटमास पनि पाउन सकिन्छ।

यो टोलको यस सानो क्षेत्रमा यी सातजना खातेहरू मध्ये छ जनाको उमेर बाह्र-चौध भन्दा बढी नाघेको छैन। डफ्फाको सातौं सदस्य भने झण्डै अधबैंसे छ। निरस्वर कालो, खवटे अनुहार, दुब्लो-पातलो, राता आँखा र सनासा जस्ता औंला। नेपाली चरेसको औधि प्रेमी। आफ्नो चरेसको कोटा पूरा गर्न उ छ वटै खाते केटाहरूको कमाई लुट्न पुरूषर्थी छ। समलीङ्गी हुनाले यदाकदा चरेसको नसामा केटाहरूको यौन शोषण गर्न पनि पछि पर्दैनन। यी छ वटा खाते केटाहरू कहाँबाट आए सो कुरा ती छ वटा केटाहरूलाई पनि थाहा छैन, तर उ कहाँबाट आयो भन्ने छ वटै केटाहरूलाई थाहा छ।

उ स्वयं भन्छ, "म इण्डियाबाट आएको", कहिले उ कलकत्ताबाट आउँछ, कहिले दिल्लीबाट आउँछ, कहिले बम्बैबाट आउँछ। जहाँसुकैबाट आएको होस् , तर उ यहाँ आएको छ-सात वर्ष भइसकेकोले नेपाली भाषा राम्रै भट्याउँछ। र भन्छ -

"केटा हो, मसित बम्बै जानछौ?"

फुच्चे खड्ग नेपाल सबैलाई उछिनेर सोध्छ- "हमको हिरो बनाएगा ?"

"अरे तुमको तो हम हिरोइन बनाएगा, साला गाँडु नेपाल" अनि उ चरेसको नसामा आफ्ना खियापरेका दाँत देखाएर हाँस्छ, "हो-हो-हो-हो-हे-हे।"

फुच्चे खड्ग नेपाल डराएर अलि पर सर्छ। अरू केटाहरू हाँस्न थाल्छन्।

" जा, आजको कोटा ल्याउने काम तेरो।" उ आदेश दिन्छ।

पैसा छैन भनेर फुच्चे खड्ग नेपाल मुण्टो हल्लाउँछ। उसका राता आँखा फुकेको फिलिङ्गो झैं बल्न थाल्छन्। झम्टौंला झैं गरी बम्किन्छ- "तो, खोल पैण्ट साला गाँडु नेपाल खोलता है कि नहीं ?"

डरले सबै केटाहरू त्यहाँबाट सुइँकुच्चा ठोक्छन्। उ फुटपाथ छेउको रूख तल चरेसको नसामा झेक्राएर बर्बराइरारख्छ - "साला चुनाव भी चला गया-----प्रजातन्त्र भी जाएगा क्या ?"

चुनाउताका उसलाई पनि फलिफाप हुन्छ। केटाहरूको कमाइ बढ्नाले उसको पनि

"पशुपतिको जात्रा सिद्राको बेपार" गर्न नेपाल पसेको उ पहिला-पहिला ब्लेडले दाह्री खौरिने र कैंचीले कपाल काट्ने गर्दथ्यो, पछि पछि ब्लेड र कैंचीको कमाल उसले मानिसहरूका गोजी र व्यागमा देखाउन थाल्यो। यसप्रकार उसको परिचय र हिमचिम प्रहरीहरूसित पनि भयो। चरेस लगायत अन्य लागु पदार्थ, जसमध्ये गलैंचे केटीहरू पनि पर्दछन्, सित उसको सम्बन्ध घनिष्ट हुँदै गयो। यसै सम्बन्धलाई विस्तार गर्न उ बेला बेलामा नेपाल -भारत बोर्डर वार-पार गरिरहन्छ। उसलाई नेपाल-भारत सिमाना फुच्चे खाते खड्ग नेपालको कट्टु जस्तै हवाङ्ग लाग्छ।

लुटपाटको कमाई बढ्छ। दिल्ली, कलकत्ता र बम्बैको धाक लगाए तापनि उ मोतिहारी-सोतीहारीतिरबाटै आएको हो। "पशुपतिको जात्रा सिद्राको बेपार" गर्न नेपाल पसेको उ पहिला-पहिला ब्लेडले दाह्री खौरिने र कैंचीले कपाल काट्ने गर्दथ्यो, पछि पछि ब्लेड र कैंचीको कमाल उसले मानिसहरूका गोजी र व्यागमा देखाउन थाल्यो। यसप्रकार उसको परिचय र हिमचिम प्रहरीहरूसित पनि भयो। चरेस लगायत अन्य लागु पदार्थ, जसमध्ये गलैंचे केटीहरू पनि पर्दछन्, सित उसको सम्बन्ध घनिष्ट हुँदै गयो। यसै सम्बन्धलाई विस्तार गर्न उ बेला बेलामा नेपाल -भारत बोर्डर वार-पार गरिरहन्छ। उसलाई नेपाल-भारत सिमाना फुच्चे खाते खड्ग नेपालको कट्टु जस्तै हवाङ्ग लाग्छ। उ कहाँ खान्छ, कहाँ सुत्छ, यी ६वटै खाते केटाहरूलाई थाहा छैन। तर एउटा कुरा थाहा छ, उ आफ्नो चरेसको कोटा पूरा गर्न भने कताकताबाट टुपलुक्क आइपुग्छ। विशेष गरी राती त आउँछ, आउँछ। र आएर सबै भन्दा दुःख फुच्चे खड्ग नेपालीलाई नै दिन्छ। झुत्रे कट्टुको गोजी पनि खोतल्छ र कट्टु समेत फुकाल्न थाल्छ।

आज चरेस खाँदा खँदा रात्रिको यस अन्तिम प्रहरमा उसको नसा उन्मादको उच्च शिखरमा पुगिसकेको छ। राती १० वजे देखि नै उ यो टोलभरि ६वटै खाते केटाहरूलाई धुइँधुइँती खोज्दैछ, विषेश गरी खड्ग नेपाललाई। अन्य पाँचजना केटाहरू त कता लुके कता, तर खड्ग नेपाललाई तीन-तीन पटक भेट्टाएर पनि फुत्केको हुनाले उ रिसले रन्थनिएको छ। बल्ल-बल्ल रात्रिको यस अन्तिम प्रहरमा उसले फुच्चे खड्ग नेपाललाई फोहर-मैलाको डंगुरछेउ, मझै लाखालको रूखतल, फुटपाथमा, चुनाउका पर्चा-पोष्टरहरूले छोपिएर लगलग काम्दै गरेको भेट्टायो। रिसले दाह्रा किट्दै बर्बरायो - "साला गाँड नेपाल, जाडा लगता है----------सरकाइलो कटिया कि जाडा लागे।"

अनि चरेसी मोतीहारीवालाले एउटा चरेस हालेको चुरोट अझै सल्कायो र बलेको सलाईको काँटीमा खड्ग नेपालको गोडा ढाकेको सद्भावना पार्टीको पोष्टरहरूको एक मुठो बालेर एमालेका पोष्टरहरूले ढाकेको जिउमा झोसिदियो। पहिला त खड्ग नेपाललाई न्यानो लाग्यो तर एक्कासी पोल्न थाले पछि उ बुरूक्क उफियो। तर यति बेलासम्म उसका झुत्रे लुगा समेत बल्न थालिसकेका थिए।

फोहर-मैलाको डंगुरको दुर्गन्धमा, मझौला रूखतल, फुटपाथमा , जल्दो बल्दो फुच्चे नेपाललाई देखेर मुसाले आधा खाएको स्याउ जस्तो खण्डित र विकृत जून रूञ्चे हाँसो हाँस्दै आकाशबाट टोलाएर हेरिरहन्छ।

संयुक्त राष्ट्र संघद्वारा सन् १९४८ मा जारी गरिएको मानवअधिकारहरुको विश्वव्यापी घोषणा पत्रका तीस वटै धाराहरुको गीती रुपान्तरण

मूल्य रु. ३५/-

१. अन्तराष्ट्रिय जातिदिवस कहिले पर्दछ ?

(क) जनवरी २१ (ख) मे २१ (ग) मे १६

२. मानवअधिकार दिवस कहिले पर्दछ ?

(क) अप्रिल १० (ख) अप्रिल १२ (ग) डिसेम्बर १०

३. रेडक्रस दिवस कहिले पर्दछ ?

(क) मार्च ८ (ख) जनवरी ८ (ग) मे ८

४. अन्तराष्ट्रिय शान्ति दिवस कहिले मनाइन्छ ?

(क) अगष्ट २ (ख) अगष्ट ७ (ग) अगष्ट २२

५. नेपाल अधिराज्यको संविधान २०४७ को तर्जुमा गर्न संविधान सुझव आयोगको गठन कहिले गरियो ?

(क) ०४७ बैशाख १६ (ख) ०४७ बैशाख २८ (ग) ०४७ जेष्ठ १६

६. नेपाल संयुक्त राष्ट्र संघको सदस्य कहिले बन्यो ?

(क) १४ सेप्टेम्वर १९५५ (ख) १४ डिसेम्बर १८५५
(ख) १४ डिसेम्बर १९५५

७. "प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक संगठन वा दलका उमेदवारहरू मध्ये कम्तिमा पाँच प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य छ" उपरोक्त वाक्यसं संविधानको कतिऔं धारामा छ।

(क) धारा ११२ (ख) धारा ११३ (ग) धारा ११४

शुभकामना

नव वर्ष २०५४ को सुखद उपलक्ष्यमा सम्पूर्ण देशवासीहरुमा हार्दिक तथा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

व्यापार प्रवर्द्धन केन्द्र
स्टावेक्स परियोजना
पाटन ढोका, ललितपुर

८. "संघ र संस्था खोल्ने स्वतन्त्रता" कुन हक अन्तर्गत पर्दछ ?

(क) स्वतन्त्रताको हक (ख) समानताको हक (ग) सूचनाको हक

९. इन्सेकबाट प्रकाशित हुने वर्ष पुस्तक प्रत्येक वर्ष कुन महिनामा कति गते निस्कन्छ ?

(क) फागुन ७ गते (ख) चैत्र २७ गते (ग) वैशाख १ गते

१०. १ मई आन्दोलनको सुरूवात कहिले भएको थियो ?

(क) सन् १९१० (ख) सन् १८१० (ग) सन् १८८६

११. मानवतावादी जय पृथ्वी बहादुर सिंहको मृत्यु कहिले भएको थियो ?

(क) वि.स. २००४ (ख) वि.स. २००१ (ग) वि.स. १९९७

१२. वरिष्ठ राजनीतिमा गणेश मान सिंहको नेपालका मानवअधिकारवादी संस्थाहरू द्वारा कहिले अभिनन्दन गरिएको थियो ?

(क) ०४९ चैत्र २७ गते (ख) ०५० चैत्र २७ (ग) २०५१ चैत्र २७ गते

१३. वादी समुदाय कुन जिल्लामा बढि बसोबास गरेको पाईन्छ

(क) मनाङ्ग (ख) सिन्धुपाल्चोक (ग) दाङ्ग

१४. नेपालको इतिहासमा " विखे नगर्ची " नाम कुन राजा संग सम्बन्धित छ।

(क) पृथ्वी नारायण शाह (ख) पृथ्वी वीर विक्रम शाह
(ग) राजेन्द्र वीर विक्रम शाह

१५. संविधानमा संशोधन नहुने धारा कुन हो ?

(क) धारा ११४ (ख) ११६ (ग) धारा ३

१६. बहुदलिय व्यवस्थाको घोषणा पश्चात अन्तरिम मन्त्रि परिषदको गठन कहिले भयो ?

(क) ०४७ वैशाख १६ गते (ख) ०४७ वैशाख ६गते
(ग) ०४७ वैशाख १३ गते

उत्तरहरु

१. जनवरी २१ — १. चैत्र २७ गते
२. डिसेम्बर १० — १०. सन् १८६६
३. मे ८ — ११. वि.सं १९९६
४. अगष्ट ७ — १२. ०५१ चैत्र २७ गते
५. ०४७ जेष्ठ १६ — १३. दाङ्ग
६. १४ डिसेम्बर १९५५ — १४. पृथ्वी नारायण शाह
७. धारा ११४ — १५. धारा ११६
८. स्वतन्त्रताको हक — १६. ०४७ वैशाख ६ गते

प्राची सर्वोच्च अदालत र संसदमा

गत ०५२ साल फागुन १ गतेदेखि नेकपा (माओवादी) ले आम जनसमुदायलाई जनयुद्धको बाटोमा अघि बढ्न अपिल गरेको थियो। त्यसपछिका दिनहरूमा आन्दोलनको नाउँमा विभिन्न जिल्लामा गरी सयौंको संख्यामा मानिसहरूको ज्यान गयो। यही विषयलाई लिएर हाम्रो प्रकाशन प्राचीको अंक १ पूर्णाङ्क १७, ०५३ मदौ- असोजको अंकमा माओवादी जनयुद्धका क्रममा तत्कालीन प्रहरी प्रशासन र सरकारले गरेको ज्यादतीको यथार्थ स्थलगत प्रतिवेदन हामीले प्रकाशित गरेका थियौं। उक्त अंकमा रोल्पा, रूकुम, जाजरकोट आदि जिल्लाहरूमा माओवादी आन्दोलनको क्रममा सरकारी पक्षबाट भएको ज्यादति र अत्याचारका समाचार लेख आदि प्रकाशित भएका थिए। त्यस अंकमा "ढुकुरभन्दा सहजै मानिस मारिन्छन्", "रूकुममा अत्याचारको सीमा छैन", "त्यसपछिको अवस्था झनै बिग्रियो", "अमूक मान्छे अनाहकमा मरे" र "मानवअधिकारवादीहरूको धारणा" आदि शीर्षकमा लेखहरू केन्द्रित थिए। साथै उक्त लेखहरूमा माओवादीहरूको नाममा प्रहरीद्वारा मारिएकाहरूको नाम, थर, स्थान समेत करीब ६० जनाको नाम पनि छापिएको थियो।

प्राचीको उक्त अंक बजारमा आएपछि देशको राजधानी लगायत विभिन्न भागमा ती घटनाहरूको समाचारका बारेमा निकै सनसनी, टिकाटीप्पनी र चर्चा पायो। धेरैलाई माओवादी आन्दोलनमा भएका ज्यादतिहरूको बारेमा जानकारी भयो। साथै यही पत्रिकाको उक्त अंकको आधारमा माओवादी जनयुद्ध सर्वोच्च अदालतमा समेत पुग्यो।

माओवादी जनयुद्धको क्रममा सरकारले अपनाएको दमन र आमहत्याको विरूद्धमा कानून व्यवसायी अमरबहादुर राउत लगायत ४ जना कानून व्यवसायीहरूले तत्कालीन सरकार र पदाधिकारी विरूद्ध अदालतमा रिट निवेदन मिति ०५३।५।१८ मा दर्ता गराउनु भयो। माननीय न्यायाधीश केदारनाथ उपाध्यायले विपक्षीहरूलाई ०५३ कार्तिक १३ को मितिमा कारण देखाउ आदेश जारी गर्नु भयो। अदालतमा निवेदकको माग बमोजिम आदेश किन गर्न नपर्ने हो? के कुन कानूनी आधारमा उक्त क्रिया भए गरेका हुन्? कारण सहित उपस्थित हुन तत्कालीन मन्त्री परिषद्को सचिवालय, गृहमन्त्री र उल्लेख गरिएका जिल्लाहरूका प्रमुख जिल्ला अधिकारीहरूलाई आदेश जारी भयो। प्रमुख जिल्ला अधिकारीहरूमा रोल्पा, रूकुम, जाजरकोट, गोर्खा, सिन्धुली र प्युठान जिल्लाका हुनुहुन्छ। ती अधिकारीहरूले अब उक्त हत्याका बारेमा अदालत समक्ष कारण देखाउँदै जवाफ पेश गर्नु पर्ने भएको छ।

उक्त रिट निवेदनमा नेपालको संविधान ०४७ ले राजनीतिक पार्टीहरूलाई प्रतिबन्ध लगाउन नपाइने व्यवस्था गरेकोले माओवादी भएकै कारणले हत्या गर्न नहुने, आतंकवादलाई कुनै पनि कारणले प्रमाणित नगरेकोले आतंकवादको नाउँमा हत्या गर्न नहुने, कसूर बिना कसैलाई पनि गिरफ्तार गर्न, मुद्दा चलाउन नपाइने कुरा स्पष्टसंग उल्लेख गरिएको छ। वालवालिका सम्बन्धी ऐन ०४८ विपरित वाल हत्या र वालकलाई यातना दिन नपाइने जस्ता कानूनी प्रावधानको उल्लंघन गरेको कुरा उल्लेख भएका थिए। प्रहरी साथमा सत्ता पक्षीय नेपाली कांग्रेसका कार्यकर्ताहरूले अनाधिकृत रूपमा प्रहरीको साथ लागी दमन कार्यमा सम्लग्न भएको तथा नेपालको प्रचलित कुनै पनि कानूनले नागरिकको हत्या गर्न पाइने व्यवस्था नगरेकोले ती सम्पूर्ण कार्यहरू संविधानको भावना विपरित भएकोले त्यस्तो कार्यमा सम्लग्न सरकारी कर्मचारी तथा प्रहरीहरूलाई विभागीय कार्वाही गर्नु भनी नेपालको अधिराज्यको संविधान ०४७ को धारा ८८(२) बमोजिम रिट निवेदनमा उल्लेख गरिएको छ। उक्त घटनाको यथार्थ विवरण अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित प्राची पत्रिकाबाट लिई उक्त पत्रिका प्रमाणको लागि अदालतमा समेत पेश गरिएको थियो। उक्त मुद्दामा निवेदकको तर्फबाट अधिवक्ता टिकाराम भट्टराईले वहस गर्नु भएको थियो।

यसरी नै प्राची सचेतना द्वैमासिकको वर्ष ५ अंक ३, ०५३ पुस-माघको अंकमा

"भेंडा-बाख्राभन्दा सस्ता सांसदहरू" शीर्षकमा आवरण लेख लेखिएको थियो। पत्रिकाको आवरण पृष्ठमा वाख्राहरूको बथान सहितको तस्वीर र केही पूर्व मन्त्रीहरूका तस्वीर समेत आकर्षक ढंगले छापिएको थियो। नेपाली राजनीतिको यथार्थ तीतो ढंगले प्रस्तुत गरिएको थियो।

पत्रिकाको सन्दर्भमा विगत ०५३ साल पुस महिनामा तत्कालीन देउवा सरकारविरूद्ध प्रतिनिधि सभामा दोस्रो पटक अविश्वासको समयमा देखिएको वास्तविक घटनालाई समेटेर बनाएको उक्त समाचार विश्लेषण थियो। बिगतमा अविश्वास प्रस्तावको पक्ष र विपक्षमा सांसदहरू बाँडिदा केही सांसदहरू खसि बोका जस्तै गरी विक्री भएका घटनाहरू त्यस समयमा छापाहरूले प्रमुख महत्वका साथ छापेका थिए। उक्त लेखले सम्पूर्ण सांसदहरूको गरिमालाई घटाउने भन्दा बढाउने काम गरेको देखियो। उक्त लेखले मूलतः सबै सांसदहरूलाई भन्दा पनि केही भेंडा-बाख्रा भन्दा सस्ता भएका सांसदहरूको मर्म माथि भने अवश्य चोट पुऱ्याएको हुनु पर्दछ। यसै विषयलाई लिएर संसदको ११ औं अधिवेशनको वैठकमा ०५३ चैत ४ गते यस लेखको सन्दर्भमा केही सांसदहरूले संसदमा प्रश्न समेत उठाउनु भयो। यसरी प्रश्न उठाउनेहरूमा नेकपा (एमाले) का हरिवैरागी दाहालले उक्त अंकको लेखले सांसदहरूको मर्यादा घटाएको विचार व्यक्त गर्दै अगाडि भन्नुभयो- "प्राची भन्ने पत्रिकाले सांसदहरूलाई भेंडा बाख्रा बनाएको छ, यदि सांसदहरू भेंडा बाख्रा हुन् भन्ने ठहर यो सभाले गर्छ भने म राजिनामा दिन तयार छु" भन्नु भयो। यसरी नै उक्त दिनमा संसदमा सांसदहरूका विचारहरूलाई रेडियो नेपाल, नेपाल टेलिभिजनबाट समेत प्राचीको हवाला दिंदै समाचार प्रशारित भएको थियो। साथै यसै समाचारलाई हिमालय टाइम्स, लोकपत्र, समाचारपत्र र सगरमाथा दैनिकको मिति ०५३ चैत ५ गतेको अंकमा सांसदको विचार दिने क्रममा प्राचीका सम्बन्धमा उक्त कुरा छापिएको थियो।

पार्टीको नाम

विवश वस्ती

"पार्टी- उत्सव" को मौसम थियो।

पार्टी-उत्सवमा हरेक नेताहरू प्रतिबाद्धताका मुठ्ठी उठाउँछन्। शहीदहरूप्रति पूर्णत कृतज्ञ हुन्छन्। तर, मौनधारणका स्वभाव, आशन र परिपाटीमा कुनै नयाँ पन देखिदैन। शहीदहरूको एकमुष्ठ सम्झना गरिन्छन्। प्रत्येक पार्टी यो समस्याबाट मुक्त छैनन्।

"पार्टी-उत्सव" लाई यसपालि कुन ढंगले कुन स्वभावले वा कुन होडवाजीले मनाउने? एउटा गम्भीर खड्गो पार्टीभित्र उब्जियो।

पार्टीको आपतकालिन वैठक बस्यो। अर्थात्, डाकियो। आपतिकालिनको अर्थ हाम्रा राजनीतिक पार्टीहरूमा गहिरो छ। कुनै षडयन्त्र गर्नु पर्‍यो भने जनतालाई मुर्ख तुल्याउन सकिने प्रोपोगाण्डाहरू भेट्याइयो भने पार्टीले "आपतकालिन" को भजन गाउँछ।

वैठक बस्यो। एउटै पार्टीका भिन्न-भिन्न विचारका, भिन्न-भिन्न नेताहरूद्वारा भिन्न-भिन्न एजेण्डाहरू अघि सारिए।

एकजना व्यापारी नेता एउटा एजेण्डा अगाडि सार्दै चिच्याए- "सभापति ज्यू, मेरो एजेण्डाको विषय छ- पार्टीको नाम। प्रथमतः त्यही एजेण्डामा छलफल होस्।"

"पार्टीको नाम?" साधु नेताले आश्चर्य प्रकट गरे।

- "के तपाई पार्टीको नाम फेर्ने कुरा गर्दै हुनुहुन्छ।" अर्को क्रान्तिकारी नेताले एजेण्डा प्रस्तुत गर्ने नेतालाई सातो खाने गरी हप्काए।

सन्नाटा छायो। वैठकमा सुनसानपन भित्रियो। एउटा नेताले अर्को नेतालाई ससंकित दृष्टिले हेर्ने क्रम गजवले चल्यो।

"किन गर्नु पर्‍यो, पार्टीको नाममाथि छलफल?" मौनतालाई तोडदै एकजना तस्कर नेताले बोल्यो।

-"आज, प्रत्येक नेता, कार्यकर्ताहरूले र जसले पायो त्यसैले पार्टीको नाम बेच्ने काम गरिरहेका छन्।" एजेण्डा प्रस्तुत गर्ने नेताले आफ्नो तर्क राखे।

-"तपाई झुठ बोल्दै हुनुहुन्छ।" व्यापारी नेता कड्किए। र, झन उत्तेजनामा आउने शब्द खोज्दै उफिए- "तपाइ मलाई नै औंल्याएर भन्दै हुनुहुन्छ।"

"तपाईहरू दुवै जना भ्रममा हुनुहुन्छ। पार्टी बजारमा बेच्न राखिएका फलफूल होइन, कुनै खाद्य सामग्री पनि होइन र होइन मिठाई पनि। आखिर, केही पनि होइन भने कसरी बेचबिखनको कुरा आयो? यो विपक्षीहरूले लगाइदिएको झगडा मात्रै हो। शत्रुहरूबाट कदम-कदममा होशियारी अपनाउनु पर्छ।" पार्टी भित्रका मध्यस्थकर्ता नेताको शब्द थियो।

"होइन, पार्टीको नाम तीब्रगतिमा बेच्ने काम चलिरहेको छ। रोकथाम, रोकथाम...।" आफ्नो अडानमा अडिग हुँदै एजेण्डा-नेताले चिच्याए।

एकजना डाकु नेता आश्चर्य मान्दै बोल्यो- "वाफ रे! हाम्रो पार्टी पनि त्यति मूल्यवान बनिसक्यो, बेचबिखनको कुरा चल्छ।"

"हेर्नुस्, हाम्रो पार्टीको नाम कसैले पनि बेच्न सक्दैन। यदि, कसैले बेच्ने हिम्मत गरिहाल्यो भने पनि तत्काल किन्ने मान्छे भेट्टाइदैन। किन्ने मान्छे भेटिइहाल्यो भने मोलमोलाइ मिल्दैन। मोलमोलाई नमिलेपछि पार्टी कसरी विक्री हुन्छ? एकजना तर्क नेताले तर्कको तारो हाने।

तर्कको तारोले न त एजेण्डा नेता घायल भए, न त अरू नेताहरू नै। एजेण्डा नेता एकोहोरो चिच्याइरहे- "पार्टीको नाम बेचिदैछ।"

निकै बेरसम्मको हल्लीखल्ली पश्चात पार्टी सभापतिले आफ्नो भनाइ राखे- "हाम्रो पार्टीको नाम यदी साँच्ची नै बेच्ने काम भइरहरको छ भने कुरा गम्भीर छ...।"

"यदि कसैले हाम्रो पार्टीको नाम बेचेर रकम कुम्ल्याउने दाउ गर्छ भने कमिशनको कुरा चलाइ हाल्नु पर्छ।" कमिशनको नेताको आग्रह थियो।

"सभापतिज्यू, म हजुरको आज्ञा पाए, पार्टीको नाम बेच्नेहरूको सूची पढ्छु।" एजेण्डा- नेताले खल्तीबाट तीन पाना लामो कागज निकाले।

सभापति ज्यूले सहमति जनाउनु भयो।

-"पार्टीको नाम बेच्ने केही तस्करहरू छन् ...।" एजेण्डा- नेताले नाम पढ्यो।

तस्कर नेताले आपत्ति जनाए- "झुठ!"

-"केही डाँकुहरू .....।"

डाकू नेता उफ्रिए "गलत।"

-"केही भलाद्मी विद्वानहरू पनि छन् ....।"

विद्वान-नेता बर्बराए- "पूर्वाग्रही आरोप।"

क्रमशः क्रान्तिकारी -नेता, व्यापारी-नेता, कमिशन-नेता, सबैले एकै स्वरमा कराए- "एजेण्डा-नेतालाई पार्टीभित्र बिग्रह ल्याउन खोजेकोले कार्वाही गरेर निकाल्नु पर्छ।"

"सभापति ज्यू, तस्करहरू नरास्रे हो भने कसरी पार्टी चल्न सक्छ?" तस्कर-नेता बोल्यो।

-"डाकुहरू परिचालित नगरी कसरी पार्टी परिचालित हुन्छ?" डाकु-नेता उफ्रिए।

सभापतीज्यूको सहमतिमा मुन्टो हल्लियो।

एजेण्डा-नेता चुप लागे।

लामो समयसम्मको वाद, विवाद, प्रतिवाद र सम्वादका निचोड स्वरूप "पार्टी-उत्सव" को दिन "पार्टीको नाम" मा गर्व गर्ने निर्णय गरियो।

मौषम, "पार्टी-उत्सव" को थियो।

शहीदहरू प्रति "सच्चा श्रद्धाञ्जली" गर्न फूलमालाको व्यवस्थापन हुँदै थियो। "मौनधारण" गर्ने नयाँ शैलीको खोजी हुँदै थियो। आखिर, "पार्टी-उत्सव" को मौषम न थियो।

का.रा.जा.का.द.न. २१/४९/५०

प्रतीमा छापिने गरेका जस्तै कुराहरु रेडियो नेपालमा पनि सुन्न सकिन्छ

मानवअधिकार शिक्षा कार्यक्रम
हरेक शनिवार विहान ८:३० बजे
रेडियो नेपालमा